
पुस २७, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# असुरक्षित मधेस

मूल्य रु. २५





चूडामणि वाग्ले

आफन्तको आँसु : आफ्ना प्रियजन ज्वाला सिंह समूहको तारो बनेपछि विह्वल मुद्रामा आफन्तहरू




वर्ष ३, अंक १३८, पुस २१–२७, २०६३




आवरण : ज्वाला सिंह समूहको आक्रमणमा अनाहकमा प्रियजनले ज्यान गुमाएपछि शोकविह्वल भएका आफन्तहरू ।

*तस्बिर : चूडामणि वाग्ले*


**आवरण :** जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट फुटेको ज्वाला सिंह समूहले तराईका सगरमाथा र जनकपुर अञ्चलमा आतङ्क मचाइरहे पनि सरकारले यसलाई खासै गम्भीरतापूर्वक लिएको छैन । अनाहकमा सर्वसाधारण मारिन थालेपछि तराईवासी र पूर्व–पश्चिम राजमार्गमा यात्रा गर्नेहरूको भने निद्रा उडेको छ ३०

**शिक्षा**

निजी विद्यालयहरू राष्ट्रियकरण होलान् ? १६

**रिपोर्ट**

मानव बेचबिखन रोक्न नयाँ कानुन २०

निजामती सेवाको नयाँ सोचपत्र २४

मधेसमा अपहरणको व्यापार ३४

**राजनीति**

किन ढिलाइ भइरहेको छ अन्तरिम संविधान जारी गर्न ? २८

**समाज**

दिनबन्धुको पुराणवाचन सुन्न वामदेवदेखि लीलामणिसम्म ४४

**पर्यटन**

'भिजिट पोखरा' त सुरु भयो तर सफलताका लागि प्रशस्त चुनौती छन् ४६

**खेलकुद**

फुटबल संघको अपारदर्शितालाई लिएर गणेश थापालाई घेर्ने तयारी ४८





**रंग :** पहिलेजस्तो छपक्क सुनका गहना लगाएर हिंड्ने चलन घट्दै गएको छ ५६

सम्पादकीय ........ ५

चसक ........ ६

डाँक ........ ८

टिपोट ........ १०

मुलुक ........ १२

साहित्य ........ ५१

अनुहार ........ ५७

शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

कार्यालय ठेगाना :
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# दुर्घटनाको संकेत

## सम्पादकीय

**नेपालगन्जमा** राष्ट्रविरोधी साम्प्रदायिक शक्तिहरूको छटपटी हाललाई शिथिल भएको देखिए पनि सरकार, सत्ताधारी दलहरू तथा माओवादीले त्यस्ता शक्तिलाई राजनीतिक रुपमा समाप्त पार्नेतर्फ कुनै सशक्त कदम उठाएको देखिँदैन । त्यसैले मौका पाउनेबित्तिकै वा त स्वतन्त्ररुपमा वा अन्य कुनै शक्तिको आडमा ती शक्तिहरू सलबलाउने सम्भावना यथावत् नै छ । अझ, राजनीतिक अस्थिरता व्याप्त रहेमा वा राज्य अहिलेजस्तै आधिकारिकता शून्य र लाचार रहिरहेमा तथा राज्य र प्रमुख राजनीति शक्तिहरू आफ्नै वचन पालन नगरी विश्वसनीयता गुमाउन पुगेमा त्यसबाट उत्पन्न हुने परिस्थिति साम्प्रदायिक शक्तिहरू मात्र हैन, मुलुकमा अस्थिरता र अराजकता उत्पन्न गर्न चाहने कुनै पनि शक्तिका लागि अनुकूल बन्नेछ ।


प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच मुलुकमा शान्ति व्यवस्था कायम राख्न अत्यावश्यक प्रहरी चौकीहरू विभिन्न स्थानमा पुनःस्थापनाका लागि भएको 'सहमति'बारेको विवादले दुई नेता मात्र हैन, उनीहरूले प्रतिनिधित्व गर्ने सरकार तथा माओवादी दलकै विश्वसनीयता घटाएको छ । र, प्रत्यक्षरुपमा दुई नेताका साथै सरकार र विद्रोही शक्ति संविधानसभाको निर्वाचन गर्न कति इमानदार छन्, त्यसबारे पनि प्रश्न चिन्ह उठ्न थालेको छ । यो द्विविधा जारी रहँदा आ-आफ्ना तर्फबाट गरिएका प्रतिज्ञा पूरा गर्न नैतिक दबाब दिनुपर्ने नागरिक समाजसमेत अराजकता तथा द्वन्द्वलाई प्रोत्साहित गर्ने अडानमा एकपक्षीय रुपमा लाग्नु शुभसंकेत हैन ।



निर्वाचनका लागि अन्तरिम संविधान जारी हुनुपर्ने तथ्य सबैको जानकारीको विषय भए पनि त्यसका लागि हतियार व्यवस्थापन हुनुपर्ने सहमतिअनुसारको माग नउठाएर नागरिक समाजले पनि आफ्नो धर्म मात्र हैन, विश्वसनीयता समेत गुमाउने देखिन्छ ।

निर्वाचन गराउन र संविधान जारी गर्नका लागि आवश्यक सर्त पूरा गर्नेतर्फ सरकार र माओवादी नलागेमा त्यसले मुलुकमा ठूलो दुर्घटना निम्त्याउन सक्छ र त्यसको दोष सायद सरकारलाई जति नै माओवादी नेतृत्वमाथि जानेछ ।

यसैबीच प्रधानमन्त्रीलाई तानाशाह बनाउने संविधानका केही प्रावधानहरूबारे समेत नागरिक समाज र मानवअधिकारको व्यवसाय गर्ने केही संस्थाहरू चुप लाग्नु वैशाख जनआन्दोलनलाई आफ्नो क्षणिक राजनीतिक स्वार्थका रुपमा प्रयोग गर्नु सरह हुनेछ । आवश्यकता सडक आन्दोलन हैन, प्रजातान्त्रिक मान्यता र ढाँचाभित्र स्पष्ट र इमानदार सहमति तथा त्यसको कार्यान्वयनको हो । ■




## समय साता

**मृत्यु**
मधेसमा शीतलहर सुरु भएयता जाडोले कठ्यांग्रिएर ११ जनाभन्दा बढीको मृत्यु। मलेसियामा आएको बाढीमा २ नेपालीसहित १६ को मृत्यु।

**रोक**
नेपालद्वारा घाना, नाइजेरिया, स्वाजिल्यान्ड र जिम्बाबेका नागरिकलाई आगमनमा प्रवेशाज्ञा नदिने घोषणा।

**बेपत्ता**

इन्डोनेसियाको सराबया सहरबाट एक सय दुईजना यात्रु बोकेर मानाडोतर्फ जाँदै गरेको यात्रुवाहक विमान बेपत्ता, दुर्घटना भएको आशंका, खोजी कार्य जारी।

**गिरफ्तार**
अन्तरिम संविधानको घोषणा चाँडै गर्न माग गर्दै बालुवाटार घेर्न पुगेका ६३ जना अधिकारकर्मी गिरफ्तार।

**अनुरोध**
नेपाल नगरपालिका संघद्वारा माओवादीलाई नगरपालिकाका कामहरूमा अवरोध नपुऱ्याइदिन अनुरोध। माओवादीले विभिन्न नगरपालिकाका काममा अवरोध पुऱ्याउन थालेपछि यस्तो अनुरोध सार्वजनिक गरिएको हो।

**पद ग्रहण**

दक्षिण कोरियाका पूर्व विदेशमन्त्री वान की मुनद्वारा सोमवारदेखि विधिवत् रुपमा संयुक्त राष्ट्रसघंको आठौं महासचिव पदभार ग्रहण।

**अन्त्येष्टि**

इराकमा फासी दिएर मारिएका इराकका पूर्व राष्ट्रपति सद्दाम हुसेनको अन्त्येष्टि।

**माग**
माओवादीद्वारा धुलिखेलस्थित राजस्व चेकपोस्टको कार्यालयमा असुली भएको राजस्वको आधा हिस्सा माग।

**निर्देशन**
प्रतिनिधिसभा सार्वजनिक लेखा समितिद्वारा कालो सूचीमा रहेका ठूला ऋणीसँग भाका नाघेका खराब कर्जा असुलीमा कडाइ गर्न नेपाल राष्ट्रबैंक तथा सम्वद्ध बैंकलाई निर्देशन।

**कब्जा**
मुक्ति भएको सात वर्ष बित्न लाग्दा पनि पुनःस्थापनाको कुनै काम नभएको भन्दै मुक्त कमैयाद्वारा राजधानीको तीनकुने क्षेत्र कब्जा, प्लास्टिकका तीसभन्दा बढी छाप्रो निर्माण गरेर बस्न सुरु।

**आदेश**
सरकारले प्रचलनमा ल्याउन लागेको निसाना छाप संविधानसँग बाझिएकाले बदर गर्नुपर्ने माग गर्दै सर्वोच्चमा दायर रिट निवेदनमा अदालतद्वारा सरकारका नाममा कारण देखाउ आदेश जारी।

**सहमति**
संविधानसभाको निर्वाचनका लागि प्रहरी र सचिवलाई गाउँ पठाउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्षबीच सहमति।

**निर्णय**
जनआन्दोलनलाई आफ्नो सारंगीको माध्यमबाट मलजल थप्न मद्दत पुऱ्याएका युवा रुविन गन्धर्वलाई सरकारले नियमित रुपमा आर्थिक सहयोग गर्ने निर्णय।




## वृत्तचित्रको आगत...का सम्बन्धमा

*'समय'* वर्ष ३, अंक १३८ मा प्रकाशित 'वृत्तचित्रको आगत, विगत'माथि नगेन्द्र र दीपा गौतमका पाठक प्रतिक्रियाहरू पढ्न पाएँ। प्रतिक्रियामा दोष देखाउने र होच्याउने मात्र पाठकहरूको मनोवृत्तिभन्दा माथि उठेर दुवैले दिएका सुझाव र सल्लाहको निम्ति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

नगेन्द्रले राखेको सुझाव मेरो लेखको अपूरो अंश मात्र हो, उद्गीत प्रसंगमाथि म स्वयंले एउटा बृहत् पुस्तक नै तयार पार्दै गर्दा प्रेषित लेख *समय* साप्ताहिकको सामयिक संयोजनमा नअटाएको मात्र हो। एसके राईभन्दा अघिल्ला पुस्ताका भारतीय-नेपाली फिल्मकार एनएस थापाबारे पनि लेख्न बाँकी नै रहयो। राईबारे प्रवासी नेपाली फिल्मकारबारे प्रशस्तै चर्चा गरिनेछ। यद्यपि, नगेन्द्रको रुचि र चासोप्रति म आभार र स्नेह राख्न चाहन्छु। अर्को प्रतिक्रियामा दीपाले राखेको विचारमा 'उडन्ते' शब्दको प्रयोगबाहेक अन्य सबै कुराले मलाई त्यसप्रति आकर्षित नै गऱ्यो। महिलाको भूमिकाबारे दीपाको सजगता र सचेतताबारे नेपालमा महिला म्युजिक भिडियो निर्देशकबारे यसै साप्ताहिकमा उनको सम्प्रेष्य विचारसित म अभिज्ञत नै थिएँ, त्यसो हुँदा-हुँदै पनि *'समय'*को स्थानाभावका कारण धेरै अघि-पछिका तथ्य-कुरा छुट्न गएको सत्य हो। सिक्किमबाट अन्तर्राष्ट्रियस्तरमा चर्चित वृत्तचित्र बनाउने सविता थापा क्षेत्री, मीनाक्षी रसाइलीबाहेक नेपालबाटै पहिलो वृत्तचित्र बनाउने चैत्यदेवी सिंह र उनका पति वाका इदाकासितको संयुक्त निर्माणबारे व्याख्या गर्दा समयकालीन चर्चा र वृत्तबाहिर जाने डरले यो मितव्ययिता हुन गएको मात्र हो- कन्जुस्याइँ होइन भन्न रुचाउँछु र छाप्न गएका आलेख र तथ्यहरू प्रामाणिक हुन्, उडन्ते होइनन् भन्ने पनि यही पत्रमार्फत स्पष्टबोध गर्न चाहन्छु। सर्वान्तमा दीपाले राखेको विचारले मलाई सघाउ पुग्न गएकोमा अनेक-अनेक शुभकामना भन्न चाहन्छु। सहयोग र सुझावको लागि सबैलाई धन्यवाद !

**■ प्रकाश सायमी**
गोधूलि संसार, सैंबु
ललितपुर
sayami@wlink.com.np

## वैकल्पिक विमानस्थल आवश्यक

*समय* वर्ष ३, अंक १३४ मा छापिएको 'विमानहरूको अव्यवस्थित मेला' समाचार सान्दर्भिक लाग्यो। नेपालको एक मात्र त्रिभुवन विमानस्थलले अन्तर्राष्ट्रिय उडानको जिम्मेवारी वहन गर्दै आएको छ। एउटै विमानस्थलमा आन्तरिक र बाह्य उडान गर्न सक्नु दूरदर्शिता नै मान्नु पर्छ। नेपाललाई पर्यटकीय केन्द्र बनाउन नेपाल वायुसेवा निगमको महत्त्वपूर्ण योगदान रहेको छ। यसप्रकार नेपालका विभिन्न विमानस्थलको अवलोकन गरी सम्भव भएका विमानस्थललाई विस्तार गरेर वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएमा सुनमा सुगन्ध हुनेछ।

त्यसैगरी *समय* वर्ष ३, अंक १३५ मा छापिएको 'पलेंटीमा भोजपुरे' पढ्दा रोचक लाग्यो। असाधारण प्रतिभा कम भएको हाम्रो मुलुकमा हिरण्य भोजपुरेको गायन, संगीत र साहित्यको क्षेत्रमा देखिएको योगदानलाई सम्मान गर्नु पर्दछ। साहित्यको क्षेत्रमा प्रसिद्धि पाएका भोजपुरेको एकल गायनले सफलता पाओस्।

**■ यज्ञबहादुर कार्की**
मन्थली-७, रामेछाप

## सबै सच्चिन जरुरी

राजदूत नियुक्तिको विवादले सरकार र माओवादीबीच विभिन्न समयमा भएका समझदारीको अझै पालना नभएको देखिन्छ। सरकारले आफ्नै रवैयामा काम गऱ्यो। माओवादीले सर्वस्व बिग्रेको बहनामा सडक ततायो। हामीले यो पनि बुझ्नु जरुरी छ कि मुलुक लामो समय राजदूतविहीन हुँदा मित्रराष्ट्रहरूले के सोचेका होलान् ? मुलुकको अग्रगामी परिवर्तनको यो समयमा हामीले अझै जिम्मेवार भएर अघि बढ्दै मित्रराष्ट्रसँग सहयोग बटुल्नुपर्छ। विभिन्न संस्थामा खाली पदाधिकारी चाँडो नियुक्ति गर्नु जरुरी छ। तर सरकारले एकतर्फी फाइदामा जनआन्दोलनमा बगेको रगतको खिल्ली उडाउँदै पैसाको लाभमा निर्णय गरेर, राजाका पुजारी र आफ्ना पार्टीका मान्छेलाई नियुक्ति गर्नु लज्जास्पद कुरा हो। स्वच्छ रुपमा काम गर्न सक्ने अनुभवी व्यक्तिले ठाउँ पाउनुपर्छ, नत्र राष्ट्रवासीलाई परिवर्तनको आभास कसरी दिलाउने ?

**■ राधेश्याम गजुरेल, ज्वालामुखी**
बेल्कोट-६, तिगाउँ, नुवाकोट



## खै समय इन्टरनेटमा ?

*समय*को बारेमा सुरुदेखि नै चासो राख्ने पाठक हुँ। यसको सुरुवातदेखि नै यस पत्रिकाले लगेको उचाइ कदरयोग्य छ। यसका लागि *समय* परिवारलाई धन्यवाद। तर, समयको बारेमा पहिले पनि पाठकका प्रतिक्रियाहरू पढ्न पाइएको थियो, यसलाई किन इन्टरनेटमा नराखिएको भनेर। त्यसपछि पनि समयलाई इन्टरनेटमा राख्ने कुनै चासो देखाइएन। यसको कारण के होला ? हामीजस्ता इन्टरनेटमा हेर्न सजिलो लाग्ने पाठकका लागि पनि *समय*ले सोचिदिनु पऱ्यो।

**■ रविन बन्जाडे**
दोहा
r_banjade@hotmail.com

## भावनाको ख्याल गरौं

जनआन्दोलनपछि बनेको लोकतान्त्रिक सरकारका विषयमा दिनानुदिन कचिंगल चुलिँदै छ। राजदूत नियुक्तिदेखि अन्य विवादास्पद विषयहरूमा सरकार दिनदिनै मुछिँदै जानु पक्कै पनि जनआन्दोलनमा सडक तताउन लगातार बीस दिनसम्म बाटोमा ओइरिएका जनतामाथिको घात भएको मानिनेछ। अब माओवादी समस्या देशबाट जुनसुकै हालतमा पनि अन्त्य हुनु पर्छ भन्ने आम जनसमुदायको सपना धमिल्याउने कोसिस कसैबाट भयो भने साढे दुई करोड जनतामाथिको विश्वासघात हुनेछ। समझदारीपछि माओवादीले पनि आफ्ना कमी कमजोरी सच्याउन जरुरी छ, यदि उनीहरू साँच्चिकै नेपाली जनताबीच बसेर राजनीति गर्ने हुन् भने।

**■ विमल अकेला**
तेह्रथुम
हाल : घट्टेकुलो

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

# श्रमजीवी पत्रकार ऐनलाई प्रोत्साहन

**श्रमजीवी पत्रकारसम्बन्धी** कार्यदलले ऐन जारी भएको बाह्र वर्ष बित्दा पनि प्रभावकारी रुपमा लागू हुन नसक्नुका पछाडि कार्यान्वयन संयन्त्रको अभाव देखाउँदै विभिन्न सुझाव दिएको छ।

कानुनविज्ञ काशीराज दाहालको संयोजकत्वको समितिले १६ पुसमा सरकारलाई बुझाएको प्रतिवेदनमा श्रमजीवी पत्रकार ऐनमा राज्यको भूमिका सहजकर्ताको जस्तो हुनुपर्ने, श्रमजीवी पत्रकारहरूको मूल्यलाई सम्मान गर्नुपर्ने तथा संचार क्षेत्रमा लगानी गर्नेहरू प्रोत्साहित हुनुपर्ने किसिमले नीति, नियम र संयन्त्र बनाउन सुझाएको छ।

दाहालका अनुसार सरकारलाई श्रमजीवी पत्रकारहरूको अनुगमन, रेकर्ड लगायतका जानकारी राख्ने श्रमजीवी पत्रकार अभिलेखालय स्थापना गर्न सुझाव दिइएको छ। सरकारको निजामती किताबखाना जस्तै अभिलेखालयले पनि श्रमजीवी पत्रकारका बारेमा काम गर्न किसिमले ऐन संशोधन गर्न सुझाएको दाहाल बताउँछन्।












तेज बस्नेत

# ग्लोबल बैंकको सेवा सुरु

**ग्लोबल बैंकले** यसै सातादेखि बैंकिङ कारोवार सुरु गरेको छ। संस्थापकहरूको लगानीका हिसाबले नेपालको सबैभन्दा ठूलो बैंकका रुपमा स्थापित यो बैंकले वीरगन्जबाट वित्तीय कारोवार शुभारम्भ गरेको छ। वीरगन्ज आदर्शनगरस्थित कार्यालयमा संचालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकालले एक समारोहबीच बैंकिङ कारोवार शुभारम्भ गरेका थिए।

नेपालमा स्थापित बैंकहरूमध्ये १९ औं वाणिज्य बैंकका रुपमा ग्लोबल बैंक संचालनमा आएको छ। बैंकका अनुसार यो बैंकको अधिकृत पुँजी २ अर्ब र चुक्ता पुँजी १ अर्ब रुपैयाँ रहेको छ। अध्यक्ष ढकालले अत्याधुनिक बैंकिङ सेवामार्फत आम उपभोक्तालाई गुणस्तीय सेवा पुऱ्याउने बताएका छन्। उनले मुलुकका उद्यमीहरूलाई आकर्षक ब्याजदरमा ऋण प्रवाह गरी उनीहरूको उद्यमशीलतामा सहयोगी बन्ने प्रतिबद्धता पनि जनाएका छन्। बैंकले निकट भविष्यमै शाखा विस्तार गर्ने जानकारी पनि दिएको छ।

बैंक संस्थापकहरूमा आइएमईका चन्द्रप्रसाद ढकाल, कन्टिनेन्टल समूहका सुहृदराज घिमिरे, प्रभु समूहका देवीप्रसाद भट्टचन, एमएस समूहका सुमित अग्रवाल, वर्ल्डवाइड इन्भेस्टमेन्टका गणेशप्रसाद अधिकारी, आत्माकृष्ण श्रेष्ठ, जगदीश घिमिरे, राजेश उपाध्याय रहेका छन्। बैंकका अन्य मुख्य संस्थापकहरूमा सुशीलकुमार पन्त, सन्दीप अग्रवाल, सुरजकुमार श्रेष्ठ र धनबहादुर शेरचन रहेका छन्। बैंकका मुख्य कार्यकारी अधिकृत सुमन न्यौपानेले ग्राहकलाई उच्च बैंकिङ सुविधा उपलब्ध गराउन विश्व प्रसिद्ध बैंकिङ सफ्टवेयर 'फिनाकल' प्रयोगमा ल्याइएको बताएका छन्। बैंकले निक्षेप र कर्जा लगानीका अतिरिक्त प्रतीतपत्र, बैंक ग्यारेन्टी, विदेशी मुद्राको खरिद बिक्री, लकर, इन्टरनेट बैंकिङ र एटिएम लगायतका आधुनिक बैंकिङ सेवा उपलब्ध गराउने जानकारी दिइएको छ।

# डाबरको ग्रिन हाउस नर्सरी बन्द



तेज बस्नेत

**माओवादी धम्कीका** कारण डाबर नेपाल प्रालिले बनेपास्थित ग्रिन हाउस नर्सरी बन्द गरेको छ। प्रमुख कार्यकारी अधिकृत उदयन गांगुलीले माओवादी धम्कीका कारण नर्सरी बन्द गर्नु परेको बताएका छन्। १० करोड रुपैयाँ लगानी रहेको अत्याधुनिक नर्सरीमा अहिले १५ लाख दुर्लभ र लोपोन्मुख बिरुवाहरू रहेको कम्पनीले जनाएको छ। नर्सरीको वार्षिक क्षमता ५० देखि ६० लाख बिरुवा उत्पादन गर्ने रहेको छ। नर्सरीमा ६० देखि ८० जनासम्म नजिकै गाउँका महिलाले रोजगारी पाएका छन्। 'हामी जिम्मेवार कम्पनीको हैसियतले महिला कामदारको सुरक्षामा विशेष ध्यान दिन्छौं', गांगुली भन्छन्, 'उनीहरूले महिला कामदारमाथि दुर्व्यवहार गर्नुका साथै काम नगर्नु भनी धम्की दिए। त्यसकारण हामी बन्द गर्न बाध्य भयौं।' डाबरले 'कर्पोरेट सोसियल रेस्पोन्सिबिलिटी प्रोजेक्ट' अन्तर्गत उक्त नर्सरी संचालन गर्दै आएको छ। नर्सरी बन्द भएपछि अहिले त्यहाँ रहेका १५ लाख बहुमूल्य बिरुवा संकटमा परेको गांगुलीले बताएका छन्। कम्पनीले आफ्ना २० स्याटेलाइट फार्म र २२ जिल्लाका २४ सहकारीमार्फत हजारौं किसानलाई रोजगार दिएको बताएको छ।

# विद्यार्थीका लागि नयाँ कार्यक्रम

**विद्यालयमा अध्ययनरत** विद्यार्थीहरूका लागि डिएफआइडीको सहयोग र एक्सनएडको सहकार्यमा विद्यालयमा आधारित प्रकोप जोखिम न्यूनीकरण कार्यक्रमको सुरुवात गरेको छ। विद्यार्थीहरूले भोग्न पर्ने समस्यालाई केही हदसम्म यो कार्यक्रमले सहयोग पुऱ्याउने बताइएको छ। यसका लागि पहिलो चरणमा चारवटा जिल्ला बाँके, काठमाडौं, मकवानपुर र रसुवाअन्तर्गतका दुइटा जिल्लामा लागू गरिने बताइएको छ। 'यसको प्रभाव हेरेर अन्य जिल्लामा पनि यसलाई विस्तार गरिनेछ', एक्सन एड नेपालका प्रमुख शिवेशचन्द्र रेग्मीले बताए।

आठवटा स्कुलका करिब ४५ सय विद्यार्थीलाई समेट्ने बताइएको छ। 'पहिलो चरणको प्रभावलाई हेरेर यसलाई विस्तार गरिनेछ', एक्सनएडको भनाइ थियो। यसैअन्तर्गत २ सय शिक्षक, १ सय अभिभावक र २ समुदायका सदस्यहरू रहने बताइएको छ। यो कार्यक्रमबाट करिब २५ हजार सर्वसाधारणले प्रत्यक्ष फाइदा लिने बताइएको छ।

सबैभन्दा बढी विद्यार्थी भएको काठमाडौंमा सधैंजसो स्कुलमा हुने घटनाहरू सार्वजनिक गरिने भए पनि यसको समाधानका लागि कतैबाट पहल नगरिएको अवस्थामा यो कार्यक्रम प्रभावकारी हुने बताइएको छ। ■

# कोकको गेटमा मजदुरको धर्ना

**जाडो सुरु** भएकोले कोकाकोलाको उत्पादन रोकिएको छ, तर उत्पादन गर्न कारखाना बोटलर्स नेपाल (तराई) लिको गेटमा मजदुरहरू धर्ना बसेका छन्। ज्यालादारीका ५० जना मजदुर कारखानाले निकालेको विरोधमा पुस ९ गतेबाट माओवादी समर्थक अखिल नेपाल औद्योगिक मजदुरसंघले अनिश्चितकालीन धर्ना सुरु गरेको हो।

कारखानामा ६८ जना मजदुरहरू ठेकदारमार्फत दैनिक ज्यालदारीमा काम गर्दै आएका थिए।

मजदुर संघ र व्यवस्थापकबीच भएको एक सहमति भयो। जसअनुसार ठेकेदारी प्रथा खारेज भयो। ज्यालादारीमा काम गरेकामध्ये १८ जनाले अस्थायी नियुक्ति पनि पाए। त्यति बेला नियुक्ति नपाएका ५० जनालाई हटाएको सूचना पुस ८ गते कारखानाले जारी गरेपछि मजदुरहरू धर्नामा बसेका हुन्।

बेमौसम सुरु भएकाले मजदुर हटाएको कारखानाको सूचनामा उल्लेख छ, तर अखिल नेपाल औद्योगिक मजदुर संघ बोटलर्स (तराई) लि. एकाइ अध्यक्ष घनश्याम लामिछाने कारखानाको काम असार ६ गतेको सम्झौताविपरीत भएको आरोप लगाउँछन्।

'सबैलाई नियुक्ति दिने भन्दै आएको हो, दुई महिनाका लागि काम नहुँदा मजदुर निकालेर कारखानाले सहमति मात्र तोडेको होइन, सामन्ती संस्कार नै देखायो', लामिछाने बताउँछन्। सम्झौता कार्यान्वयनमा विवाद आए सहमतिमा पुग्न मध्यस्थकर्ता राख्ने भन्ने असार ६ गतेको सम्झौतामा उल्लेख छ। मजदुरहरूलाई हटाउने सूचना निकाल्दा कुनै छलफल नभएको उनले बताए।

यति बेला गेटमा मजदुरहरू धर्ना बसेका छन्, उत्पादन बन्द छ। सुरक्षा गार्डबाहेक प्रशासनका कोही पनि कारखानामा छैनन्।

■ **रमेशकुमार पौडेल/चितवन**




# टिभी हेर्न गाउँ–गाउँमै केबुल

**तानसेनदेखि १५ किमीको** दूरीमा रहेको खस्याउँली गाविस-२ हार्थोककी हीरामाया थापा घरमै बसेर रिमोट चलाउँदै फरक फरक खालका कार्यक्रम मन लागेका च्यानलबाट हेर्छिन् । उनीमात्र होइन, मदनपोखरा-४ डुम्रेका ईश्वरीप्रसाद न्यौपाने पनि मन लागेका च्यानलबाट रमाइला कार्यक्रम र समाचार हेर्न पाउदा मख्ख छन् ।

२०५२ सालमा पाल्पाको तानसेनको श्रीनगरडाँडामा नेपाल टेलिभिजन टावर स्थापना गरी गुल्मी, पाल्पा, स्याङजा, अर्घाखाँची समेतका जिल्लामा टेलिभिजन सेवा पुऱ्याएको टावर २०६२ जेठमा माओवादीले ध्वस्त बनाइदिएपछि टेलिभिजन हेर्न असुविधा उत्पन्न भएका ग्रामीण क्षेत्रका जनतालाई गाउँ गाउँमा केवल स्थापना गरी घरघरै केबुल पुऱ्याइएको छ । सदरमुकामदेखि ६५ किमी टाढा रामपुरसम्मका बस्तीमा पनि अहिले केबुल देख्न सकिन्छ ।

गत असार महिनामा केबुलबाट सेवा दिन थालेका खस्याउँली-२ हार्थोकका पवित्रकुमार थैवले ५५ घरका लागि सेवा विस्तार गरेका छन् । नेपाल टेलिभिजनको टावरमा क्षति पुगेपछि नै एन्टिनाबाट मात्र टिभी हेर्न असुविधा भयो । 'गाउँकाले केबुल जडान गरी बाँड्न उत्साहित बनाएपछि केबुल बाँडेको हो', उनले भने । २ लाख ७५ हजार रुपैयाँ लगानी गरी सुरु गरेको उनको भैरव टिभी केबुल नेटवर्कबाट बाह्रवटा च्यानल हेर्न सकिन्छ ।

दमकडाका सन्तोष अर्यालले पनि केबुलबाट एक सय घरमा केबुल पुऱ्याएका छन् । दसवटा फ्री च्यानल मात्र आउने उनको केबुलको ग्राहक बन्नका लागि ७ हजार ५ सय रुपैयाँ एकमुष्ट तिर्नु पर्दछ । मदनपोखरा, दमकडा, हार्थोक मात्र नभई पाल्पाकै नायरन्मतलेस, आर्यभञ्ज्याङ, ताहु, रामपुर, बराङदी, खानेगाउँ लगायतका ग्रामीण क्षेत्रमा एक हजारभन्दा बढी केबुल ग्राहक रहेका छन् ।

## बजारभन्दा गाउँमा धेरै

नगरपालिका क्षेत्रलाई मात्र लक्षित गरी आठ वर्षअगाडि स्थापित तानसेन स्पेस टाइम नेटवर्कका हालसम्म १ हजार २ सय ग्राहक छन् । टावर ध्वस्त पारिएपछि एक वर्षको अवधिमा ग्रामीण क्षेत्रमा त्यही हाराहारीमा केबुल ग्राहक रहेको स्पेसका सञ्चालक मिलनराज भण्डारी बताउँछन् । गाउँमा विस्तार गर्न माग गरिए पनि बढी खर्चिलो र मुनाफा नदेखेकाले बजार बाहिर विस्तार नगरेको उनले बताए । टावर क्षति पुगेपछि गाउँमा केबुल जोडिदिन माग गर्दै दिनानुदिन आउने संख्या बढेको उनको भनाइ छ ।

टावर बनाएर पहिलेभैंm सेवा दिने नेपाल टेलिभिजनको सुर नदेखिएपछि गाउँ गाउँमा केबुल विस्तार गर्ने लहर नै चलेको छ । क्षतिग्रस्त टावर अहिले त्यसै अलपत्र परेको छ । सामान र चार कर्मचारी अन्यत्र खटाइएको छ । केबुलको चर्को शुल्क तिरेर मात्र महत्त्वपूर्ण समाचार थाहा पाउनुपर्ने भएको गुनासो रामपुरका राजु श्रेष्ठको छ । 'एउटा मात्र च्यानलभन्दा फरक फरक हुनु र रमाइला र मन पर्ने कार्यक्रम हेर्न पाउने भएकाले केबुलको महसुल नकराईकन दिँदै आएको छु', उनले भने ।

## दर्ताविना नै सञ्चालन

केबुल स्थापना गरी सेवा दिने नाममा बढी मुनाफा आर्जन गर्न सञ्चालकहरू दर्ता नगरीकन अवैध तरिकाले केबुल सञ्चालन गरेको पाइएको छ । तानसेनमा रहेको एकमात्र केबुल आधिकारिक रुपमा दर्ता गरेर सञ्चालन हुँदै आएको छ । अन्य केबुल न दर्ता भएका छन्, न त राजस्व नै तिरेको लिखित प्रमाण छ । दर्ताका लागि आवश्यक प्रक्रिया र कारबहीबारे स्वयं सञ्चालकहरू अनभिज्ञता प्रकट गर्दछन् । 'हामीले दर्ता कसरी गर्ने र नगर्दा के हुन्छ ? थाहा छैन', हार्थोकका केबुल सञ्चालक पवित्र थैवले भने ।

■ **गोविन्द लुइँटेल/पाल्पा**


# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी–खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा–कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप–मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर–जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा–कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# क्याम्पसमा लडाकु दस्ता


क्रान्तिकारीको कुटाइबाट घाइते भएका रामपुर क्याम्पसका विद्यार्थी वीरेन्द्र चौधरी

**अखिल (क्रान्तिकारी)ले** आफ्ना कार्यकर्तामाथि कुटपिट भए प्रतिरोध गर्न भन्दै क्याम्पसहरूमा लडाकु दस्ता गठन गरेको छ। क्रान्तिकारीको क्याम्पस एकाइअन्तर्गत रहने त्यस्तो दस्तालाई उनीहरूले 'स्वयंसेवक' नाम दिएका छन्।

रामपुर क्याम्पसमा अखिल (क्रान्तिकारी) र नेपाल विद्यार्थी संघ समर्थकबीच झडप भएपछि यो कुरा बाहिर आएको हो। उक्त घटनामा जनमुक्ति सेना आएर आफ्ना बाह्रजना कार्यकर्तालाई कुटेको आरोप नेपाल विद्यार्थी संघले क्रान्तिकारीमाथि लगायो। जनमुक्ति सेना आएको भन्ने कुरालाई क्रान्तिकारीले अस्वीकार गऱ्यो।

पुस ६ गतेको पत्रकार सम्मेलनमा क्रान्तिकारीका जिल्ला अध्यक्ष लालबहादुर तामाङले जनमुक्ति सेनाको परिचालन क्रान्तिकारीको कार्य क्षेत्रभित्र नपर्ने बताउँदै संगठनले बरु हरेक शैक्षिक संस्थामा स्वयंसेवक गठन र परिचालन गरेको जानकारी दिए।

'गुण्डागर्दी गर्नेहरूमाथि प्रतिरोध गर्न स्वयंसेवक गठन गरेका हौं', अखिल (क्रान्तिकारी) चितवन कार्यसमितिका पूर्व अध्यक्ष तथा हालका केन्द्रीय सदस्य रामचन्द्र अधिकारी बताउँछन्। उनका अनुसार त्यस्तो समूहमा ११ जनादेखि १५ जनासम्म रहेका हुन्छन्। उनीहरू अखिल (क्रान्तिकारी) को एकाइ समितिअन्तर्गत रहेका हुन्छन्।

स्वयंसेवकहरूलाई तालिम पनि दिने गरेका छन्, तर त्यस्ता तालिम वैचारिक मात्र हुने अधिकारीले बताए। 'हाम्रो हतियार भनेको विचार हो, विचार बलियो बनाउने खालका तालिम दिन्छौं' उनको भनाइ छ। वैचारिक तालिम दिएको भने पनि त्यस्ता स्वयंसेवकहरू कुटपिटमै उत्रने गरेको रामपुर घटनाले प्रस्ट्याइसकेको छ। यस्ता कुटपिटलाई क्रान्तिकारीले प्रतिरोध भनेर उम्कने गर्दछ।

माओवादी र उनका सेनासँग जोडिएको संगठन भएकाले जनसेना ब्यारेक बसेका बेला आफूहरूलाई अरूले कमजोर ठान्छन् कि भन्ने मानसिकताले क्रान्तिकारीले स्वयंसेवक गठन र परिचालनको तहमा पुगेको देखिन्छ। यस्ता स्वयंसेवकलाई जनमिलिसियाको हैसियतमा बुझ्ने केन्द्रीय सदस्य अधिकारीले आग्रह गरे।

'स्वयंसेवक भनेको पार्टीको जनमिलिसिया जस्तै हो, स्वयंसेवकमा त्यही क्याम्पसमा पढ्ने विद्यार्थी मात्र हुन्छन्', अधिकारीको भनाइ छ।

प्रतिरोधको आशयले गठन गरे पनि यस्तो काम राम्रो होइन भन्ने धारणा प्राध्यापक तथा मानवअधिकारकर्मीको छ। यस्तो कर्मले प्रजातन्त्र र शैक्षिक वातावरणमा असर गर्ने उनीहरू ठान्दछन्।

'शैक्षिक संस्थाभित्र हुने अन्यायपूर्ण गतिविधिको प्रतिरोध विद्यार्थीहरूले वैचारिक ढंगले गर्नुपर्छ, अन्य तरिका अपनाउनु गलत हो', सप्तगण्डकी बहुमुखी क्याम्पसका प्राध्यापक तथा मानवअधिकार संगठन चितवनका अध्यक्ष बालकृष्ण पौडेलले बताए। रामपुर क्याम्पसमा पुस ३ गते क्रान्तिकारी र नेविसंघबीच भएको झडपको जिल्लाका सबै मानवअधिकारकर्मीले विरोध गरेका थिए।

सामान्य विवादको विषयमा क्रान्तिकारीले आफूहरूलाई छात्रावास र क्लासबाट थुत्दै पिट्दै गरेको नेविसंघ समर्थकहरू आरोप लगाउँछन्। कुटपिट गर्दै जबरजस्ती 'हामीले गुन्डागर्दी गरेकोमा क्षमा चाहन्छौं, अबदेखि यस्तो गर्दैनौं' भनेर क्रान्तिकारीले हस्ताक्षर गर्न लगाएको आरोप नेविसंघको छ।

उता क्रान्तिकारीले भने आफ्ना तीनजना कार्यकर्तालाई नेविसंघले पिटेपछि प्रतिरोध गरेको भनेर घटनाको जिम्मेवारी लिएको लियो। नेविसंघले कुटेको भनिएका क्रान्तिकारीका सन्तोष श्रेष्ठ भोलिपल्टै अर्थात् पुस ४ गते रामपुर क्याम्पसको तर्फबाट क्याम्पाचौरमा क्रिकेट खेल्न आएका थिए। उनले त्यस दिन टिमका लागि सर्वाधिक रन जोड्दै म्यान अफ द म्याचको उपाधि पनि पाएका थिए।

क्रान्तिकारीले गठन र परिचालन गरेको स्वयंसेवकहरूको प्रतिरोधको सिकार भएका वीरेन्द्र चौधरी ४ गतेसम्म अस्पतालमै थिए। चौधरीको खुट्टाको नलीहरूमा लागेको चोट चाँडै निको हुने खालको छैन भने नेविसंघ एकाइ उपाध्यक्ष गणेश चापागाईको कानको लोती छिनेको थियो। यीबाहेक दसजना सामान्य उपचारपछि फर्केका थिए।

'बल देखाउन खोज्दा नै मण्डलेहरू बदनाम भएका हुन्, बलकै आधारमा चल्न खोज्दा अरू केही संगठनलाई पनि जनताले निको मानेका छैनन्, क्रान्तिकारीले पनि प्रतिरोधको अरू शैली अपनाउन भएन विचारले नै प्रतिवाद गर्न सक्नुपर्छ', प्राध्यापक तथा मानवअधिकारकर्मी बालकृष्ण पौडेलको आग्रह छ।

**■ रमेशकुमार पौडेल/चितवन**





# जुम्लामा जिप सरर

**सडकको मूल मेरुदण्डले** कर्णालीलाई अहिलेसम्म पनि छुन सकेको छैन । तैपनि स्थानीयहरूको सक्रियतामा कर्णाली राजमार्गले पूर्णता नपाउँदै जुम्लाको सदरमुकाम खलंगामा जिप, मोटरसाइकल र ट्याक्टरहरू हुइँकिन थालेका छन् । जुम्लादेखि सुर्खेतसम्मको २ सय ३३ किलोमिटरमध्ये जुम्ला-कुडारीसम्मको १९ किलोमिटर बाटो बनेपछि अहिले जुम्लामा जिप लगेर गुडाउनेहरूको होडवाजी जस्तै चलेको छ । जिल्लामा पहिलो जिपको अनुहार देखाउने चन्द्र खड्का भन्छन्, 'सुरुमा मैले ल्याउँदा देखिएको आकर्षण र चापले अहिले जिप भित्र्याउनेहरूको संख्या बढेको हो ।' नेपालगन्जबाट जुम्लाको सदरमुकाम खलंगासम्म जिप ल्याई पुऱ्याउन नेपालगन्जबाट हेलिकोप्टर चढाउनु पर्छ । यसका लागि भाडा मात्र करिब ३ लाख तिर्न पर्छ । नेपालगन्जमा करिब ११ लाख पर्ने जिप जुम्ला सदरमुकाम पुग्दा १५ लाख भेट्ने रावलको भनाइ छ ।

एउटा मात्र जिपले यात्रुहरूको चापलाई धान्न नसक्ने भएपछि र सदरमुकाममा जिपप्रतिको आकर्षण दिनानुदिन बढ्दै जान थालेपछि अहिले जिल्लामा ६ महिनायता मात्र अरू चारवटा जिप भित्रिएका छन् र दुइटा भित्रिने क्रममा छन् । 'अब स्थानीय प्रशासन भाडा व्यवस्थित गर्ने तयारी लागेको छ', सहायक जिल्ला प्रमुख उमाकान्त अधिकारी भन्छन् ।

सदरमुकाम खलंगादेखि कुडारीसम्मको १९ किलोमिटरसम्म कुद्ने एउटा मात्र जिपले यात्रुको अत्यधिक चाप थेग्न नसकेपछि पछिल्लो महिनाभित्रै अरू चारवटा जिप भित्रिएका हुन् । १९ किलोमिटर यात्रा तय गरेबापत प्रतिव्यक्ति १ सय रुपैयाँका दरले भाडा तिर्न पर्छ । स्थानीयहरूले भाडा महँगो भएको गुनासो गर्दै आएका छन् ।

अहिले धुलो उडाउँदै सदरमुकामबाट खलंगाबाट कुडारीसम्म जिपहरू कुद्न थालेपछि राजमार्ग नजोडिए पनि गाडी कुदेको हेर्ने सपना बोकेका जुम्लावासीलाई भने उत्साहित बनाएको छ ।

■ **डिल्ली पाण्डे/जुम्ला**

# माओवादीले वन फाँडे

**माओवादी सेनाको** छैटौं डिभिजनअन्तर्गत लेखफर्सामा बस्ने भनिएको घोराही-सतबरिया ब्रिगेडको अस्थायी शिविर निर्माणका लागि माओवादीले वन फडानी गरेका छन् । सरकारी आँकडाअनुसार माओवादीले करिब ३० हजार मूल्यबराबरको रूख फडानी गरेका छन् ।

समुदायमा हस्तान्तरणका लागि अन्तिम चरणमा रहेको उक्त वन फडानी गरी माओवादीले अहिले अस्थायी शिविर निर्माण कार्य सुरु गरेका छन् । त्यसका साथै शिविर निर्माणका लागि आवश्यक पर्ने काठ र खाना पकाउने दाउराका लागि पनि सोही वनका रुख काटिएको छ ।

जिल्ला वन कार्यालयका प्रमुख गौरीशंकर तिमिलासहितको टोलीले केही दिनअघि उक्त क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो । निरीक्षणका क्रममा वन कर्मचारीहरूले आवश्यक जति मात्र रूख काट्न माओवादीसँग अनुरोध गरेका थिए ।

माओवादीले धमाधम वन फडानी गर्न थालेपछि स्थानीय बासिन्दा प्रतिवाद गर्न नसके पनि असन्तुष्टि भने प्रकट गरेका छन् । 'वन संरक्षण गर्ने उद्देश्यले वनलाई समुदायको हस्तान्तरण गर्न लागेका छौं', एक स्थानीयवासीले भने, 'तर सबै नांगो हुन लागिसक्यो ।'

उनका अनुसार माओवादीले रुख काट्नुअघि स्थानीयवासीसँग सामान्य छलफल पनि गरेनन् । उनको भनाइ थियो, 'रुख काटिएपछि मात्र हामीले थाहा पायौं ।' माओवादीले उक्त विषयमा जिल्ला वन कार्यालयसँग पनि कुनै समन्वय नगरेको वन कार्यालयले जनाएको छ ।

जिल्ला वन कार्यालयले दिएको जानकारीअनुसार उक्त वन समुदायमा हस्तान्तरण हुने प्रक्रियामा रहेको छ । उक्त वनलाई सामुदायिकीकरण गर्नका विधान तयार भए पनि स्वीकृत भने नभइसकेको बताइएको छ ।

माओवादीले वनका रुख काटेर अस्थायी शिविर निर्माण गर्नुका साथै परेड खेल्ने मैदान पनि तयार बनाइसकेका छन् । उक्त मैदानमा अहिले काटिएका रुखका ठुटा मात्र बाँकी छन् । वन कार्यालयका प्रमुख तिमिलाले ठूला रुखहरू काटिएका नभई ३ फिटभन्दा कमका काठहरू मात्र काटिएको बताए ।

तर माओवादी सेनाको घोराही-सतबरिया ब्रिगेड कमान्डर सेवक भने गाउँलेसँगको समझदारीमै रुख काटिएको दाबी गर्छन् । अस्थायी शिविर बस्ने ठाउँका लागि मात्र रुख कटान गरिएको उनको दाबी थियो । 'शिविर राख्ने ठाउँमा असर पर्ने खालका रुख मात्र काटिएको छ', उनले भने ।

उक्त ब्रिगेडका साढे १२ सय सेना रहने भनिएको उक्त शिविरमा अहिले ४ सय जति मात्र सेना बस्ने गरेको ब्रिगेड कमान्डर सेवकले बताए । बाँकी आठ सय सैनिक त्यहाँ बस्ने भएपछि शिविरको संख्या बढाउनुपर्ने भएकाले थप रुखहरू पनि काटिने सम्भावना कायमै छ ।

उक्त वनको करिब ५५ हेक्टर क्षेत्रफलमध्ये माओवादीले अस्थायी शिविर निर्माणका लागि झन्डै ३० हेक्टर क्षेत्रफल ओगटेका छन् ।

■ **गणेशकुमार कार्की/लेखफर्सा (सुर्खेत)**


तेज बस्नेत

# अमेरिका जान नपाउँदा

**दुई वर्षअगाडि** अमेरिका जाने डिभी पर्दा गोरखाकी सीता वस्ताकोटी कम्ता खुसी थिइनन्। उनले आफ्नो जिन्दगीको उद्देश्य नै बदलिसकेकी थिइन्। अझ परिवारसहितको डिभी परेकाले पनि होला, उनले भविष्यको योजना निकै ठूलो बनाएकी थिइन्, तर उनको खुसी लामो समयसम्म रहेन। अमेरिकी दूतावासले भिसाको लागि उनलाई अयोग्य ठहर्‍यायो। उनको सपना चकनाचुर हुन पुग्यो। उनले दूतावासलाई हजारौं रुपैयाँ बुझाइसकेकी थिइन्। मानसिक पीडा र समाजले आफूलाई गरेको अपमान सहन नसकेर उनले दुई चोटिसम्म आत्महत्याको असफल प्रयास गरिन्। 'डिभी पर्नेलाई भिसा दिने दूतावासको सम्पूर्ण परिधिभित्र हुँदा पनि मलाई भिसा दिइएन', आठ वर्षदेखि शैक्षिक पेसामा रहेकी स्नातकोत्तर अध्ययनरत उनले गुनासो गर्दै भन्छिन्, 'आफूले भिसा नपाउनुको कारण सोध्दा दूतावासको कर्मचारीले नो डिस्कस नो कमेन्ट प्लिज सरी भनी पन्छे।' अहिले उनी आफ्नो जिन्दगी नै बर्बाद भएको महसुस गर्छिन्। उनी भन्छिन्, 'उचित क्षतिपूर्ति र मेरो खर्च भएको पैसा फिर्ता चाहियो।'

विगत केही दिनदेखि उनीहरू दूतावासअगाडि चौबीस घन्टे रिले अनशनमा बसिरहेका छन्। आफ्ना विभिन्न मागलाई दूतावासले पूरा नगरेसम्म आमरण अनशन बस्ने डिभीपीडित संघले जनाएको छ। सुरक्षाको दृष्टिकोणले अत्यन्तै जोखिम स्थान सडकपेटीमै अनशन बसेका पीडितहरूलाई अहिलेसम्म दूतावासले कुनै प्रतिक्रिया दिएको छैन।

'डिभी चिट्ठा पर्नु भनेकै अमेरिका जान पाउनु हो,' गोरखाको अन्जन श्रेष्ठ भन्छन्, 'चिट्ठा पर्नु भनेको त जो कसैले पनि उपभोग गर्न पाउनु हो। यो त भाग्यको खेल हो जसमा कुनै नियम र परिधि हुँदैन, तर अमेरिकी सरकारको चिट्ठाको अर्थ बुझ्नै सकिएन।' तर अन्य देशमा डिभी परेकाहरूलाई कुनै परिधि र नियम लागू गरिएको पाइँदैन। दक्षिण एसियाकै अन्य देशहरूमा पनि डिभी पर्नेहरू, जो कोही पनि गइरहेका छन्। पीडित सुरज कुँवर भन्छन्, 'अमेरिकी सरकारले नेपालमा मात्रै असीमित अधिकार प्रयोग गरिरहेको छ।'

अमेरिकी दूतावासले भने डिभी कार्यक्रमप्रति नेपालीहरूको बुझाइमा कमी भएको जनाएको छ। अमेरिकी दूतावास कन्सुलर शाखाका प्रमुख रवर्ट फारकुवार भन्छन्, 'डिभी पर्नेबित्तिकै भिसा पाइने होइन, बरु आप्रवासी भिसाका लागि आवेदन दिने पहिलो अवसर हो।' भिसा पाउने अवस्था नभएमा शुल्क नलिने र भिसा शुल्क नेपालीहरूको आर्थिक हैसियतअनुकूल हुनु पर्ने पीडितहरूको माग छ, तर अमेरिकी दूतावासले सम्पूर्ण नियम अमेरिकी सरकारले नै बनाउने भएकाले आफूहरूले केही गर्न नसक्ने बताउँदै आएको छ। बरु भिसाको लागि पैसा खर्च गर्नुभन्दा पहिले यससम्बन्धी नियम राम्रोसँग अध्ययन गर्न दूतावासले अनुरोध गरेको छ। त्यसो त भिसाको लागि आवेदन दिन नेपालीहरूको लागि निश्चय नै खर्चिलो भएको रवर्ट फारकुवार स्विकार्छन्।

अमेरिकी सरकारले देशको जनसंख्यामा विविधिकरण ल्याउनको लागि सन् १९८६ डिभी चिट्ठा सुरु गरे पनि नेपालमा भने सन् २००० बाट मात्रै सुरु गरेको हो। अहिलेसम्म ७,५०० जना नेपालीले यस कार्यक्रमअन्तर्गत भिसा पाइसकेको अमेरिकी दूतावासले जनाएको छ। १२ वर्षसम्मको औपचारिक शिक्षा र कुनै पनि काममा कम्तीमा पाँच वर्षको अनुभव भएको मानिस भिसाको लागि योग्य हुने नियम रहेको पाइन्छ, तर नेपालमा बढी मात्रामा नक्कली कागजातहरू प्रयोग हुने भएकाले ती मानिसहरू भिसाको लागि योग्य नहुने रवर्ट फाकुवारको भनाइ छ। त्यसो त परराष्ट्र मन्त्रालयका अमेरिका तथा युरोप विभाग हेर्ने उपसचिव घनश्याम श्रेष्ठ पनि अयोग्य मानिसहरूलाई मात्र दूतावासले भिसा नदिएको स्विकार्छन्।

**■ रक्तिमकिरण श्रेष्ठ/काठमाडौं**



# होला सम्भव ?

■ छत्र कार्की/काठमाडौं

**शिक्षामन्त्री** हुनासाथ सात महिनाअघि मंगलसिद्धि मानन्धरले दुई खाले शिक्षा प्रणालीको पक्षमा नरहेको भनाइ सार्वजनिक गरेपछि निजी विद्यालयको 'राष्ट्रियकरण' प्रसंगले खुबै चर्चा पाएको थियो। मन्त्री मानन्धरले केही समयअघि एक कार्यक्रममा अहिलेको अवस्थामा निजी विद्यालय राष्ट्रियकरण हुन नसक्ने धारणा व्यक्त गरेपछि राष्ट्रियकरणको बहस ओझेलमा परेको छ।

निजी विद्यालयको राष्ट्रियकरण तत्काल गर्न नसकिने निश्चित भए पनि यो मुद्दा अहिले पनि सेलाएको छैन। आधारभूत शिक्षा मौलिक अधिकार भएकाले मुलुकमा दुई खाले शिक्षाको अन्त्य गर्न राष्ट्रियकरण अपरिहार्य भएको एक थरिको तर्क छ भने सरकारले सार्वजनिक विद्यालयलाई नै राम्ररी व्यवस्थापन गर्न नसकेको अवस्थामा निजी विद्यालयको राष्ट्रियकरण गर्दा शिक्षा क्षेत्र तहसनहस हुने अर्को थरिको तर्क छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)का वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाह अहिलेको अवस्थामा निजी विद्यालयको राष्ट्रियकरण सम्भव नभएको विचार राख्छन्। उनी भन्छन्, 'अहिलेको प्राथमिकता निजी विद्यालयको राष्ट्रियकरण होइन, निजी विद्यालयलाई कसरी व्यवस्थित बनाउने भन्ने सवाल महत्त्वपूर्ण हो।'

उनका अनुसार अहिले विद्यालय शिक्षामा निजी क्षेत्रबाट वार्षिक ९ अर्ब रुपैयाँभन्दा बढी कारोबार हुन्छ। निजी विद्यालय राष्ट्रियकरण गर्ने हो भने सरकारलाई सञ्चालन खर्चका अतिरिक्त मुआब्जाका निम्ति थप रकम आवश्यक पर्ने भएकाले शिक्षामा विनियोजन गरिएको अहिलेको बजेटबाट सम्भव नहुने वरिष्ठ उपाध्यक्ष शाहको तर्क छ।

अहिले सञ्चालनमा रहेका निजी विद्यालयमध्ये १० प्रतिशतको मात्र आफ्नो भवन रहेको प्याब्सनले जनाएको छ। बाँकी ९० प्रतिशत विद्यालयले भवन भाडामा लिएर पठनपाठन सुचारु गरेका छन्। निजी विद्यालयलाई राष्ट्रियकरण गरेर सरकारले सञ्चालन गर्ने हो भने भौतिक संरचनाको लागि मात्र अर्बौं रकम खर्च गर्नुपर्ने अवस्था छ। त्यसैले पनि व्यवहारमा लागू गर्न नसकिने कुरामा बहस गर्नुको तुक नहुने तर्क निजी विद्यालय सञ्चालकहरूले लगाउँदै आएका छन्। अहिले अधिराज्यभरका ८ हजार ५ सय निजी विद्यालयमा १५ लाख विद्यार्थी अध्ययनरत र १ लाख ५० हजार शिक्षक कर्मचारीले रोजगार पाएको प्याब्सनले जनाएको छ।

निजी विद्यालयको राष्ट्रियकरण आम सहमति लिनु पर्ने मुद्दा भएकाले हचुवाको भरमा निर्णय लिन नमिल्ने वरिष्ठ उपाध्यक्ष शाह बताउँछन्। विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराएका कारण नै निजी विद्यालय टिकेको जनाउँदै उनी भन्छन्, 'यस विषयमा सरकार, विद्यालय सञ्चालक, अभिभावक, विद्यार्थीलगायत सबैसँग विचार लिइनुपर्छ। यदि सबै पक्षबाट निजी विद्यालय आवश्यक नभएको औचित्य प्रमाणित भएमा कसैले चाहेर पनि निजी विद्यालय चलाउन सक्दैन।'

जनआन्दोलन-२ पछि गठित सात दलको सरकारले नीतिगतरुपमा राष्ट्रियकरण सम्बन्धमा कुनै नीति सार्वजनिक गरेको छैन। अन्तरिम संविधानमा विद्यालय शिक्षा सबैको पहुँचमा सर्वसुलभ ढंगले पुऱ्याउने कुरा उल्लेख गरिए पनि स्पष्ट खाका प्रस्तुत गरिएको छैन।

माओवादीले अहिले पनि निजी विद्यालय राष्ट्रियकरण गरेर एउटै खालको शिक्षा प्रणाली लागू गर्नुपर्ने धारणा बाहिर ल्याएको छ। कांग्रेस, एमालेलगायत दलहरूको भने निजी विद्यालय

**निजी विद्यालयको राष्ट्रियकरण आम सहमति लिनु पर्ने मुद्दा भएकाले हचुवाको भरमा निर्णय लिन नमिल्ने वरिष्ठ उपाध्यक्ष शाह बताउँछन्। विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराएका कारण नै निजी विद्यालय टिकेको जनाउँदै उनी भन्छन्, 'यस विषयमा सरकार, विद्यालय सञ्चालक, अभिभावक, विद्यार्थीलगायत सबैसँग विचार लिइनुपर्छ। यदि सबै पक्षबाट निजी विद्यालय आवश्यक नभएको औचित्य प्रमाणित भएमा कसैले चाहेर पनि निजी विद्यालय चलाउन सक्दैन।'**



राष्ट्रियकरणका सम्बन्धमा नीतिगत कुरा बाहिर आएको छैन ।

जनवादी शिक्षाको वकालत गर्दै आएको माओवादी निकट अखिल क्रान्तिकारी र अखिल नेपाल शिक्षक संगठनले भने राष्ट्रियकरणको मुद्दालाई अहिले उस्तैरुपमा उठाइरहेका छन् ।

माओवादी निकट अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष गुणराज लोहनी निजी विद्यालयलाई राष्ट्रियकरण गर्नै नसकिने कुराप्रति असहमति राख्छन् । 'शिक्षालाई आधारभूत हकभित्र पार्ने कि नपार्ने भन्ने प्रमुख कुरा हो', अध्यक्ष लोहनी भन्छन्, 'शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्ने इच्छाशक्ति भएमा चरणबद्धरूपमा निजी विद्यालयलाई राष्ट्रियकरण गरी शिक्षामा भएको व्यापारीकरण अन्त्य गर्न सकिन्छ ।' अध्यक्ष लोहनी मुलुक शान्ति प्रक्रियामा अघि बढेकाले बन्दुकमा गरिएको लगानी शिक्षामा लगाउन सके र शिक्षा क्षेत्रको अनियमितता र चुहावट रोक्न सकेमा निजी विद्यालयको राष्ट्रियकरण सम्भव हुने बताउँछन् । मुलुकको गलत शिक्षा नीतिका कारण निजी विद्यालयले व्यापारिक बन्न छुट पाएको उल्लेख गर्दै उनी भन्छन्, 'उच्चशिक्षाको कुरा बेग्लै हो, विद्यालयस्तरसम्म सबैले समान शिक्षा पाउनुपर्छ ।'


तेज बस्नेत

२०२८ सालअघि मुलुकमा समुदायले चलाएका निजी विद्यालय रहेका थिए, तर २०२८ सालको नयाँ शिक्षा ऐनले सबै निजी विद्यालयलाई सरकारी बनाउने निर्णय गरे पनि उचित स्रोतसाधन जुटाउन नसक्दा विद्यालयहरू चल्न सकेनन् । सरकारले शिक्षा ऐनमा संशोधन गरेर निजी क्षेत्रलाई पनि आह्वान गरेपछि २०३८ सालपछि निजी विद्यालयको संख्या ह्वात्तै बढेको देखिन्छ । निजी विद्यालयको विस्तारसँगै त्यहाँ रहेका विकृतिका कारण आलोचना पनि खेपिरहेको अवस्था छ । २०४६ सालको परिवर्तनपछि बनेका सरकारले शिक्षामा राज्यको दायित्व बढाउनुको सट्टा हात झिक्दै गएकाले सार्वजनिक र निजी विद्यालयबीच व्यापक खाडल देखिएको नेपाल राष्ट्रिय अभिभावक संघका महासचिव वामदेव गौतम बताउँछन् । उनी भन्छन्, 'कम्तीमा पनि शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता जनसरोकारका कुराबाट सरकार पन्छिन मिल्दैन ।'

विगतमा माओवादी निकट अखिल क्रान्तिकारीले निजी विद्यालयले चर्को शुल्क लिएर व्यापारीकरण गरेको आरोप लगाउँदै पटक पटक निजी विद्यालय हड्ताल गरेका थिए । त्यसो त माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीको धम्कीपछि राजधानीबाहिरका करिब ५ सयजति विद्यालय बन्द भएका छन् ।

निजी विद्यालय नाफामुखी हुन पाउने कि नपाउने भन्ने बहसको विषय बनेको छ । यस सम्बन्धमा सरकारी अस्पष्टता विद्यमान रहेकाले गर्दा निजी विद्यालय सेवामूलकभन्दा पनि व्यापारिक भएको आरोप पनि छ । प्याब्सन वरिष्ठ उपाध्यक्ष शाह निजी विद्यालय सञ्चालन सेवामूलक व्यवसाय भएको जानकारी दिन्छन् ।

माओवादी निकट अखिल क्रान्तिकारीले दुई वर्षअघि निजी विद्यालयले चर्को शुल्क असुलेर मुनाफामुखी भएको आरोपसहित विद्यालय बन्दजस्ता कार्यक्रमलाई निरन्तरता दिएपछि त्यसबेला सरकारले शुल्क सीमा तोकेको थियो, जसअनुसार प्राथमिक तहमा ५ सय, निम्न माध्यमिक तहमा ६ सय र माध्यमिक तहमा ७ सय रुपैयाँ शुल्कसीमा तोकिएको थियो । तर, यो शुल्कसीमा सबै निजी विद्यालयले पालना नगरेको आरोप लाग्दै आएको छ । सरकारको निजी विद्यालय अनुगमन गर्ने प्रभावकारी प्रणाली नभएकाले पनि विकृति बढेको धेरैको धारणा छ ।

नेपाल राष्ट्रिय अभिभावक संघका महासचिव वामदेव गौतम निजी विद्यालयमा मनपरी ढंगबाट शुल्क लिने परिपाटी रहेको गुनासो गर्छन् । उनका अनुसार विभिन्न शीर्षकमा शुल्क लिए पनि त्यसअनुसार खर्च नगरी सञ्चालकहरू नाफा कमाउने लक्ष्यबाट प्रेरित रहने उनको भनाइ छ ।

विश्वका पुँजीवादी मुलुकमा पनि सरकारी विद्यालयको स्तर राम्रो रहेको गौतम जानकारी दिन्छन् । उनी भन्छन्, 'शिक्षा सम्पूर्ण बालबालिकाको अधिकार हो, त्यसैले पनि सबै नागरिकको लागि समान खालको शिक्षा उपलब्ध गराउन राज्यले तदारुकता लिनुपर्ने हुन्छ ।'

फितलो व्यावस्थापन, समर्पित शिक्षकको अभाव, राजनीतिक हस्तक्षेपका कारण मुलुकका सार्वजनिक विद्यालयको शैक्षिक वातावरण नाजुक बनिरहेको छ । वर्षेपिच्छे एसएलसीमा ७० प्रतिशतभन्दा बढी सरकारी विद्यालयका विद्यार्थी फेल हुने अवस्थाले त्यहाँको शैक्षिक गुणस्तर ऐनाझैं छर्लंग छ ।

सरकारले सार्वजनिक विद्यालय सुधारलाई प्राथमिकतामा नराखेको विज्ञहरूको ठम्याइ छ । सार्वजनिक विद्यालयलाई प्राथमिकतामा राखेर सरकारले काम गर्नुपर्ने शिक्षाविद् केदारभक्त माथेमाको विचार छ । सरकारी विद्यालयको स्तरमा सुधार नहुँदा समाजमा असमान शिक्षा प्रणाली विद्यमान भएको उनको भनाइ छ । उनी भन्छन्, 'सार्वजनिक विद्यालयको शैक्षिक, भौतिक स्तर उकास्न सरकार लगानी गर्न पछि हट्नु हुँदैन । अधिकांश जनताका छोराछोरी पढ्ने सार्वजनिक विद्यालयलाई बलियो बनाउनै पर्छ ।' शिक्षाविद् माथेमा सार्वजनिक विद्यालयको स्तर उकास्न सके निजी विद्यालयप्रतिको मोह कम हुने जानकारी दिन्छन् ।

सरकारले निजी विद्यालयलाई अहिलेको जस्तो मुनाफामुखी बनाएर चलाउन छुट दिन नहुने माथेमाको विचार छ । निजी विद्यालयको हावी हुँदा सामाजिक असमानता सिर्जना भएको बताउँदै उनी भन्छन्, 'शिक्षामा अरू व्यवसाय जस्तो नाफामूलक उद्देश्य राखेर लगानी गर्नु हुँदैन । त्यसमा पनि आधारभूत शिक्षामा त सरकारी दायित्व हुनैपर्छ ।'

अहिले चलिरहेको राष्ट्रियकरणको चर्चालाई निरर्थक संज्ञा दिने विज्ञहरू पनि छन् ।

शिक्षाविद् डा. तीर्थ खनियाँ सरकारी विद्यालय चलाउन नसक्नेले निजी विद्यालय राष्ट्रियकरण गर्छु भन्नुको तुक नरहेको विचार राख्छन् । उनी भन्छन्, 'अहिले राष्ट्रियकरणको कुरा उठाउनुको कुनै औचित्य छैन, सरकारी विद्यालयलाई बलियो बनाएमा निजी विद्यालयप्रतिको आकर्षण स्वतः कम भइहाल्छ नि ।'

निजी विद्यालयको राष्ट्रियकरणको विषयबारे निर्णय लिनुपर्दा आम सहमति आवश्यक पर्छ । तसर्थ तत्काले राष्ट्रियकरण गर्ने विषय कुरामै सीमित हुने देखिन्छ, जुन सम्भव देखिँदैन । त्यसकारण निजी विद्यालयलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न छुट्टै प्रभावकारी अनुगमन संयन्त्र निर्माण हुनुपर्ने कुरा उठिरहेको छ । आवश्यक नीति नियम तर्जुमा गरेर कार्यान्वयन पक्ष दरिलो बनाउन सकेमा निजी विद्यालयलाई सेवामूलकरुपले शैक्षिक योगदान पुर्‍याउन सक्ने तर्क गर्नेहरूको संख्या पनि कम छैन । शिक्षाविद् डा. विष्णु कार्की भन्छन्, 'निजी विद्यालयकै कारण करोडौं रुपैयाँ विदेशिनबाट जोगिएको छ, यो सकारात्मक पक्ष हो । अनुगमन चुस्त पार्न निजी विद्यालय हेर्ने छुट्टै संयन्त्र आवश्यक छ ।' ■



खाना पाइने आशामा सदरमुकामसम्म आएका कर्णालीवासी

# भोकालाई आश्वासनमात्रै

**मौसमको प्रतिकूलताले खाद्यान्न उत्पादन हुन नसकेको कालिकोटमा खानाका लागि भाँडाकुँडा र वस्तुभाउसमेत बेच्न बाध्य दुर्गम गाँउलेहरूले आश्वासन बाहेक कुनै सहयोग पाउन सकेका छैनन् ।**

■ **रुद्र खड्का/कालिकोट** (तस्विर पनि)

**विगत १० महिनादेखि** आफूसँग भएका भाँडाकुँडा र खसीबोका बेचेर साँझबिहानको गुजारा चलाएका नानीकोट-२ तोलिभिडका धन सन्ज्याललाई अब के गर्ने भन्ने समस्याले पिरोलेको छ । धन भन्छन्, 'खडेरीले यसपालि खेती नै लगाउन पाइएन । आउने साल सातजनाको परिवार कसरी पाल्ने हो, सोच्नै सकिएको छैन ।'

अघिल्लो चैत र जेठमा गरी दुईपटक आएको असिनाका कारण उनको गहुँ बाली सबै नष्ट भयो । त्यसमाथि यसपालिको खडेरीका कारण वर्षे बाली समेत हुन नसकेपछि खाद्यान्न संकटको मारमा परेका छन् ६२ वर्षीय धन सन्ज्याल । सन्ज्यालमात्र होइन, कालिकोटका दुर्गम गाउँका सर्वसाधारणको अवस्था उस्तै छ । तीमध्ये कतिपयले त वीउको अभावमा यसपालि गहुँको खेतीसम्म पनि गर्न पाएनन् । लगातार पाँच वर्षदेखि फाट्टफुट्ट कहिले असिना त कहिले सुख्खाका कारण राम्रो उत्पादन हुन नसकिरहेका बेला अघिल्लो चैत र जेठको असिनाले सबै गहुँ बाली सखाप पारेपछि हाल कालिकोटका ग्रामीण भेकमा वीउको अभाव भइरहेको छ ।

सन्ज्यालका अनुसार उनलाई आठ पाथी वीउ चाहिएको थियो, तर उनले ३ पाथी बीउ मात्र जोहो गर्न सके । 'गाउँघर र जिल्ला सदरमुकाम सबैतिर खोज्दा पनि समयमा बीउ पाउन सकेनौं', धन भन्छन्, 'असिना र सुख्खाले पहिले मर्कामा थियौं हामी । अब त खाद्यान्न समस्या पर्ने भयो ।'

कर्णाली अञ्चलका पाँच जिल्लामध्ये भौगोलिक बनावटले विकट भए पनि अनाज उत्पादनको दृष्टिकोणले अन्य जिल्लाहरूभन्दा राम्रो मानिँदै आएको कालिकोटमा अघिल्लो वर्षको असिना र सुख्खाले पुऱ्याएको क्षति विगत एक दशकयताकै सबभन्दा ठूलो क्षति भएको स्थानीय बासिन्दा बताउँछन् । असिनाले पाकेको गहुँ बाली मात्र नष्ट पारेन, मेहलुमडी र रँकु गाउमा चारजनालाई बगाएर बेपत्ता बनाएको थियो भने १६ वटा पानीघट्ट समेत बगाएको थियो ।

असिना र सुख्खापछि भोकमरी पीडितहरूले अहिलेसम्म घरमा भएका भाँडाकुँडा बिक्री गरेर गुजारा गर्नु परिरहेको बताएका छन् । गैरसरकारी संस्था लुथरन विश्व फेडेरेसनले असिना र सुख्खा पीडित बासिन्दाहरूको लागि प्रतिव्यक्ति चार किलो चामल, नुन र प्रतिपरिवार ४ केजी गहुँको बीउ नि:शुल्क उपलब्ध गराउनुबाहेक अन्य कुनै पनि सरकारी तथा अन्य निकायहरूले सहयोग नगरेको भोकमरी पीडितहरूले गुनासो गरेका छन् ।

'असिनाले गहुं बाली सखाप पारेपछि पटक-

पटक राहतको लागि सदरमुकाममा रहेका सरकारी-गैरसरकारी कार्यालयहरूमा पुग्यौं', मेहलमुडी-८ का वीरजीत धामी भन्छन्, 'जति पटक पुग्दा पनि आश्वासनबाहेक केही पाएनौं ।' यता जिल्ला विकास समितिले भने असिना पीडितहरूको लागि गहुँको वीउ गाउँमै लगेर बिक्रीको व्यवस्था गरिएको जनाएको छ । स्थानीय बासिन्दाहरूले भने जिल्ला विकास समितिले माओवादीमार्फत बिक्री गरिरहेको गहुँको वीउ पहिलो त समयभन्दा ढिलो भर्खर गाउँमा आइपुगेको र अर्को कुरा गहुँको वीउ निकै महँगो भएका कारण विपन्न जनताले खरिद गर्न नसक्ने अवस्थामा रहेको बताएका छन् ।

लुथरन विश्व फेडेरेसनले कालिकोटका पीडित पाँच गाविसहरू मुम्रा, सिप्खाना, सिउना, मेहलमुडी र फुकोटका २४ हजार ५ सय ७८ जनालाई एक सय मेट्रिक टन चामल तथा १३ मेट्रिक टन गहुँको वीउ र दैलेखको रकमदेखि सम्बन्धित गाउँहरूसम्म ढुवानीको लागि २२ लाख नगद वितरण गरेको जनाएको छ । फेडेरेसनका पश्चिम एकाइ प्रमुख यदुलाल श्रेष्ठका अनुसार असिना पीडितहरूलाई प्रतिपरिवार १५ केजी गहुँको वीउ उपलब्ध गराउने योजना थियो । तर समयमा पर्याप्त गहुँको वीउ पाउन नसकिएपछि प्रतिपरिवार ४ केजी मात्र गहुँको वीउ वितरण गर्नु परेको थियो । कालिकोटका ३० गाविसहरूमध्ये असिनाले गत चैतमा कम्तीमा दसवटा गाविस नराम्रोसँग प्रभावित भए पनि स्थानीय बासिन्दाले पाँचवटा गाविसलाई मात्र राहत वितरण गरिएकोमा गुनासो गरेका छन् ।

रकुँ गाविस लयाटाँका हरिराम देवकोटाका अनुसार वीउ नपाएर यतिखेर असिना पीडित क्षेत्रमा आधा मात्र जमिनमा हिउँदे खेती लागेको छ । पेट पाल्नलाई समेत आम्दानी नभएका बेला गहुँको वीउ खरिद गरेर खेती गर्न गाउँलेहरूलाई गाह्रो परेको धेरैले गुनासो गरेका छन् ।

व्यापक असिना र सुख्खाका कारण यसपालिको हिउँदे बाली कति कृषकहरूले पूर्ण रुपमा लगाउन पाएनन् भन्ने तथ्यांक पाउन गाह्रो भए पनि पीडितहरूले अधिकांश गाउँमा आधाभन्दा कम जमिनमा मात्र खेती हुन सकेको बताएका छन् । उनीहरूका अनुसार हिउँदे खेती हुन नसक्नुमा गहुँको वीउ समयमै पाउन नसक्नु हो । केही कृषकहरू तराईमा गएर वीउ ल्याएर गहुँ रोपेका थिए । लगाएको बाली असिनाले नष्ट पारेपछि स्थानीयस्तरबाट यो वर्ष कालिकोटको लागि १९ हजार क्विन्टल खाद्यान्न माग गरेर पठाए पनि केन्द्रले ६ हजार ४ सय क्विन्टल चामल कालिकोटको लागि स्वीकृत गरेको छ । त्यो चामल पनि भोकमरी पीडितहरूले भन्दा सदरमुकाममा बस्नेहरूले नै प्रयोग गरेका छन् ।

खाद्य संस्थानले कालिकोटमा चामल वितरण यति पक्षपाती तरिकाले गर्ने गरेको छ कि सदरमुकाम मान्माका बासिन्दालाई रासन कार्डमार्फत महिनामा दुईपटक चामल वितरण गरिन्छ । सदरमुकामबाहिरका मान्छेहरू भने चामलको लागि खाद्य संस्थान पुग्दा जहिले पनि फर्कनु पर्ने अवस्थामा रहेको पीडित हंस कामी बताउँछन् ।

खाद्य संस्थान कालिकोटका प्रमुख मुकुन्द घिमिरेका अनुसार विगत लामो समयदेखि नै मान्माका बासिन्दालाई रासन कार्डमार्फत चामल वितरण गरिँदै आएको छ । सडक यातायात कर्णाली नजिकै आइरहेको हुँदा चामलको लागि यतिखेर संस्थानमा धेरै मान्छेहरू नआउने गरेको उनले बताए । खाद्य संस्थानबाहेक कालिकोटमा विश्व खाद्य कार्यक्रमले समेत कामको लागि खाद्यान्न कार्यक्रम जारी राखे पनि स्थानीय बासिन्दाहरूले सधैं अभाव भोग्ने गरेका छन् । ■




# सरकार चनाखो !

**मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६३ प्रस्तावका रूपमा प्रतिनिधिसभामा दर्ता भएको छ । विगतमा चेलिबेटी तथा मानव बेचविखनमा कानुन प्रभावकारी नभएको गुनासो आइरहेकाले मानव बेचविखनलाई कडाइका साथ रोकथाम गर्न नयाँ ऐनको प्रस्ताव गरिएको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बताएको छ ।**



■ गोविन्द परियार/काठमाडौं

**मानव बेचविखन** र वेश्यावृत्ति नियन्त्रण गर्ने उद्देश्यले वेश्यावृत्ति गर्ने र वेश्यागमन गर्ने दुवैलाई सजाय दिने व्यवस्थासहितको नयाँ प्रस्तावित ऐन संसद्मा दर्ता भएको छ । प्रस्तावित यो ऐन पारित भएमा चेलिबेटी बेचविखन र वेश्यावृत्ति नियन्त्रण गर्न सरकारी संयन्त्रलाई थप चनाखो बनाउने आशा यस क्षेत्रका विज्ञहरूले गरेका छन् । अहिले विद्यमान ऐनमा भएका कमी कमजोरी र अत्यावश्यक व्यवस्थाहरू प्रस्तावित ऐनमा परेकाले चेलिबेटी बेचविखन र वेश्यावृत्ति नियन्त्रणलाई सशक्त बनाउने बताइएको छ ।

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६३ प्रस्तावका रूपमा प्रतिनिधिसभामा दर्ता भएको छ । विगतमा चेलिबेटी तथा मानव बेचविखनमा कानुन प्रभावकारी नभएको गुनासो आइरहेकाले मानव बेचविखनलाई कडाइका साथ रोकथाम गर्न नयाँ ऐनको प्रस्ताव गरिएको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बताएको छ । मानव बेचविखनका दोषीहरू कानुनको त्रुटिका कारण उम्किने गरेको विगतको अनुभवले देखाएकाले प्रस्तावित ऐनले दोषीहरूलाई नियन्त्रण गर्ने यस क्षेत्रका विज्ञहरूले बताएका छन् ।

नेपालमा वेश्यावृत्ति गर्नेलाई जीउ मास्ने तथा बेच्ने ऐन २०४३ अनुसार कारबाही गरिने गरेको छ । यो ऐनले वेश्यागमन गर्नेलाई कानुनी कारबाहीको भने कुनै व्यवस्था गरेको छैन, तर नयाँ प्रस्तावित ऐनले वेश्यागमन गर्नेलाई समेत एक महिनादेखि २० वर्षसम्मको जेल सजाय र जरिवाना गर्ने व्यवस्था गरेको छ ।

मानव बेचविखनमा अहिलेको ऐनले पीडितलाई क्षतिपूर्तिको समेत कुनै व्यवस्था गरेको छैन । यी विविध त्रुटिका कारण नयाँ ऐन ल्याउने तयारी मन्त्रालयले चार वर्षअगाडि गरेको भए

पनि मुलुकमा देखिएको राजनीतिक वातावरणका कारण अहिले संसद्मा पेस गरेको मन्त्रालय स्रोतले *समय*लाई बतायो। प्रस्तावित ऐनमा मानव बेचविखनमा संलग्नहरूलाई ५० हजारदेखि २ लाखसम्म जरिवाना र जेलसजायको व्यवस्था समेत गरेको छ।

सरकारले संयुक्त राष्ट्रसंघीय मानव बेचविखनसम्बन्धी महासन्धिमा नेपालले हस्ताक्षर गरे पनि सोअनुरुप घरेलु कानुनहरूमा संशोधन गरेको छैन। घरेलु कानुनमा संशोधन नभएका कारण महासन्धिको मूल मर्म नै सुनुवाइ हुन सकेको थिएन। महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका कानुन शाखाका एक अधिकृत भन्छन्, 'मानव बेचविखनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिसँग मिलाउन र मानव बेचविखन र वेश्यावृत्ति नियन्त्रण गर्न यो ऐन प्रस्ताव गरिएको हो।'

घटनाको प्रकृति हेरेर मानव बेचविखन गर्नेलाई एकदेखि ५ लाख रुपैयाँसम्म जरिवाना र २० वर्षसम्म जेलसजायको व्यवस्था प्रस्तावित नयाँ ऐनले गरेको छ। प्रतिनिधिसभामा स्वीकृतिको लागि दर्ता गरिएको यो विधेयक केही दिनमै स्वीकृत हुने मन्त्रालयले बताएको छ। माइती नेपालका निर्देशक विश्वराम खड्का भन्छन्, 'पुरानो ऐनले समेट्न नसकेका कतिपय व्यवस्था यो ऐनले गरेको छ, तर चुस्त कार्यान्वयन गर्न सरकारका संयन्त्र भने चनाखो हुनुपर्छ।' ऐनको ड्राफ्ट तयार पारेको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले विगतमा भएको ऐनलाई अझ बढी चुस्त बनाएर प्रभावकारी कार्यान्वयन गराउने उद्देश्यले नयाँ प्रस्तावित ऐनले गरेको बताएको छ। महिला कानुन तथा विकास मञ्च कानुन शाखाकी प्रमुख मीरा ढुंगाना भन्छिन्, 'अहिलेको चेलिबेटी बेचविखन ऐनले चेलिबेटीमा मात्रै सीमित भएकाले मानव अंग बिक्री लगायतका अन्य समस्यामा मौन थियो, तर नयाँ प्रस्तावित ऐनले त्यसलाई समेट्न खोजेको छ।'

नेपालमा सरकारी र गैरसरकारी पहलबाट प्रत्येक वर्ष चेलिबेटी बेचविखनमा सचेतनात्मक कार्यक्रम संचालन हुने गरे पनि तुलनात्मकरुपमा कमी आएको छैन। यसको दोष भने फितलो कानुन नै भएको यसमा कार्यरत संस्थाहरूले बताएका छन्। फितलो कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन संयन्त्र नभएका कारण बालबालिका तथा चेलिबेटी बेचविखन नरोकिएको विज्ञहरू बताउँछन्।

भारतसँगको खुला सिमानाका कारण ग्रामीण क्षेत्रका महिलाहरू सहजैरुपमा भारतका विभिन्न सहरमा बेचिने गरेका छन्। गैरसरकारी संस्थाहरूको तथ्यांकअनुसार भारतका विभिन्न सहरमा अहिले पनि करिब दुई लाखको हाराहारीमा नेपाली महिलाहरू बाध्यात्मक वेश्यावृत्ति गर्न बाध्य छन्। प्रहरी प्रशासनको चेलिबेटी बेचविखनमा सक्रिय दलालहरूसँगको मिलेमतोका कारण कतिपय बेचविखनका दोषीहरू समेत उम्कने गरेको गुनासो चेलिबेटी बेचविखन रोकथाम क्षेत्रमा कार्यरत संस्थाहरूको छ। एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको तथ्यांकअनुसार केन्द्रमा गएर रगत परीक्षण गराएकाहरूमा १६ हजार महिलाहरूमा एचआइभी पोजेटिभ देखिएको छ। नेपालमा भारतका गएर मजदुरी गर्ने र विभिन्न सहरमा वेश्यावृत्ति गरेर फर्किएकाहरूमा एचआइभी एड्सको संक्रमण उच्च रहेको छ।

मुम्बई र पुनामा रहेका केही कोठीहरू नेपालीले समेत संचालन गरेका छन्। चेलिबेटी बेचविखनमा संलग्न दलालहरूको प्रमुख योजनाकारहरू भारतमै बस्ने र यहाँका सामान्य मानिसलाई भारतसम्म पुऱ्याउनको लागि परिचालन गर्ने गरेकाले पनि वास्तविक अपराधीहरू पक्राउ हुन सकेका छैनन्। खड्का भन्छन्, 'चेलिबेटी बेचविखनका योजनाकार र मुख्य अपराधीहरू भारतीय सहरमा बसेर योजना बनाउने र नेपालमा भने सामान्य मानिसलाई विभिन्न आश्वासवन दिएर परिचालन गर्ने भएकाले कानुनमा दोषीहरू उम्किने गरेका छन्।' नेपाल-भारत सुपुर्दगी सन्धिले नेपालमा अपराध गरेर भारतमा बसेकाहरूलाई नेपाल प्रहरीले नै पक्राउ गर्न सक्ने अधिकार दिएको छ। तर यो पहलअनुरुप अझैसम्म एकजना पनि पक्राउ परेका छैनन्। सुपुर्दगी सन्धिले भारतीय नागरिकको हकमा पक्राउ गर्ने अधिकार नदिएको र यस्ता अपराधहरूमा अधिकांश योजनाकार भारतीय नागरिक हुने गरेकाले पनि अपराधीहरू खुलेआम यस्ता धन्दा संचालन गरिरहेका छन्। केही समयअघि माइती नेपालको पहलमा इन्टरपोलमार्फत भारतका मुम्बई र पुनामा वेश्यावृत्तिका योजनाकारहरू पक्राउ गर्ने पहल त्यहीको स्थानीय प्रहरीको असहयोगका कारण असफल भएको थियो। यसले नेपालमा वेश्यावृत्तिको मात्रा घटाउन र नियन्त्रण गर्नको लगि भारतको पूर्ण सहयोग आवश्यक पर्ने भएकाले सरकारीस्तरमा नयाँ सम्झौता हुनुपर्ने आवश्यकता देखाएको छ। दलित महिला संघकी अध्यक्ष दुर्गा सोव भन्छिन्, 'चेलिबेटी बेचविखनलाई नियन्त्रण गर्नुअगाडि त्यसका मूल कारणहरू गरिबी, अशिक्षा र सामाजिक विभेद लगायतका मुद्दालाई पनि सँगै लैजानु पर्छ।' गरिबी र चेतनाको अभावका कारण ग्रामीण क्षेत्रका विशेष गरेर दलित र जनजाति महिलाहरू बेचविखनको सिकार हुने गरेका छन्। सोव भन्छिन्, 'बेचविखनको नियन्त्रण गर्न जतिसुकै कडा कानुन बने पनि त्योसँग जोडिएका समस्यालाई सम्बोधन गरिएन भने त्यसको मात्रा झनै बढ्छ।'

यौनव्यवसायको लागि चेलिबेटी बेचविखन गर्ने मात्र नभई मानव अंग प्रत्यारोपण र श्रम शोषणका लागि पनि नेपाली महिला तथा पुरुषहरू भारत लगायतका देशमा बेचिन थालेका छन्। गरिबीमा पिल्सिएकाहरूले आर्थिक लाभको आशामा शरीरका अंगहरू सुलभ मूल्यमा बिक्री गर्न थालेका छन्। नयाँ ऐनले मानव बेचविखनका सबै पक्षलाई समेटेको छ। स्वास्थ्यप्रतिको चेतनाको कमीका कारण दलालहरूले यस्तै मानिसलाई तारो बनाएर उनीहरूको स्वास्थ्यमा दीर्घकालीन असर हुने अंगहरू समेत बाध्यात्मक बिक्री गराउन थालेका छन्। यो ऐन संसद्बाट पारित भएपछि भने मानव अंग बिक्री वितरणलाई कानुनले बाँध्नेछ। अहिले विद्यमान कानुन मानव अंग बिक्री वितरणमा समेत मौन थियो।

विगतको दशक लामो द्वन्द्वका कारण गाउँबाट विस्थापित भएकाहरूले रोजगारीको अभावमा राजधानी लगायतका सहरी क्षेत्रमा बाध्यात्मक वेश्यावृत्ति गर्ने गरेका थिए। तर सरकार र माओवादीबीच शान्ति सम्झौता भएर द्वन्द्व अन्त्य गर्ने सहमति भएपछि राजधानीमा बढेको मानव चापका कारण वेश्यावृत्ति फस्टाएको बताइएको छ। खड्का भन्छन्, 'केही वर्षअगिको तथ्यांक र अहिलेको तथ्यांकले राजधानीमा वेश्यावृत्ति गर्नेको संख्या बढेको देखाएको छ।' राजधानीमा मौलाउँदै गएको पश्चिमी सभ्यताको देखासिकीले मौलाउँदै गएका क्याबिन रेस्टुरेन्ट, डान्स रेस्टुरेन्ट र डिस्को थेकहरूमा खुलेआम वेश्यावृत्ति हुने गरेको जानकारहरू बताउँछन्। वेश्यावृत्तिले त्योसँगै थप अपराधसमेत सृजना गर्ने तर्क विज्ञहरूको छ, तर नयाँ ऐनले वेश्यावृत्ति गर्ने र गराउने दुवैलाई कानुनमा बाँधेका कारण त्यसको मात्रामा कमी आउने आशा गरिएको छ। ■


MOBILE REPAIR CENTER

All Kinds of Mobile Phone Unlock and Repair


MY C500

SAGEM - All Models
SONY ERICSSON - All Models
MOTOROLA - All Models
PANASONIC - All Models
SIEMENS - All Models
SHARP - All Models
LG - All Models


Sagemmy 401

BENQ - All Models
SAMSUNG - All Models
SANYO, 02 - TOSHIBA & NOKIA

१. हाम्रा ग्राहकहरुलाई छिटोभन्दा छिटो सर्भिस दिन्छौं। २. सबै थरीको स्पेयर पार्टसहरु उपलब्ध छन्

Electro Concern

SHOP NO. 113, BISHAL BAZAR, 1ST FLOOR NEW ROAD 4266833, 4223101

यो कटिङ लिएर आउनेलाई १५% discount प्रदान गरिनेछ।



युगान्डामा रहेका नेपाली संख्यामा थोरै भएकाले एउटै परिवारजस्तो भएर बसेका छन्

# बढ्दै छ संख्या

**धनीमानी र** शिक्षितहरूका लागि युरोप, अमेरिका अनि अर्धशिक्षित तथा न्यून आर्थिक अवस्थामा रहेकाहरूका लागि मलेसिया तथा खाडी जाने नेपालीहरूको संख्या बर्सेनि चुलिँदो छ । तर दक्षिणी गोलार्द्धको सीमानामा भू-मध्य रेखासँगै रहेको अफ्रिकी मुलुक युगान्डा पुगेर नेपालीहरूलो आफ्नो सीप र क्षमता देखाएका छन् भन्ने कुरा विरलै सोचिन्छ । यस पूर्वी अफ्रिकी मुलुकमा काम गर्ने काम गर्ने नेपालीको संख्या क्रमिक रुपमा बढ्दै छ ।

युगान्डाको राजधानी कम्पालामा अहिले झन्डै ७० जना नेपाली विभिन्न पेसा अपनाएर काम गरिरहेका छन् । दसैंजस्तो चाडपर्व र अन्य अवसरमा एकै ठाउँमा भेला भई देशबाट बाहिरिएको न्यास्रो मेटाउँछन् ।

गरिबी, द्वन्द्वग्रस्त समाज र विकासोन्मुख यस मुलुकमा नेपालीहरूले आ-आफ्नै सीप र क्षमता प्रयोग गरी नेपालको अस्तित्व जनाएका छन् । 'यति टाढा त्यो पनि अफ्रिकी मुलुकमा कोही नेपाली आएर काम गर्छ भन्ने कुरा अझै पनि अपत्यारिलो लाग्न सक्छ', युगान्डास्थित आर्मर ग्रुपका अमेरिकी विभागका डेपुटी प्रोजेक्ट म्यानेजर गणेश गुरुङ भन्छन्, 'तर हेर्दाहेर्दै यहाँ आएर काम गर्ने नेपालीको संख्या बढ्दो रहेको छ ।'

ब्रिटिस गोर्खाको २६ वर्षे फौजी जागिरबाट अवकाशप्राप्त गुरुङ विगत एघार वर्षदेखि युगान्डामा रहेका छन् । अमेरिकी तथा बेलायती संयुक्त लगानीमा रहको उनी काम गर्ने आर्मर ग्रुपले युगान्डामा रहेका अमेरिकी राजदूतावास र बेलायती उच्च नियोगका कर्मचारी लगायत यसका अन्य सुरक्षाको सम्पूर्ण जिम्मा लिएको छ । युगान्डास्थित अमेरिकी र बेलायती नियोगको सुरक्षाको प्रमुख जिम्मा यहाँ रहेका सोह्रजना नेपालीको नेतृत्वमा छ । उनीहरू सबै पूर्व ब्रिटिस गोर्खा सैनिक हुन् ।

'हामीअन्तर्गत झन्डै साढे चारसय यहाँका नागरिक कार्यरत छन्', गुरुङ भन्छन्, 'सैनिकको झैं तालिम अभ्यास दिएर उनीहरूलाई तहअनुसारको सुरक्षाको जिम्मेवार सुम्पन्छौं । तालिममा हतियार चलाउन समेत सिकाइन्छ ।'

आर्मर ग्रुपअन्तर्गत कार्यरत यी सबै पूर्व ब्रिटिस गोर्खा सैनिकको कामको प्रशंसा पनि त्यत्तिकै छ । 'अहिलेसम्म हामी जिम्मेवारीबाट चुकेका छैनौं', गुरुङ बताउँछन् ।

युगान्डामा रहेर प्रतिष्ठित संस्थामा काम गर्ने केही नेपालीहरू पनि छन् । उमानाथ सञ्जेल कन्सर्न वर्ल्डवाइड नामक एक गैरसरकारी संस्थाको सहायक निर्देशकको रुपमा कार्यरत एक प्रतिनिधि उदाहरण हुन् । यसअघि संयुक्त राष्ट्रसंघीय निकायअन्तर्गत अफगानिस्तानमा कार्यरत उनी विगत ४ वर्षदेखि युगान्डामा सक्रिय छन् । 'लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्वबाट गुज्रिएको युगान्डाको धेरै कुरा नेपालसँग मिल्दाजुल्दा छन्', सञ्जेल भन्छन्, 'नेपालमै पनि अन्तर्राष्ट्रिय संस्थामा रहेर काम गरेको अनुभवले मलाई यहाँसम्म ल्याइपुऱ्यायो ।'

फोटोसम्बन्धी प्राविधिज्ञको रुपमा एक वर्षअघि दुईजना नेपाली युवा अहिले यहाँको राजधानी कम्पालास्थित फोटो स्टुडियोमा कार्यरत छन् । जोर्डनी व्यापारीको 'हाइटेक फोटोग्राफिक स्टुडियो'मा कार्यरत उनीहरूलाई कम्पनीले राम्रो तलब उपलब्ध गराएको छ । 'अफ्रिकामा आएर फोटो स्टुडियोमा काम गरिएला भन्ने कहिल्यै सोचिएको थिएन', चितवनका केदार कुँवर भन्छन्, 'काम गर्ने जोसले यति टाढाको मुलुकमा ल्याइपुऱ्यायो, तर हामीले यहाँ जे गरेका छौं त्यसमा सन्तुष्ट छौं ।'

कम्पालामा विगत पाँच वर्षयता भारतीयहरूले खोलेका रेस्टुराँमा सेफ भएर काम गर्न जाने नेपाली प्रशस्तै भेटिन थालेका छन् । काठमाडौंवासी श्याम नेपाल यहाँ छिरेर लामो समयसम्म बसोवास गर्ने नेपाली मानिन्छन् । विगत एघार वर्षदेखि उनी यहाँको एक भारतीय रेस्टुराँमा प्रमुख सेफ भएर काम गरिरहेका छन् । अहिले प्रायः भारतीय रेस्टुराँमा नेपालीहरू सेफ र कामदारको रुपमा काम गरिरहको भेटिन्छन् । उल्लेख्य कुरा के छ भने उनीहरू नेपालबाट नभई भारतबाट यहाँ छिरेका हुन् । भारतका विभिन्न होटल तथा रेस्टुरेन्टमा काम गरिरहेकाहरू यी नेपालीहरू विभिन्न सम्पर्कले युगान्डा आइरहेका छन् । नेपाली कामदारलाई भारतीयको तुलनामा कम पैसा दिए पनि हुने र उनीहरूको व्यवसायिकताका कारण उनीहरू रोजाइमा परेका हुन् ।

घरेलु कामदारका रुपमा पनि झन्डै एक दर्जन नेपाली काम गरिरहेको गुरुङ बताउँछन् । 'यीमध्ये कतिपयले दुःख पाएका छन् र उनीहरूमाथि शोषण भएको छ', गुरुङ भन्छन्, 'कम ज्याला दिएर ल्याइएका उनीहरू घरभित्रकै काममा खटिनु पर्छ । उनीहरूको राहदानी मालिकले जफत गरिदिएकाले उनीहरू स्वतन्त्र रुपमा घुमफिर पनि गर्न पाउँदैनन् ।'

युगान्डाका लागि नेपाल पनि एउटा अपरिचित मुलुक नै हो । यहाँका कतिपयले नेपाल भन्ने देशको नाम पनि सुनेकासम्म थिएनन् । तर १९ दिने लामो जनआन्दोलनका कारण सिएनएन तथा बिबिसी लगायत अन्य सञ्चारमाध्यमले यहाँको समाचार निरन्तर प्रसारण गरेपछि धेरै युगान्डाली नागरिकले नेपालबारे थाहा भएको कुँवर बताउँछन् । उनी भन्छन्, 'कतिपयले त तिमी नेपालीहरू त निकै निडर र संगठित रहेछौ र निरंकुश राजतन्त्र ढाल्यौ भन्ने समेत प्रतिक्रिया दिएका थिए ।'

■ **मनीष गौतम/युगान्डा** (तस्वीर पनि)




तेज बस्नेत

# सप्रन पाँच वर्ष !

## सार्क मुलुकमा नेपालको शासन व्यवस्थाको अवस्था कमजोर देखिएको छ । भुटानभन्दा पनि हाम्रो अवस्था निकै पछाडि रहेको छ ।

■ **किरण भण्डारी/काठमाडौं**

**विशाल छिमेकी** मुलुक र विश्वका विकासोन्मुख मुलुकहरूले छलाङ मारेको एक दशकको अवधिमा नेपालको शासन व्यवस्था झनै गएगुज्रेको सरकारले नै स्विकारेको छ । सरकारका अधिकारीहरूले निजामती सेवमा सुधारका प्रयासहरूको कार्यान्वयन युद्धस्तरमा भएको खण्डमा पनि आधा दशकको अवधिमा मात्र नेपाल पूर्ववत् अवस्थामा फर्कने निष्कर्ष निकालेका छन् ।

निजामती सेवाको दसवर्षे सोचपत्रसम्बन्धी मस्यौदामा शासन अवस्थाका मापनका आधारहरू र त्यसको अवस्थाबारे उल्लेख गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र सामान्य प्रशासन मन्त्रालयले पुस १९ गते आयोजना गरेको सोचपत्रसम्बन्धी सार्वजनिक बहस कार्यक्रममा शासनको अवस्थाबारे छलफल भएको थियो ।

सोचपत्र तयार गर्न बनेको सरकारको कार्यदलको संयोजक एवं कायम मुकायम सचिव ताना गौतमले विभिन्न कारणले गर्दा नेपालको शासन अवस्था बर्सेनि गिर्दै गएको उल्लेख गरेका थिए । डि काउफम्यान, ए क्रेइ-एम मास्ट्रुजीले प्रतिपादन गरेको ६ वटा सूचकहरूको आधारमा विश्व बैंकले सन् १९९६ देखि सदस्य राष्ट्रको शासन व्यवस्थाको अवस्था मापन गर्दै आएकोमा सोचपत्रले त्यसकै आधारमा नेपालको अवस्था तुलना गरेको छ ।

सार्क मुलुकमा नेपालको शासन व्यवस्थाको अवस्था कमजोर देखिएको छ । भुटानभन्दा पनि हाम्रो अवस्था निकै पछाडि रहेको छ । राजाको सक्रिय शासन सुरु भएपछि शासन व्यवस्थाको अवस्था झनै दयनीय बन्दै गएको सोचपत्र प्रस्तुतिको क्रममा गौतमले बताएका थिए । लोकतन्त्र र स्थायित्वले निजामती सेवाको प्रभावकारिता र अन्ततः अन्य सूचकहरूलाई प्रभावित पार्ने निष्कर्ष यसबाट निकाल्न सकिन्छ ।

हालैका वर्षहरूमा विकास भएको शासन व्यवस्थाको प्रभावकारिता मापनको पद्धतिअन्तर्गत विभिन्न किसिमका सूचकहरूको आधारमा शासन व्यवस्थाको प्रभावकारिताको अध्ययन गरी विभिन्न देशको अवस्था मूल्यांकन गर्ने गरिएको छ । सूचकहरू राजनीतिक र प्रशासनिक दुवै प्रकृतिका छन् । यसबाट राजनीति र निजामती सेवाको गुणस्तरले शासन व्यवस्थाको अवस्थालाई निर्धारण गरेको हुन्छ भन्ने स्पस्ट भएको छ । यी सूचकहरूको आधारमा शासन व्यवस्थालाई शून्य (०) (धेरै खराब)देखि १०० (धेरै असल)सम्मको अंकमा मापन गरिएको छ । शासन व्यवस्था मापनका ती सूचकहरूमा आवाज र उत्तरदायित्व, राजनीतिक स्थिरता र हिंसारहित अवस्था, सरकारको प्रभावकारिता, नियामक गुण, विधिको शासन र भ्रष्टाचार नियन्त्रण हुन् । राजनीतिक स्थिरता र हिंसारहित अवस्था १९९६ मा २८.८ रहेकोमा २००५ मा हवात्तै घटेर १.९ बनेको छ । आवाज र उत्तरदायित्वको मापन गर्दा सोही अवधिमा ५२.९ बाट १४.५ मा झरेको छ ।

सोचपत्रले 'नेपाललाई स्वच्छ, समुन्नत र सुसंस्कृत राष्ट्मा रुपान्तरण गर्नको लागि उत्तरदायी व्यवसायिक र प्रतिस्पर्धी निजामती सेवा'को दसवर्षे दूरदृष्टि राखेको छ । विगतमा प्रशासन सुधारका लागि आयोग वा समिति गठन हुँदा स्वतन्त्र विज्ञहरूलाई राख्ने परम्परालाई तोडेर कर्मचारीले बनाएको सोचपत्र भए पनि प्रतिवेदन निकै हिम्मतिलो देखिएको छ ।

प्रशासन सुधार आयोगका प्रतिवेदनहरूको कार्यान्वयनको स्थितिको फेहरिस्त यसले पस्केको छ । बुच आयोग २००९, प्रशासनिक पुनर्गठन योजना आयोग २०१३, प्रशासन सुधार आयोग २०२५, प्रशासन सुधार आयोग २०३२ र प्रशासन सुधार आयोग २०४८ आयोगका सुझावहरूको सारसंक्षेप, कार्यान्वयनको अवस्थाबारे प्रतिवेदनमा उल्लेख गरिएको छ ।

ती प्रत्येक आयोगका कतिपय सुझावहरू दोहोरिए पनि कार्यान्वयनको अवस्था भने फितलो नै देखिन्छ ।

### नेपालको शासन व्यवस्थाको अवस्था (सन् १९९६–२००५)

| | १९९६ | १९९८ | २००० | २००२ | २००४ | २००५ |
|---|---|---|---|---|---|---|
| आवाज र उत्तरदायित्व | ५२.९ | ४६.९ | ४३.५ | ३०.९ | २१.७ | १४.५ |
| राजनीतिक स्थिरता र हिंसारहित अवस्था | २८.८ | १९.८ | १०.४ | ५.७ | ३.८ | १.९ |
| सरकारको प्रभावकारिता | ४०.५ | ११ | २९.२ | ३८.३ | २०.१ | १५.३ |
| नियामक गुण | ३४.३ | ३२ | २८.६ | ३२.५ | २६.६ | २८.७ |
| विधिको शासन | ४०.७ | ४७.६ | ४३.८ | ३९.९ | २७.९ | २५.१ |
| भ्रष्टाचार नियन्त्रण | ४८.८ | २८.४ | ३३.८ | ४०.२ | ३०.४ | २९.१ |

## दस वर्षपछिको निजामती सेवा निम्न अवस्थामा रुपान्तरण हुने अनुमान गरिएको छ :

| हालको अवस्था | दस वर्षपछिको अवस्था |
|---|---|
| स्पष्ट कार्यविवरण र पालनाको अभाव | कार्यविवरणको पालना हुने |
| बन्द र अपारदर्शी कार्यशैली | खुला र पारदर्शी कार्यशैली |
| अधिकारको अत्यधिक केन्द्रीकरण | अधिकारको पूर्ण विकेन्द्रीकरण |
| नियन्त्रण र आदेशमा सञ्चालित सेवा | सशक्तिकरण, सहज, सहभागिता र स्वस्फूर्त सेवा |
| मानव सम्पादित कार्यपद्धति | विद्युतीय उपकरणमुखी कार्य पद्धति |
| अधिकांश सेवा प्रवाहमा निजामती सेवा | सेवा प्रवाहमा बहुनिकायबीच साझेदारी र प्रतिस्पर्धा |
| प्रक्रियामूलक कार्यविधि | उपलब्धिमूलक कार्यविधि |
| भ्रष्ट र कमिसनमुखी व्यवहार | स्वच्छ र सदाचार व्यवहार |
| राजनीति र प्रशासनको कार्यक्षेत्र र अधिकारमा अस्पष्टता | राजनीति र प्रशासनबीच कार्यक्षेत्र र अधिकारको स्पष्ट सीमांकन |
| मालिकरुपी भावनाको प्रदर्शन | सार्वजनिक सेवकमा रुपान्तरण |
| मनोगत निर्णय पद्धति | सूचनामा आधारित निर्णय पद्धति |
| प्रतिक्रियात्मक चिन्तन | पूर्वक्रियाशील चिन्तन |
| मूलभूत मूल्य-मान्यताको न्यून पालना | इमानदारी, निष्पक्षता, तटस्थता, कर्मनिष्ठता जस्ता मूल्यको परिपालना |
| बोझिलो र खर्चिलो संगठनात्मक संरचना | छरितो र उत्पादक संगठन संरचना |
| अपारदर्शी र हचुवा वृत्तिविकास योजना | योग्यतामूलक, पारदर्शी र प्रक्षेपणीय वृत्तिविकास योजना |
| सामान्य नीतिगत सल्लाह | पेसागत एवं गुणस्तरीय नीतिगत सल्लाह |
| औपचारिकतामा सीमित सेवा प्रवाह | गुणस्तरीय र सेवाग्राहीमुखी सेवा प्रवाह |
| सीमित वर्गको प्रतिनिधित्व | सेवा समावेशी चरित्रमा रुपान्तरण |
| सीमित ज्ञानमा आधारित सेवा | बृहद् ज्ञानमा आधारित सेवा |
| जनविश्वास र भरोसामा ह्रास | जनविश्वास र भरोसामा वृद्धि |
| प्रशासन सुधारप्रति निरपेक्ष नागरिक समाज | प्रशासन सुधारका लागि सचेत र क्रियाशील नागरिक समाज |
| यथास्थितिवादी सोच र चिन्तन | परिवर्तनउन्मुख सोच र चिन्तन |
| ह्रासोन्मुख मनोबल र उत्प्रेरणा | उच्च मनोबल र उत्प्रेरणा |

# मन्त्रीद्वारा अल्टिमेटम



**निजामती सेवा** ऐनको अभावमा दैनिक प्रशासन संचालनदेखि नयाँ भर्ना, नियुक्ति, बढुवा लगायतका प्रक्रिया ठप्प भएपछि त्यसलाई ल्याउन सामान्य प्रशासनमन्त्री धर्मनाथ साहले अभियान नै छेडेका छन्। सरकारले ऐन संशोधन विधेयक संसद्मा पठाएको ४ महिना पुग्न लाग्दा समेत ऐन पारित नभएकोमा उनी आक्रोशित समेत भएका छन्।

संशोधन मस्यौदाका पक्षमा खरो धारणा प्रस्तुत गर्दै आएका मन्त्री साहले केही दिनभित्र ऐन नआएमा राजीनामा दिने धम्कीसमेत दिएका छन्। 'निजामती प्रशासन ७ महिनादेखि विना ऐन-कानुन चलिरहेको छ', निजामती सेवाको सोचपत्रसम्बन्धी सार्वजनिक बहस कार्यक्रमपछि संवाददाताहरूसँग उनले भने, 'यही अवस्था रहिरहने हो भने म मन्त्रीमा बसिरहन सक्दिनँ।'

रिक्त सचिव पद पूर्ति हुन नसकेको र कायम मुकायमहरूको अवधि केही दिनमा सकिने हुँदा फेरि निमित्त सचिवबाट देश चलाउनुपर्ने अवस्था आउन लागेकोमा विभागीय मन्त्रीले दुःख व्यक्त गरेका छन्। 'कहीं नभएको जात्रा हाँडीगाउँमा भइरहेको छ', उनले भने, 'लामो समयदेखि रिक्त रहेको सचिव पूर्ति गर्नुको साटो फेरि निमित्तबाट प्रशासन चलाउनुपर्ने अवस्था आउँदै छ।'

साउनमा विभिन्न मन्त्रालय र क्षेत्रीय प्रशासकहरू १५ सचिवहरू कायम मुकायम गरिएकोमा तिनीहरूको म्याद माघमा सकिँदै छ। प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा विचाराधीन विधेयक पारित नभई सचिव पद पूर्ति गर्न मिल्दैन। राजाको शासनमा भएको निजामती सेवा ऐनको संशोधन अध्यादेश असारमा निष्क्रिय भएपछि कतिपय व्यवस्थाहरू शून्य रहेको अवस्था छ।

निजामती प्रशासन तहगत एकीकृत तहगत प्रणालीमा जाने गृहकार्यमा जुटिरहेका बेला त्यससँग निरपेक्ष सोचपत्रको औचित्यबारे साहले सार्वजनिक छलफल कार्यक्रममा प्रश्न तेर्स्याएका छन्। 'संसद्ले समेत तहगत भनिसकेको छ, के हो यो दसवर्षे भिजन पेपर भनेको', आक्रोश व्यक्त गर्दै उनले भनेका छन्, 'यो किन पाँच, पन्ध्र वा पच्चीस वर्ष भएन।'

सामुन्ने रहेको समस्या र अवरोधहरूलाई नपन्छाई दीर्घकालीन सोच तयार गर्ने काम औचित्यपूर्ण नभएको साहको कथन छ।

सोचपत्रले सामान्य प्रशासन मन्त्रालय खारेज गर्नुपर्ने भनी निकालेको निष्कर्षमा पनि मन्त्री साहले आपत्ति प्रकट गरेका छन्। 'सामान्य प्रशासन मन्त्रालय किन खारेज गर्ने जब कि यो देशको सबैभन्दा अस्तव्यस्त अवस्था प्रधानमन्त्री कार्यालयको नै छ', उनले भने, 'अरू देशको प्रधानमन्त्री कार्यालय हेरौं, हाम्रो अवस्था हेरौं, मन्त्रालय हेर्ने एउटा डेस्क समेत छैन।'

विधेयक जतिसक्दो चाँडो पारित गराउन मन्त्री साह दौडधुपमा समेत व्यस्त छन्। सोही क्रममा पुस १९ गते दिउँसो १ बजे राज्य व्यवस्था समितिसमक्ष 'डेलिगेसन' गएका छन्। निजामती सेवा ऐन अत्यावश्यक भएकाले शीघ्र जारी गर्नि उनले समिति अध्यक्ष हृदयराम थानीसमक्ष अनुरोध गरेका थिए। सामान्य प्रशासन सचिव युवराज पाण्डेसहित समिति सभापतिसमक्ष पुगेका साहलाई थानीले निजामती सेवाको एकीकृत तहगत प्रणालीबारे पेस गर्दा दलहरूबीच सहमतिसहित आए बाधक नबन्ने आश्वासन दिएका छन्।

मन्त्री साहले यस विषयमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सभामुख सुवासचन्द्र नेम्वाङ लगायतका सरोकारवाला उच्च अधिकारीहरूसँग छलफल गरिसकेका छन्।

निजामती कर्मचारी संगठनका महासचिव भोला पोखरेलले मन्त्रिपरिषद्बाट सर्वसम्मतले पारित, लोकसेवा आयोगले सहमति जनाएको मस्यौदामा सचिवहरू र आयोग पदाधिकारीहरूबाट नै विभिन्न किसिमको धारणा व्यक्त भएकाले यो ढिलाइ भएको आरोप लगाएका छन्। ■

उदाहरणको लागि २०२५ सालमा नै निजामती कर्मचारीलाई अधिकृतमुखी बनाउन, राजपत्रअनंकित र राजपत्रांकितको भेद अन्त्य गर्न र बढुवा प्रणालीलाई व्यवस्थित गर्न भनिएकोमा अहिलेसम्म कार्यान्वयन हुन नसक्दा सुझावहरू कर्मकाण्डको हैसियतमा मात्र सीमित रहेका छन् ।

प्रशासन सुधार आयोगका प्रमुख सिफारिसहरू जस्तै मन्त्रालयको संख्या निर्धारण, पद वर्गीकरणयोजना, वृत्तिविकास योजना, एकीकृत निजामती सेवा, अधिकारको विकेन्द्रीकरण र संगठनात्मक संरचनामा विस्तार जस्ता पक्षहरू पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको सोचपत्रमा उल्लेख छ ।

निजामती सेवा शासन व्यवस्थाको आधारस्तम्भ भएको कुरा दोहोऱ्याइएको छ । स्थायी सरकार भनिने निजामती सेवा जति प्रभावकारी हुन्छ त्यति नै शासन व्यवस्था प्रभावकारी हुन सक्छ । पश्चिमी विकसित देशहरूको उदाहरण लिने हो भने अठारौं शताब्दीदेखि नै त्यहाँको निजामती सेवालाई योग्यतामा आधारित बनाई सुधार गर्ने प्रक्रियालाई निरन्तरता दिइयो । फलस्वरुप ती देशको निजामती सेवा राजनीतिक नेतृत्वलाई नीति निर्माण गर्ने कार्यमा आवश्यक सूचना र सल्लाह दिन सफल भयो । जनतामा पुऱ्याउने सेवालाई प्रभावकारी बनाउन सक्षम भयो ।

'गुणस्तरीय सेवामार्फत देशको शासन प्रणालीलाई असल र प्रभावकारी बनाउन सहयोगी निजामती सेवा' भन्ने मूल परिलक्ष्य निर्धारण गर्दै सोचपत्रले त्यसलाई हासिल गर्ने कार्यतालिका बनाएको छ । कार्यतालिका तुरुन्त, ६ महिना, एक वर्ष, तीन, पाँच र दस वर्षभित्र भनी तय गरिएको छ ।

कार्यतालिकासहित १ सय ६१ वटा काम समयसीमा सहित तोकिएका छन् । तीमध्ये वर्षभरिमा ७८, तुरुन्त ५६, १२ वटा वर्षभरिमा सुरु गरिसक्ने गरी बाँकीलाई मात्र लामो अवधिको लक्ष्य बनाइएको छ । यो दूरदृष्टिको पूर्ण कार्यान्वयनबाट रुपान्तरणले कहाँ पुऱ्याउँछ भन्ने पूर्वानुमान समेत गरिएको छ ।

छलफल कार्यक्रमका संचालक एवं कार्यदलका सदस्य अर्थ मन्त्रालयका सह-सचिवले कार्यक्रम सुरु गर्दा उद्घोष वाक्यांशलाई प्रमाणित गर्ने विभिन्न प्रसंगहरू प्रतिवेदनमा छन् । वास्कोटाले 'भ्रष्ट र कमिसनमुखी भनी आरोप लागिरहेको निजामती प्रशासनलाई स्वच्छ र सदाचारी सेवाको रुपमा विकास गर्ने मूल मन्त्रका रुपमा' सोचपत्र तयार गरेको बताएका थिए ।

सोचपत्रमा परम्परागत र तयारी खालका लक्ष्यहरू प्रशस्त संख्यामा छन् भनी धेरैले आलोचना गरेका थिए, तर परिवर्तित राजनीतिक सन्दर्भले प्रदान गरेको खुलापनको फाइदा उठाउँदै सोचपत्रले वस्तुगत र रचनात्मक आलोचना गरेको छ । आत्मालोचना र सोचपत्रको व्यवसायिक लेखनीको टिप्पणीकर्ताहरूले प्रशंसा गरेका छन् ।

सोचपत्रले परम्परागत मूल्य-मान्यता र तदर्थवादको अन्त्य गर्दै इमानदारीपूर्वक आत्मालोचना गरेर निरन्तरताको क्रम भंग गरेको टिप्पणी प्रशासनविज्ञ डा. हीरामणि घिमिरेले गरेका थिए ।

सोचपत्रले प्रस्ताव गरेको नयाँ व्यवस्थाहरू सचिवको सीधै नियुक्ति, सामान्य प्रशासन मन्त्रालयको खारेजी जस्ता विषयमा धेरैले आलोचनात्मक धारणा व्यक्त गरेका छन् । राजाको शासनमा कर्मचारीतन्त्रको रवैयाको उदाहरण दिँदै लोकसेवा आयोगका पूर्व सदस्य डा. मधुनिधि तिवारीले कतिपय प्रावधानहरू अहिलेको सत्ताबाट अनुरोध भएकै आधारमा समाविष्ट गरिएको भन्दै आलोचना गरेका थिए । 'राजाले हटा भन्दा हटाउने अहिले दलका नेताले राख भन्दा राखिहाल्ने संस्कार नत्यागेसम्म कर्मचारीतन्त्र बलियो हुँदैन', तिवारीले भने ।

टिप्पणीकर्ताहरू तिवारी, पूर्व सामान्य प्रशासन सचिव मुकुन्दप्रसाद अर्याल र दीपेन्द्रपुरुष ढकालले सोचपत्रलाई अन्तिम रुप दिन अहिले नै हतार गर्नु नपर्ने बताए । 'सोचपत्रलाई अहिलेको तरल राजनीतिक स्थितिमा अन्तिम रुप दिने काम नगर्नु होला', तिवारीले भने, 'राजनीतिक नेताहरू ठुल्ठूला काममा व्यस्त हुनुहुन्छ अहिले नै सोचपत्र नल्याएर कुनै गाडी छुट्नेवाला छैन ।' ■





तेज बस्नेत

# राजनीतिक हठको सिकार

**प्रमुख राजनीतिक** दलहरूको राजनीतिक हठको कारण नौ महिनादेखि त्रिभुवन, नेपाल संस्कृत, पोखरा र पूर्वाञ्चल विश्वविद्यालय पदाधिकारीविहीन हुँदा शैक्षिक एवं प्रशासनिक काम ठप्प भएका छन् । दलगत भागबन्डा नमिलेर ती विश्वविद्यालयमा उपकुलपति, कुलसचिव र शिक्षाध्यक्ष नियुक्ति हुन नसकेपछि त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ र एमाले निकट अनेरास्ववियु सशक्त आन्दोलनमा उत्रिएका छन् ।

पुस १८ गते पदाधिकारी नियुक्तिको लागि दबाबमूलक शान्तिपूर्ण आन्दोलनमा उत्रिएका कर्मचारीमाथि प्रहरीले शाही सत्ताकै शैलीमा लाठी प्रहार गर्दा त्रिभुवन विश्वविद्यालय कर्मचारी संघका अध्यक्ष शम्भु भट्टराईसहित ४६ जना कर्मचारी गम्भीर घाइते भएपछि कर्मचारी आन्दोलन आगोमा घिउ थपिएसरह बन्न पुगेको छ । कर्मचारीले उपकुलपति, कुलसचिव र शिक्षाध्यक्ष नियुक्ति नगरिएसम्म आन्दोलन जारी राख्ने जनाएका छन् । त्रिभुवन विश्वविद्यालय नियमावलीअनुसार कुलसचिव विशुद्ध प्रशासनिक पद भएकाले यसमा कर्मचारीबाटै नियुक्ति हुनुपर्ने उल्लेख गरिए पनि अहिलेसम्म कर्मचारीदेखि अरू पृष्ठभूमिबाट आएकाले कुलसचिवमा आफ्नो हक रहनुपर्ने दाबी कर्मचारी संघको रहेको छ ।

कर्मचारीले प्रशासनिक काम ठप्प पारेपछि स्नात्तकोत्तर तहको विद्यार्थी भर्नालगायत

कार्यक्रम प्रभावित बनेका छन् । परीक्षा नियन्त्रण कार्यालय बल्खुले अहिले चलिरहेको स्नात्तकोत्तर तह दोस्रो वर्षको परीक्षा जसरी भए पनि सुचारु गर्ने निर्णय गरे पनि पुस १९ गतेको परीक्षा बडो कठिनाइका साथ सकिएको छ ।

हजारौं विद्यार्थी, शिक्षक र कर्मचारीसँग सम्बन्धित विश्वविद्यालयहरूमा उपकुलपतिलगायत पदाधिकारी नियुक्ति नहुनुमा कांग्रेस र एमालेबीच भागबन्डा कारक छ । एमालेको भागमा शिक्षामन्त्रालय परेकाले त्रिभुवन विश्वविद्यालयको कुलपति आफ्नो पार्टीले सिफारिस गरेको मानिस हुनुपर्ने उसको दाबी छ भने लोकतन्त्रपछि पहिलोपल्ट कांग्रेसबाट नेतृत्व गर्ने प्रधानमन्त्री कुलपति रहेकाले उपकुलपति कांग्रेसले पाउनुपर्ने माग राखेपछि किचलो सुरु भएको छ । त्रिभुवन विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा एमालेको तर्फबाट कमलकृष्ण जोशी नियुक्त गरिएपछि कांग्रेसले उपकुलपतिमा हिस्सा खोजेको उक्त पार्टीको दाबी रहेको जनाइएको छ ।

माओवादीको ध्याउन्न अन्तरिम संविधान र अन्तरिम सरकारतर्फ केन्द्रित भएकाले आफू सरकारमा गएपछि मात्र आफ्नो सहमतिमा पदाधिकारी नियुक्ति गरियोस् भन्ने धारणा रहेको बुझिएको छ ।

आफ्ना गुटको मानिसलाई नियुक्ति बनाउने खेलमा त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ लागेको आरोप छ । कांग्रेसको पकड रहेको प्राध्यापक संघले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई जसरी भए पनि कांग्रेसी प्राध्यापक उपकुलपति हुनुपर्ने माग राखेको बुझिएको छ । प्रधानमन्त्री कोइरालाले विश्वविद्यालयका पदाधिकारी नियुक्तिका लागि सूचना तथा सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडुलाई निर्देशन दिए पनि कांग्रेसीहरूको दबाबका कारण उनले प्राज्ञिक व्यक्ति नियुक्तिको लागि सिफारिस गर्ने सम्भावना न्यून रहेको जानिफकारहरू बताउँछन् । कांग्रेसी प्राध्यापकहरूमाथि भने सक्षम र योग्यभन्दा पार्टीको झन्डा बोक्ने प्राज्ञिक चेतनाशून्य भएका व्यक्तिहरूलाई उपकुपति बनाउने खेलमा संलग्न भई विश्वविद्यालय डुबाउन लागेको आरोप छ । अर्कोतिर शिक्षामन्त्री मंगलसिद्धि मानन्धर पनि जसरी भए पनि आफ्नो पार्टीले सिफारिस गरेको मानिसलाई उपकुलपतिमा ल्याइछाड्ने ध्याउन्नमा लागेकाले तुरुन्त सहमति बन्ने सम्भावना कम देखिन्छ । उच्चस्तरीय स्रोतअनुसार कांग्रेसले उपकुलपति नपाएसम्म यो विवाद थाती रहने भएकाले स्थिति झनै तहसनहस हुने देखिन्छ । विश्वविद्यालयको स्थिति नाजुक बन्दै गएपछि प्राध्यापकहरूले चिन्तासमेत जाहेर गर्न थालेका छन् । पद्मकन्या क्याम्पसका सहायक प्राध्यापक रत्नमणि नेपाल भन्छन्, 'शिक्षा क्षेत्रको घाँटी निमोठेर लोकतान्त्रिक राजनीतिको हुंकार गर्ने कृतघ्न संस्कारका कारण नै पदाधिकारी नियुक्ति नभएको हो, भविष्यमा मुलुकले यसको ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ ।'

■ छत्र कार्की/काठमाडौं

? ? ?
Gates Computer
Gates Computer Pvt Ltd.
Dharmapath, New Road, Kathmandu, Nepal. Tel: 4229529
E-mail : g_computer@wlink.com.np




तस्बिरहरू : तेज बस्नेत

# कसको दोष ?

**नागरिक समाज र माओवादीले हतियार व्यवस्थापन सुरु गर्न र अन्तरिम संविधान जारी गर्न ढिलाइ भएको बताए पनि सरकार भने सबै प्रक्रिया स्वभाविक गतिमा अघि बढिरहेको बताउँछ ।**

■ **सुवास देवकोटा/काठमाडौं**

**जनआन्दोलनमा सक्रिय** भूमिका निर्वाह गरेको 'नागरिक समाज'का डा. देवेन्द्रराज पाण्डे लगायत अगुवाहरूले अन्तरिम संविधान जारी गर्न सरकारलाई पुस १८ गते दिएको तीन दिनको अल्टिमेटम पुस २१ गते समाप्त हुँदै छ। तर, अन्तरिम संविधान जारी हुनुअघि हतियार व्यवस्थापन र अनुगमन सुरु हुनैपर्ने सरकार र माओवादीबीचको सहमतिका कारण अन्तरिम संविधान जारी हुन अझै दुई साता लाग्ने निश्चित छ। हतियार व्यवस्थापन र अनुगमनका निम्ति संयुक्त राष्ट्रसंघको ६ जनाको पहिलो टोली गत साता नै नेपाल आए पनि अर्को टोली आइपुग्न अझै एक साता लाग्ने भएकाले हतियार व्यवस्थापन र अनुगमन तथा अन्तरिम संविधान जारी हुन त्यति समय लाग्ने निश्चित भएको हो।

हतियार व्यवस्थापन सुरु नभई अन्तरिम संविधान जारी नगर्ने राजनीतिक सहमति भए पनि 'नागरिक समाज' र माओवादीले अन्तरिम संविधान शीघ्र जारी गर्न सरकारलाई निरन्तर दबाब दिइरहेका छन्। आगामी जेठमा संविधानसभा निर्वाचन गर्न छिटै अन्तरिम संविधान जारी गर्नैपर्ने उनीहरूको भनाइ छ। अन्तरिम संविधान छिटै जारी नगरेर जेठमा संविधानसभाको निर्वाचन नगर्ने षड्यन्त्र गरेको आरोप पनि 'नागरिक समाज' र माओवादीले सरकारलाई लगाएका छन्। संविधानसभाको निर्वाचन तोकिएको समयमा नगर्नकै लागि सरकारले राष्ट्रसंघको प्रक्रियागत ढिलाइलाई निहुँ बनाएर हतियार व्यवस्थापन र अनुगमन सुरु गर्न ढिलो गरेको पनि उनीहरूको भनाइ छ। केही दिनमै अन्तरिम संविधान जारी नभए सशक्त विरोध कार्यक्रम ल्याउने चेतावनी नागरिक समाज र माओवादीले छुट्टाछुट्टै दिएका छन्।

सरकार भने हतियार व्यवस्थापन र अनुगमनको सुरुवात तथा अन्तरिम संविधान जारी गर्न आफ्नो तर्फबाट ढिलाइ नभएको बताइरहेको छ। 'सरकार छिटो हतियार अनुगमन सुरु गर्न र अन्तरिम संविधान जारी गर्न लागिरहेको छ', पर्यटनमन्त्री तथा सरकारी वार्ताटोली सदस्य प्रदीप ज्ञवाली भन्छन्, 'राष्ट्रसंघको टोलीका १५ सदस्य आइपुगेपछि मात्र हतियार व्यवस्थापन र अनुगमन सुरु गर्न मिल्ने भएकाले राष्ट्रसंघको अर्को टोलीलाई सरकारले पर्खिएको हो।' ज्ञवाली माघको सुरुवातसम्म राष्ट्रसंघको दोस्रो टोली आउने, टोलीले हतियार व्यवस्थापन र अनुगमन सुरु गर्ने, त्यसपछि अन्तरिम संविधान जारी गरिने बताउँछन्। गृहमन्त्री तथा सरकारी वार्ताटोलीका प्रमुख कृष्णप्रसाद सिटौलाले पनि माघको पहिलो सातासम्म अन्तरिम संविधान जारी हुने संकेत दिँदै सरकार र माओवादीबीच अहिले देखिएको चिसो सम्बन्ध दुई सातापछि समाप्त हुने उल्लेख गरेका छन्।

नागरिक समाज र माओवादीले अन्तरिम संविधान जारी गर्न सरकारले ढिलाइ गरेको उल्लेख गरे पनि हतियार अनुगमनका निम्ति राष्ट्रसंघको टोलीलाई सहयोग गर्न भूपू गोर्खा सैनिकहरूको भर्ना प्रक्रिया तीव्र गतिमा चलिरहेको छ। सरकार र माओवादीको

सहमतिअनुसार पुस ७ गते सरकारले विभिन्न पदका लागि एक सय ११ भूपू गोर्खा सैनिकहरूको माग गरेको सूचना प्रकाशित गरेको थियो । आवेदन दिएका भूपू गोर्खा सैनिकहरूसँग नेपाली सेना र माओवादी 'जनमुक्ति सेना'का वरिष्ठ कमान्डरहरूले संयुक्तरुपमा अन्तर्वार्ता लिइरहेका छन् र छनोट गरिरहेका छन् । उनीहरूलाई आवश्यक तालिम दिएपछि राष्ट्रसंघीय टोलीअन्तर्गत हतियार व्यवस्थापन र अनुगमनमा खटाइने बताइएको छ । राष्ट्रसंघको टोली पूर्णरुपमा नेपाल आएपछि उनीहरूले स्वतः अवकाश पाउनेमा पनि सरकार र माओवादीबीच सहमति भएको छ । राष्ट्रसंघको पूरै टोली नेपाल आउन ढिलाइ हुने भएकाले हतियार व्यवस्थापन र अनुगमनका निम्ति भूपू गोर्खा सैनिकहरूबाट सहयोग लिने सहमति सरकार र माओवादीबीच भएको थियो ।

## ढिलाइमा सरकार जिम्मेवार

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रहरीचौकी पुनःस्थापना र गाविस सचिवहरूलाई गाउँ जान माओवादीले रोक लगाइरहेमा जेठमा संविधानसभा निर्वाचन नहुने र त्यसको दोष माओवादीले लिनुपर्ने उल्लेख गरेपछि माओवादीले तराईका जिल्लामा प्रहरीचौकी पुनःस्थापना गर्न दिने निर्णय गरेको छ । पुस १९ गते माओवादी अध्यक्ष प्रचण्डले वक्तव्यमार्फत 'तराईमा तत्काल र पहाडमा सल्लाहअनुसार क्रमशः प्रहरीचौकी स्थापना गर्न सरकारलाई आवश्यक सहयोग गर्न' कार्यकर्तालाई निर्देशन दिएका छन् । गाविस सचिवहरूलाई मतदाता नामावली संकलनलगायत निर्वाचनसम्बन्धी कामका निम्ति नरोकिने पनि उनको वक्तव्यमा उल्लेख छ । प्रहरीचौकी पुनःस्थापना र गाविस सचिवलाई गाउँ जान दिन सरकार र माओवादीबीच सहमति भएको गत साता पनि प्रधानमन्त्री कोइरालाले गृहनगर विराटनगरमा बताएका थिए । तर, माओवादी अध्यक्ष प्रचण्डले सरकारसँग उक्त सहमति भएको स्विकारेका थिएनन् । माओवादीले कयौं जिल्लामा चौकी स्थापना गर्न गएका प्रहरीलाई अवरोध समेत पुऱ्याएको थियो ।

माओवादी नेताहरू प्रधानमन्त्री कोइरालासँग एक साताभित्र हतियार व्यवस्थापन तथा अनुगमन सुरु गर्ने र अन्तरिम संविधान जारी गर्ने सहमति भए पनि सरकारले सहमति पालना नगरेको बताइरहेका छन् । उनीहरूका अनुसार १४ देशका राजदूत



प्रचण्ड

नियुक्तिका लागि सिफारिस गर्ने सरकारको निर्णयका कारण भएको विवाद समाधानका लागि प्रधानमन्त्री कोइराला, माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईबीच भएको वार्तामा यस्तो सहमति भएको थियो । 'प्रधानमन्त्री र हाम्रा नेताबीच एक साताभित्र हतियार व्यवस्थापन सुरु गर्न र अन्तरिम संविधान जारी गर्न सहमति भए पनि सरकारले अझै विभिन्न बहानामा आलटाल गरिरहेको छ', माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्, 'सरकारको ढिलाइलाई हामीले अस्वभाविक र षड्यन्त्र मानेका छौं ।'

सरकार भने समग्र शान्ति प्रक्रियाले अन्तर्राष्ट्रिय मान्यता पाउन राष्ट्रसंघको संलग्नतालाई अनिवार्य मानिरहेको छ र राष्ट्रसंघको प्रक्रियाकै कारण पछिल्लो समयमा केही ढिलाइ भएको बताइरहेको छ । माओवादीकै आग्रहका कारण भूपू गोर्खा सैनिकहरूलाई भर्ना गरिएको र त्यसप्रति राष्ट्रसंघको समेत सहमति लिएकाले शान्ति प्रक्रिया अपेक्षित गतिमा अघि बढेको उल्लेख गर्दै प्रधानमन्त्री निवास बालुवाटारको उच्च राजनीतिक सूत्र भन्छ, 'शान्ति प्रक्रियाको स्वभाविक गतिलाई ढिलाइ र षड्यन्त्र भएको प्रचार गर्नु माओवादीको राजनीतिक प्रचारबाहेक केही होइन ।' वैशाख ११ को राजनीतिक परिवर्तनपछि सात दल र माओवादीबीच अनेकौं पटक सम्बन्ध चिसिए पनि वार्ता र छलफलपछि समाधान हुने गरेको छ । समस्या समाधान हुनुअघि माओवादीले हरेक पटक सरकार दरवार र अमेरिका लगायत विदेशी शक्ति केन्द्रहरूको षड्यन्त्रमा फसेको आरोप लगाउने गरेको छ । कार्तिक २२ को राजनीतिक सहमतिअघि माओवादीले काभ्रे कामीडाँडामा भएको केन्द्रीय समिकिो बैठकबाट सहरी संघर्ष गर्ने निर्णय गरेको थियो भने गत साता सरकारले १४ मुलुकका लागि राजदूत नियुक्त गर्दा पनि पुस १६ र १७ गते नेपाल बन्द लगायत विरोध कार्यक्रम घोषणा गरेको थियो ।

## सहज छैन

सरकार र माओवादीबीचको सहमतिअनुसार हतियार व्यवस्थापन र अनुगमन दुई सातापछि हुने र त्यसलगत्तै अन्तरिम संविधान जारी हुने निश्चित भए पनि जेठमै संविधानसभा निर्वाचन गराउन अन्तरिम सरकारलाई सहज छैन । निर्वाचनको तयारीका निम्ति निर्वाचन आयोगलाई निकै कम समय रहेकाले समस्या रहेको निर्वाचन आयोगका प्रमुख भोजराज पोखरेलले पटक पटक बताइसकेका छन् भने तराईमा नागरिकता वितरण अर्को प्रमुख समस्या बन्ने निश्चित छ । त्यसमाथि माओवादीबाटै विद्रोह गरेको जयकृष्ण गोइत र ज्वाला सिंहका 'तराई जनतान्त्रिक मोर्चा'का फरक समूहले फैलाएका हिंसात्मक गतिविधिले पनि संविधानसभाको निर्वाचनलाई असहज बनाउने सम्भावना उसका पछिल्ला गतिविधिले देखाइसकेका छन् । त्यसो त, तराईमा फैलिएको हिंसालाई नियन्त्रण गर्न माओवादीले तराईमा प्रहरीचौकी पुनःस्थापना गर्ने सहमति सरकारलाई दिएकाले 'तराई जनतान्त्रिक मोर्चा'को गतिविधि धेरै हदसम्म नियन्त्रण हुने विश्वास गर्नेहरू पनि छन् ।

अन्तरिम सरकार गठनपछि पनि माओवादी र अन्य दलबीचको सम्बन्ध कसरी अघि बढ्छ भन्ने विषयले संविधानसभाको निर्वाचन सहज हुने वा नहुने टुंगो गर्नेछ । माओवादी कार्यकर्ताको आक्रामक गतिविधि अहिले पनि दलहरूका निम्ति र संविधानसभाको सहज निर्वाचनका निम्ति समस्या बनिरहेको छ । पुस १९ को प्रचण्डको वक्तव्यमै पनि आफ्ना कार्यकर्ताको असहिष्णु व्यवहार कायम रहेको स्विकारिएको छ । वक्तव्यमा उनले 'राजनीतिक दलका कार्यकर्ताहरूलाई निर्विवादपूर्ण राजनीतिक प्रचारको वातावरण निर्माणमा सहयोग पुऱ्याउन' आफ्नो पार्टीका कार्यकर्तासँग अनुरोध गरेका छन् । प्रचण्ड लगायत माओवादी नेतृत्वले राजनीतिक सहिष्णुताका निम्ति पार्टी कार्यकर्तासँग पटक पटक अनुरोध गरे पनि उनीहरूबाट अन्य राजनीतिक दलका कार्यकर्ताले भौतिक आक्रमण व्यहोर्नुपरेको छ । ■








चूडामणि बाग्ले

मन रोइरहेको छ : ज्वाला सिंह समूहको तारो आफन्त परेपछि दुखित नातागोता



राजमार्गका कुदेका सवारी साधन पनि आतङ्कको सिकार बने

# त्रस्त तराई

■ विश्वमणि पोखरेल/काठमाडौं, विजयप्रसाद मिश्र/विराटनगर

**सिंगो मुलुक शान्ति** प्रक्रियातर्फ लम्किरहेका बेला सगरमाथा र जनकपुर अञ्चलको तराई भने काटमारको हिंसात्मक राजनीतिको थलो बनेको छ। ११ वर्षदेखि सशस्त्र विद्रोहमा संलग्न माओवादी पार्टी हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमा आए पनि तीन वर्षअघि उसबाट फुटेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले तत्काल हत्या हिंसाको बाटो छोड्ने संकेत दिएको छैन, बरु साम्प्रदायिक द्वन्द्वको खतरनाक स्थितितर्फ मुलुकलाई धकेल्न खोज्दै छ।

औपचारिक मागमा मधेसी क्षेत्रमा आफ्नै मूलका मानिसहरूको शासन सत्ता हुनुपर्ने माग रहेको भए पनि हत्या, अपहरण र चन्दा असुलीको लामो सूचीमा पहाडिया समुदायका मानिस हुनुले अहिले मधेसमा आगो बल्दै छ। यता काठमाडौंमा मधेसी मुद्दाहरूलाई दिनहुँजसो औपचारिक, अनौपचारिक छलफल गर्ने काम भएको छ। हिंसाको राजनीतिमा प्रवेश गरेको पूर्वी मधेसलाई सरकारले गम्भीरताका साथ लिएको देखिँदैन।

पूर्वी मधेसमा फैलिएको हिंसा र साम्प्रदायिक सद्भाव बिथोल्ने राजनीतिक खेलहरूलाई सरकारले गम्भीरताका साथ नलिएको आरोप सरकारमाथि थालेको छ भने मधेसको राजनीतिमा प्रत्यक्ष सरोकार राख्ने नेताहरू समेत 'शान्तिपूर्ण माग बेवास्ता' गर्दा यस्तै परिणाम हुन्छ भन्ने हल्का टिप्पणी दिन थालेका छन्। स्वायत्त मधेसको नाममा भइरहेको विभिन्न खाले राजनीतिक अभ्यासका बीच राजनीतिक हिंसालाई प्रोत्साहित गर्ने काम हुन थाल्यो भने त्यसले खतरनाक जातीय द्वन्द्व निम्त्याउने निश्चित छ।

पूर्वी तराईमा हिंसात्मक प्रभाव फैलाउन सफल मोर्चाले पछिल्लो पटक सर्लाहीको हजरिया र सप्तरीको भारदहमा गरी दुई पहाडेमूलका मानिसको हत्या गरेको छ। मोर्चाले माओवादीका एक दर्जन जति कार्यकर्ताको हत्या गरिसकेको छ भने माओवादीले पनि यसका यति नै कार्यकर्ताको ज्यान लिइसकेको छ।

अन्तरिम संविधानको विरोध गर्दै गत साता सद्भावना आनन्दीदेवीले गरेको तराई बन्द र त्यसपछि नेपालगञ्जमा भड्किएको साम्प्रदायिक दंगाको ज्वाला शान्त नहुँदै पूर्वी तराई दिनदिनै त्रस्त बनिरहेको छ। सरकारले विद्रोहीहरू र तराईका मुद्दाहरूमा चासो राख्नेसँग तत्कालै गम्भीर वार्ता नगरे यो आगो दन्किनसकेत बेर लाग्ने छैन।

तराईका मुद्दा र योसँग जोडिएका अन्य पक्षबारे आवाज उठाउनेहरू हिंसात्मक बन्दै गइरहेको अवस्थाले ठूलो रूप लिन बेर लाग्ला भन्न सकिन्न।

सरकारसँग वार्ता गर्न तयार रहेको जनतान्त्रिक तराई मुक्ति मोर्चाको जयकृष्ण गोइत र ज्वाला सिंह समूहको आह्वानलाई मन्त्रिमण्डलले कुनै वास्ता गरेको छैन। १५ पुसमा विराटनगरमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले जनतान्त्रिकका बारेमा एकै दिन परस्पर विरोधी अभिव्यक्ति दिएकैले पनि यसबारे सरकार गम्भीर नरहेको देखिन्छ। बिहानको पत्रकार सम्मेलनमा जनतान्त्रिकको समस्यालाई सानातिना समस्या भन्दै तह लगाउने मनसाय व्यक्त गरे भने सोही दिन दिउँसो 'माओवादीसँग टुक्रिएर गएर तराईमा विद्रोह गरी रहेको समूहसँग सञ्चार भइरहेको' दाबी गरे। प्रधानमन्त्रीको भनाइप्रति कडा प्रतिक्रिया दिँदै मोर्चाका अध्यक्ष ज्वाला सिंहले 'प्रधानमन्त्रीले मोर्चासँग सञ्चार भइरहेको छ भनेर जनतालाई ठगेको' आरोप लगाए। सिंहले भने, 'सरकारको कुनै निकायले वार्ताको कुनै पहल गरेको छैन।'

त्यसैगरी प्रधानमन्त्री कोइराला र माओवादीका अध्यक्ष प्रचण्डले पछिल्लोपटक मोर्चाको गतिविधिलाई सानोतिनो समस्या भनेकोमा विरोध जनाउँदै ज्वाला सिंह समूहको सुनसरी मोरङ इन्चार्ज विक्रमले १७ पुसमा विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री र प्रचण्डको अभिव्यक्तिमा पहाडे सामन्तीवर्गको चरित्र देखिएको भन्दै कडा विरोध जनाएका छन्। यसैबीच प्रचण्डले तराईमा प्रहरी चौकी ततकाल पुनर्स्थापना गर्न सरकारलाई समर्थन गरेर जनतान्त्रिक र यसको घटकसँग कडा रूपमा उत्रने सङ्केत दिएका छन्।



श्यामसुन्दर यादव

मधेसको राजनीतिमा प्रत्यक्ष सरोकार राख्ने नेताहरू सरकारले गम्भीरताका साथ वार्ताको वातावरण बनाउनुपर्ने सुझाव दिन्छन्। मधेसी जनाधिकार फोरमका महासचिव एव सांसद जेपी आनन्द भन्छन्, 'सबैभन्दा पहिला मधेसका समस्याको पहिचान हुनुपर्‍यो। मधेसको समस्या नागरिकतामा मात्र होइन। शान्तिपूर्ण बाटोबाट समाधान खोज्नेहरूलाई मान्यता दिनुपर्‍यो। सरकारले वार्ताको पहल गर्नुपर्छ।'

नेपाल सद्भावना पार्टीका महासचिव राजेन्द्र महतो पनि सरकारहरूले शान्तिपूर्ण बाटोबाट अधिकार माग्नेहरूप्रति बेवास्ता गरेकाले हतियारको राजनीतिको बोलबाला बढेको टिप्पणी गर्दै भन्छन्, 'बन्दुकको राजनीति राम्रो होइन, तर शान्तिपूर्ण मागहरू बेवास्ता गरेपछि जयकृष्णहरू जन्मन्छन्।'

नेपाली कांग्रेसका सहमहामन्त्री डा. रामवरण यादव भने मधेसमा भइरहेको जातीय राजनीतिले मुलुकलाई संकटतर्फ धकेल्ने आशका व्यक्त गर्छन्। यादव माओवादीको जातीय राजनीति र माओवादीबाट अलग भएर साम्प्रदायिक नारा दुवैले राम्रो परिणाम नल्याउने बताउँछन्। यादव भन्छन्, 'हिंसात्मक बाटो र जातीय नारा गलत बाटो हो। यसबाट समस्या समाधान हुँदैन।' यादव सरकारले वार्ताको वातावरण बनाउन ढिला गर्न नहुने सुझाव दिन्छन्।

नेपालको राजनीतिमा ५ दशकदेखि मधेस र मधेसीको राजनीतिक विषयले चर्चा पाउँदै आएको भए पनि २०४६ को परिवर्तनपछि मधेसका मुद्दाहरूले राष्ट्रिय राजनीतिमा महत्त्व पाउँदै गएको अवस्था एकातिर छ भने अर्कोतर्फ माओवादीले संगठनन विस्तारका क्रममा मधेसी मुक्ति मोर्चाको नाममा सुरु भएको विकसित रुप साम्प्रदायिक हिंसामा बदलिएको देखिन्छ।

एमाले नेता जितेन्द्र देवले १९ पुसमा राजधानीमा आयोजित एक कार्यक्रममा मार्क्सवादी आधारमा विश्लेषण गर्दै अहिले मधेसमा एकैसाथ तीनखाले प्रवृत्ति देखिएको बताए। देवका अनुसार हिंसात्मक बाटोमा जयकृष्ण र ज्वाला छन्, परम्परागत बाटोमा सद्भावना र क्रान्तिकारी धारको नेतृत्व जनाधिकार फोरमले लिएको छ। देव पनि शान्तिपूर्ण मागहरूलाई गम्भीरतापूर्वक नलिएकाले बन्दुकको राजनीतिले प्रश्रय पाएको बताउँछन्।

मधेसका समस्याबारे मूलधारमा राजनीतिक दलहरूमा पनि सकारात्मक सोच विकास भएको देखिन्छ, तर पछिल्लो समयमा देखिएको हिंसात्मक राजनीतिको कारण भने माओवादीले आफ्नो संगठन सम्हाल्न नसक्नु नै हो। नाम उल्लेख गर्न नचाहने एक नेता भन्छन्, 'हतियार बोकेपछि जे पनि पाइन्छ भन्ने कुरा माओवादीले सिकाए, त्यसैको प्रभाव हो मधेसमा फैलिएको आगो।'

राजपाका केन्द्रीय नेता सर्वेन्दनाथ शुक्ल हतियारको राजनीतिले प्रश्रय पाएकाले मधेशमा विभिन्न खाले समूहको विकास भएको विश्लेषण गर्छन्। उनले भने, 'माओवादी हतियार छोडेर मूलधारको राजनीतिमा आएको अवस्थामा त्यसले सकारात्मक सन्देश दिनुको साटो बिडम्बनापूर्ण स्थिति सृजना भएको छ।' शुक्ल, सरकारले तत्काल वार्ताको लागि पहल गर्नुपर्ने सुझाव दिन्छन्।

## सांसद श्रेष्ठको हत्या

तीन वर्षअघि माओवादीको विरुद्धमा सुरु भएको माओवादीबाटै अलग भएकाहरूबाट संचालित सशस्त्र हिंसाले गत असोज ७ गते सिरहा क्षेत्र नं. ३ का सांसद तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य कृष्णचरण श्रेष्ठको हत्या भएपछि त्यसको जिम्मा लिएर मोर्चाले राष्ट्रव्यापी चर्चा पायो। राष्ट्रियस्तरमा चर्चा लिएको जनतान्त्रिकले एकपछि अर्को गर्दै सशस्त्र विद्रोहका कार्यक्रम संचालन गर्दै आएको छ। श्रेष्ठको हत्याको पछाडि जनतान्त्रिकको आफ्नै खाले दाबी छ। तर श्रेष्ठको हत्यामा संलग्न रुदल महतो र विहारी यादवलाई श्रेष्ठका कार्यकर्ताले घटनास्थलमै मारेका थिए। रुदल डकैतीमा संलग्न मानिन्छन्। उनलाई अपराधी भन्दै माओवादीले साउन ३१ गते सिरहाको इटाटारबाट पक्राउ गरी मानवअधिकारवादीहरूको आग्रहमा भदौ १९ गते रिहा गरेका थिए। माओवादीवाट मुक्त भएको १९ दिन बित्न नपाउँदै रुदलले सांसद श्रेष्ठको हत्या गर्नुलाई अर्थपूर्ण रुपमा लिइएको छ। मोर्चाले विशुद्ध प्रचारबाजीको दृष्टिले मात्रै हत्याको जिम्मेदारी लिएको विश्लेषण पनि हुन थालेको छ। रुदलले तेस्रो पक्षसँग सुपारी लिएर सांसद श्रेष्ठको हत्या गरेको आशंका छ। सांसद श्रेष्ठले सांसद हेमनारायण यादवको हत्याको छानबिन गर्न आनन्द ढुंगानाको संयोजकत्वमा बनेको समितिलाई राजधानीमा बयान दिएलगत्तै तराई फर्कंदा उनी मारिएका थिए।

सांसद श्रेष्ठको हत्याको जिम्मेदारी जयकृष्ण गोइतको समूहले लिएको छ। ज्वाला सिंहले उनी एकै ठाउँमा हुँदा जनतान्त्रिक तराई मुक्ति मोर्चाको केन्द्रीय समितिको बैठकले श्रेष्ठको हत्या गर्ने निर्णय गरेको बताएर यसमा जनतान्त्रिक पार्टी बाहेक अन्य कुनै पक्षको संलग्नता नरहेको दाबी गरिरहेका छन्।

## जनतान्त्रिक मोर्चाको र विभाजन

माओवादीले सप्तरीका जयकृष्ण गोइतलाई प्रचण्डको उपस्थितिमा २०५८ मा मधेसी राष्ट्रिय मुक्ति मोर्चा गठन गरेर त्यसको संस्थापक अध्यक्ष बनाए। मधेशमा माओवादीले आफ्नो राजनीतिक प्रभाव फैलाउन मधेसी मुक्ति मोर्चाको नाराका साथ गोइतलाई अध्यक्ष बनाए पनि प्रारम्भदेखि नै माओवादी नेतृत्व र गोइतबीच राजनीतिक समझदारी बन्न सकेन। गोइत एकीकृत तराईको पक्षमा थिए भने माओवादी नेतृत्वले तराईलाई मधेस क्षेत्र र थारुवान क्षेत्र गरी विभाजन गर्‍यो। भौगोलिक विभाजनको मुद्दा बल्झँदै जाँदा माओवादीले २०६० सालमा सर्लाहीमा सम्पन्न दोस्रो महाधिवेशनबाट गोइतलाई हटाई मातृका यादवलाई मोर्चाको जिम्मेवारी दियो र गोइतलाई पार्टीको सप्तरी जिल्ला इन्चार्ज बनाएर थुमथम्याउने प्रयास गर्‍यो। मधेसको राजनीतिमा दखल राख्ने एक नेता भन्छन्, 'माओवादी अध्यक्ष प्रचण्डलाई गोइत जस्ता वरिष्ठ नेता भविष्यमा खतरा हुन्छन् भन्ने अनुभव भयो र जनमोर्चाबाट राजनीतिमा लागेका मातृकालाई जिम्मेवारी दिए।' उनी थप्छन्, 'मातृका आफ्नै कार्यकर्ता भएकाले गोइतले उठाएका मधेसका चर्का मुद्दालाई कमजोर पार्ने उद्देश्यले प्रचण्डले राजनीतिक खेल खेलेका हुन्।' मातृका आफैं पनि माओवादीको तराई विभाजनको आलोचक छन्। माओवादी मधेसी मुक्ति मोर्चाको गत मंसिरमा हुने भनिएको अधिवेशन स्थगित हुनुका पछाडि माओवादीभित्रको आन्तरिक राजनीति प्रमुख कारण भएको बताइन्छ।

माओवादीबाट असन्तुष्ट गोइतले २०६१ साल साउन १० गते एक्कासि जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरे। त्यसै क्रममा उनले 'दुर्गानन्द झा प्लाटुन'का नाममा करिब पाँच सयको सशस्त्र फौज निर्माण गरी हिंसात्मक गतिविधि सञ्चालन गर्न थालेपछि माओवादी र उनको मोर्चा आमनेसामने उभिन पुगे। राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि गोइतको जनतान्त्रिक मोर्चालाई माओवादीविरुद्ध उपयोग गर्ने नीति सेनाले लिएको आरोप पनि लाग्ने गरेको छ। माओवादीका बारेमा प्रशस्त जानकार गोइत र सेनाबीच सहयोग आदानप्रदान भएको प्रश्न उपस्थित भएपछि सप्तरी र सिरहामा माओवादी छापामारहरू सिन्धुली लगायतका जिल्लामा सेल्टर लिन बाध्य भएको एक जानकार बताउँछन्। राजाको प्रत्यक्ष शासनका बेलामा सेनाले माओवादीविरुद्ध बोल्ने जोसुकैलाई उपयोग गर्ने खतरनाक नीति अख्तियार गरेको


माओवादीबाट जनतान्त्रिक तराई मोर्चामा प्रवेश गरेका कार्यकर्ताहरूको स्वागत गरिंदै

श्यामसुन्दर यादव

**जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाल सिंह समूहले सरकारसँग वार्ताको लागि राखेका आधारभूत प्रस्तावहरू :**

१) तराईको जनगणना गर्न मधेसीमूलका मानिसको संयोजनमा जनगणना आयोग गठन गरिनुपर्ने ।

२) तराईका नागरिकताविहीन मधेसीमूलका मानिसलाई मधेसीमूलकै प्रमुखको हस्ताक्षरबाट नागरिकता वितरण गर्नु पर्ने ।

३) माओवादी र सरकारी सुरक्षाकर्मीले हत्या गरेका मधेसीमूलका मानिसको परिवारलाई प्रतिव्यक्ति १५ लाख रुपैयाँ क्षतिपूर्ति दिनु पर्ने ।

४) माओवादीले कब्जामा लिएको तराईको घरजग्गा फिर्ता गर्नुपर्ने ।

५) तराईमा प्रशासन चलाउन राखिएका पहाडेमूलका प्रशासक र सुरक्षाकर्मीहरूलाई अन्यत्र हटाई मधेसीमूलका मानिसलाई भर्ना गर्नु पर्ने ।

थियो । गोइत र सेनाको रणनीतिक सहकार्य थियो वा थिएन, तर यता रौतहटमा भने माओवादीविरुद्ध रहेको मधेसी टाइगर्स नामको सशस्त्र समूहका नाइके अजय यादव (जसलाई पछि सेना आफैंले हत्या गऱ्यो) को 'सहकार्य' स्थानीय तहमा देखिन्थ्यो ।

मोर्चा गठन गरेको दुई वर्ष बित्दा नबित्दै २०६३ साउनमा सप्तरीमा भएको महाधिवेशनमा कार्यकर्ताहरूले गोइतलाई हटाएर ज्वाला सिंह (नगेन्द्रकुमार पासवान)लाई अध्यक्ष बनाएका छन् । गोइत भने अझै पनि आफूलाई मोर्चाको अध्यक्ष दाबी गरिरहेका छन् । पछिल्लो पटक जयकृष्ण गोइतको समूहभन्दा ज्वाला सिंह समूहले गतिविधि बढाएको छ ।

## देवनारायण यादवको जनतान्त्रिकमा प्रवेश र हत्या

माओवादीको धनुषा, सिरहा र सप्तरीको कमान्डरका रुपमा चिनिएका तर एकताका माओवादीका वैकल्पिक केन्द्रीय सदस्य समेत भएका र माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय तदर्थ समितिका संयोजक रहेका देवनारायण यादव पनि माओवादीको शंकाको सिकारबाट बच्न सकेनन् ।

मधेसी राष्ट्रिय मुक्ति मोर्चाको गठनसँगै यसले लिने नीति तथा कार्यक्रम मधेसीहरूले नै तय गर्न पाउनु पर्छ भन्ने आवाज मधेसी मूलका माओवादीहरूले उठाएका थिए । माओवादी पार्टीभित्र जातीय स्वशासित राज्य निर्माण गर्ने कुरा उठेपछि तराई मूलका माओवादीहरूको महत्त्वाकांक्षा झन् बढेर गयो, तर उनीहरूको मागलाई पार्टीले महत्त्व दिएन । २०६१ साल भदौ २० गते सिरहाको धन्छवारमा माओवादीका केन्द्रीय सदस्यहरू शेरमान कुँवर र कुमार गौतमको सुरक्षा कारबाहीमा मृत्यु भएको प्रसंगलाई माओवादीहरूले देवनारायणको पनि हात रहेको आरोप लगाएका थिए ।

पार्टीले बारम्बार कारबाही गरिरहने देखेपछि यादवले विज्ञप्ति जारी गर्दै माओवादी पार्टी राम्रो भए पनि यसले मधेसी समुदायको लागि केही गर्न नसक्ने ठहर गर्दै उक्त पार्टी छाडेको घोषणा गरे र गोइतलाई साथ दिए । जनतान्त्रिकको पोलिटब्युरो सदस्य तथा पूर्वी तराई क्षेत्रीय ब्युरो इन्चार्जको जिम्मेवारी लिएका यादवलाई सिरहाको वरियारपट्टी बजारमा सेनाले पक्राउ गरी २०६२ जेठ मसान्तको दिन हत्या गरिदियो । देवनारायणसँगै जनतान्त्रिकमा प्रवेश गरेका ज्वाला सिंहलाई यादवपछि पूर्वी कमान्ड इन्चार्ज बनाइएको थियो । उनलाई माओवादीमा छँदा भारतीय सीमा क्षेत्रबाट पक्राउ गरी सुरक्षाकर्मीले हत्या गर्न राति सप्तरी र सिरहाको सीमामा पर्ने बलानखोला लगेका बेला उम्किएका हुन् । तर माओवादी पार्टीले उनको भनाइमाथि शंका गऱ्यो, सुरक्षाकर्मीको मिलेमतोमा भागेको आरोप लगाउँदै उनको घटुवा गरी विकट पहाडी क्षेत्रमा सरुवा गरिदिएको थियो । यसपछि ज्वाला सिंह जनतान्त्रिक छिरेका हुन् ।

## भिडन्त, हत्या र अपहरण

जनतान्त्रिक मोर्चा गठन भएको एक वर्ष नबित्दै २०६२ साउनमा त्यसको पूर्वी कमान्ड इन्चार्जको जिम्मेवारी पाएका सिरहाका विनय महतो (सुरज)को माओवादीले हत्या गऱ्यो । उनी पनि त्यस अघिसम्म माओवादीका विश्वस्त कार्यकर्ता थिए । उनको हत्यापछि माओवादी र मोर्चाका कार्यकर्ताहरूबीच एक-अर्कालाई भेट्टाए सिध्याउने अभियान सुरु भयो । त्यही साल चैतमा मोर्चाको प्रभाव क्षेत्र मानिने छिन्नमस्ता गाविसको सखडा बजारमा पसलेहरूलाई माओवादीले उनीहरूको जनसरकारमा दर्ता हुन आदेश दिएपछि त्यहाँ दुवै पक्षबीच गोली हानाहान भएको थियो, जसमा चारजना घाइते भए । त्यसलगत्तै माओवादीले सप्तरीको पिप्रापूर्व गाविसमा मोर्चाका दुई कार्यकर्ता जाकिर मन्सुरी र साफिर मन्सुरीसहित तीनजनाको हत्या गऱ्यो । त्यसअघि नै मोर्चाले माओवादीको सप्तरी जिल्ला कमिटीका सदस्य र अर्को एकजना कार्यकर्ताको हत्या गरिसकेको थियो ।

यसबीच मोर्चाले माओवादीमा नरहेका पहाडेमूलका मानिसको सिरहा र सप्तरीमा हत्या र अपहरण गर्ने कामलाई पनि तीव्र बनायो । पछिल्लो पटक मोर्चाले सर्लाही, हजरिया गाविस-६ का कृष्ण न्यौपानेको पुस ९ मा गोली हानी हत्या गऱ्यो । सोही दिन सुन्दरपुर चुहर्वा गाविस-९ बाट चलचित्र नायक निखिल उप्रेतीका बुबा ६० वर्षीय गोविन्द उप्रेतीलाई अपहरण गरी एक सातापछि रिहा गरिएको छ । नाबालकका पिता न्यौपानेको हत्याको यथार्थ कारण खुलेको छैन । उनी एमालेका संगठित सदस्य थिए । एकलासमा पर्ने न्यौपानेको घरलाई भूमिगत कालमा माओवादीले बेलाबेलामा सेल्टरको रुपमा प्रयोग गर्दथे । पूर्वशिक्षक न्यौपाने स्थानीय रुपमा हुने काठतस्करीको विरोधी भनेर चिनिएका थिए । केही काठतस्कर उनीसँग चिढिएका थिए । तर, जनतान्त्रिकले भने गत जेठमा माओवादीबाट हत्या गरिएका आफ्ना कार्यकर्ता जोतनारायण यादवको हत्यामा उनको नाम जोडेर सफाया गरेको स्पष्टीकरण दिएको छ ।

ज्वाला सिंह समूहले पुस १ गतेदेखि १५ गतेसम्म महेन्द्र राजमार्गमा पहाडेमूलका मानिसको गाडी वा पहाडेमूलका ड्राइभर भएका गाडी चल्न नदिने भनी गरेको आह्वानको अवज्ञा गरेको आरोप लगाउँदै एकजनाको हत्या गरेका छन् भने दसजनालाई अपहरण गरी बन्दी बनाउने र केही फिरौती लिएर छोड्ने काम गरिरहेका छन् । उनीहरूले पछिल्लोपटक एक यात्रुवाहक बस र दुईवटा ट्रक जलाएका छन् । अपहरणपछि फिरौती दिएर आइतवार सप्तरीबाट रिहा हुनेमा नर्सरी

व्यवसाय गर्ने इटहरीका माधव अधिकारी परेका छन् । केन्द्रीय संयोजक गोइतले कारबाही गरी निष्कासित गरेपछि भदौ २ गतेदेखि ज्वाला सिंहले आफ्नै नेतृत्वमा जनतान्त्रिककै नामबाट छुट्टै गतिविधि सञ्चालन गर्दै आएका छन् । तराईमा हाल अपहरण फिरौती हत्या जस्ता गतिविधि सञ्चालन गर्दै आएका ज्वाला सिंहको समूहले पुस १३ गते सप्तरीको भारदह-१ स्थित कोशी ब्यारेज नजिक एक यात्रु वाहक वस तथा ट्रकमा आगजनी गर्दै दोलखा जिल्ला च्यामा गाविस-६ का १८ वर्षीय अर्जुन फुयाँललाई गोली हानी हत्या गरे ।

यसैगरी को १ ख ७१३ नम्बरको मिनी ट्रकलाई कुनौली बोर्डर चोकबाट नियन्त्रणमा लिई पुस ९ गते आगजनी गरे । ट्रकमा सवार माधव अधिकारी, सीताराम घिमिरे, चालक दिलीप विश्वकर्मा र खलासी प्रकाश दर्नाललाई आवश्यक सोधपुछका लागि नियन्त्रणमा लिए । पुस १ गतेदेखि १५ गतेसम्मको लागि आह्वान गरिएको कार्यक्रमलाई उल्लंघन गरेको भन्दै मिनी ट्रकमा आगजनी गरेको विद्रोहीले बताए ।

जनतान्त्रिक तराई मुक्ति मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतको नेतृत्वमा रहेका कार्यकर्ताहरूले विराटनगर निवासी किरण प्याकुरेल र भरत अधिकारीलाई पुस १० गते सप्तरीको कल्याणपुर चौकीबाट नियन्त्रणमा लिएका छन् । दुवैजना मोटरसाइकल चढी काठमाडौंतर्फ गइरहेका थिए । उनीहरूको रिहाइका लागि फिरौती माग गरिएको पारिवारिक स्रोतबाट थाहा हुन आएको छ ।

यता ज्वाला सिंहको नेतृत्वमा रहेका जनतान्त्रिक तराई मुक्ति मोर्चाको एक समूहले पुस १५ गते कान्तिपुर पब्लिकेसनको बा. ३ च. ६९१० नम्बरको गाडीमा ढुंगामुढा सहित गोली प्रहार गरे । तराईको समाचारलाई कान्तिपुरले प्राथमिकता नदिएको भन्दै चेतावनी स्वरुप आक्रमण गरेको भनी जनतान्त्रिकले उक्त घटनाको जिम्मेवारी लियो ।

यसअघि मोर्चाले सिरहा र सप्तरीका भन्सारका कर्मचारीको अपहरण गरेको थियो । उनीहरू मोटो रकम फिरौती दिएर घर फर्केका थिए । त्यसअघि मोर्चाले राजविराजका निर्माण व्यवसायी निरज श्रेष्ठको अपहरण गरेर तीन लाख दस हजार रुपैयाँ फिरौती लिएको थियो । छिन्नमस्ता मन्दिरमा दर्शन गर्न गएका सिरहाका पूर्व जिल्ला पञ्चायत सभापति बद्री शाही र असनपुर गोलबजारका व्यापारी चन्द्रकुमार श्रेष्ठको अपहरण गरेपछि जनही दुई लाख रुपैयाँ लिएर मात्र छोडेको थियो । यता आएर मोर्चामा राजनीतिकभन्दा पनि अपराधी प्रवृत्तिका मानिसको बोलवाला बढ्दै गएको देखिन थालेको छ ।

मोर्चाले सप्तरीमा माओवादीका दुई कार्यकर्ताको हत्या गरेपछि आक्रोशित भएका माओवादी नेता मातृका यादवले २०६३ साउन १ गते राजविराजमा आयोजित सभामा मोर्चाविरुद्ध सिरहा र सप्तरीमा 'युद्ध'को घोषणा गरेको समाचार सञ्चारमाध्यमहरूमा आएपछि उनीहरूबीचको झगडामा आगोमा घिउ थपिएको थियो ।

माओवादीका सप्तरी इन्चार्ज रमेश सिंहले मोर्चाका नेता तथा कार्यकर्ताहरू माओवादी पार्टीमा आउन चाहे समायोजन गर्न सकिने बताएका थिए । उनले एक-अर्काको संगठन विस्तारमा कुनै बाधा नगर्ने गरी सहकार्य गर्न सकिने विकल्प पनि अघि सारेका थिए । उनको त्यो प्रस्ताव त्यसै खेर गयो । जयकृष्ण गोइतले माओवादीले आफैं सरकारसँग मागिरहेको अवस्थामा हामी उनीहरूसँग के माग्न वार्ता गर्नु भनेर वार्ताको सम्भावनालाई अस्वीकार गरे । माओवादीसँग सहकार्य गरेर जान सकिन्छ भन्ने धारणाचाहिँ उनको पनि छ । मोर्चाका कार्यकर्तालाई माओवादीले केही नगरून् र हामी पनि तिनका कार्यकर्तालाई केही गर्दैनौं भन्ने उनको प्रस्ताव छ । मोर्चाको अर्को समूहको नेतृत्व गरिरहेका ज्वाला सिंहले माओवादीसँग वार्ता र सहकार्य दुवै गर्न तयार थिए । सिंहले वार्ताका लागि तीनवटा प्रस्ताव माओवादीसमक्ष राखेका थिए । पहिलो, माओवादीले तराईमा चन्दा आतंक बन्द गर्नुपर्ने दोस्रो, मोर्चाका कार्यकर्ताहरूको हत्या गरेको कुरा सार्वजनिक रुपमा स्वीकार गर्नुका साथै अपहरण गरेकालाई तुरुन्त रिहा गर्नु पर्ने र तेस्रो, तराईबाट माओवादीको मुक्ति सेना हटाउनुपर्ने ।

यसैबीच माओवादीका अध्यक्ष प्रचण्डले झापाको पत्रकार सम्मेलनमा मोर्चासँग कुराकानी गर्न पार्टीको जिम्मेवार पक्षलाई खटाइसकेको र जयकृष्ण गोइतले आत्मालोचना गरेर आएमा पार्टीमा सम्मानित स्थान दिने बताएका छन् । त्यसपछि माओवादीले मोर्चाका कार्यकर्ताप्रति नरम नीति अपनाएका थिए र उनीहरूले आक्रमण नगरेसम्म आफूले पनि उनीहरूमाथि हमला नगर्ने रमेश सिंहले विश्वास दिलाएका थिए । झ्वाट्ट हेर्दा दुवै पक्षको नेतृत्व तह वार्ता र समन्वयप्रति उत्सुक देखिन्छ, तर कार्यकर्ता र सेना उनीहरूको खासै नियन्त्रणमा नहुनाले मोर्चाको ज्वाला सिंह समूह र माओवादीबीच लगभग वार्ताको वातावरण बनिसकेर पनि विफल भएको हो ।

माओवादीहरू एकातर्फ वार्ताको कुरा गर्छन् र अर्कोतर्फ मोर्चाका कार्यकर्तामाथि धावा बोल्ने नीति लिन्छन् भन्दै दसैंपछि ज्वाला सिंह समूहले माओवादीसँग वार्ता हुन नसक्ने जानकारी मध्यस्थकर्तालाई दिएको थियो । त्यसैगरी माओवादीले जोसँग वार्ता गर्ने उसैको विरोधमा तराई बन्दको घोषणा गर्ने भन्दै मोर्चासँग वार्ता नगर्ने बताएको थियो । मोर्चाको ज्वाला सिंह समूहले दसैंअघि माओवादीको चन्दा आतंकको विरोधमा तराई बन्दको आयोजना गरेको थियो । माओवादीको अध्यक्ष प्रचण्डले मधेसी मूलका माओवादी नेताहरूलाई मधेसको लागि छुट्टै अभियान संचालन गर्नका लागि नयाँ योजना ल्याउन आफू खटिरहेको बताएका छन् । उनको यो भनाइले मधेसमा भइरहेको काटमारको स्थितिलाई साम्य पार्न कुनै नयाँ नीति सार्वजनिक हुन्छ कि भन्ने आशा तराईवासीले गरेका छन् । प्रचण्डको नयाँ नीति जनतान्त्रिकलाई चिढ्याउने प्रवृत्तिको भएमा हिंसात्मक गतिविधि झन् बढ्ने देखिन्छ ।

*(सप्तरीबाट **श्यामसुन्दर यादव** र सर्लाहीबाट **चूडामणि वाग्ले**को सहयोगमा )*



श्यामसुन्दर यादव

## को हुन् ज्वाला सिंह ?

- नाम : नागेन्द्रकुमार पासवान
- उमेर : ४२ वर्ष
- ठेगाना : सिरहा नगरपालिका-७
- घर : जिल्ला प्रहरी कार्यालय सिरहाबाट करिब एक सय मिटर दक्षिण-पश्चिम
- लेखापढी व्यवसाय : वि.सं.२०४५ देखि २०५६ सम्म
- माओवादीको मुखपत्र जनादेशको रिपोर्टर : वि.सं. २०५७ सालसम्म
- सिरहाबाट प्रकाशन हुने जनसन्देश साप्ताहिकको प्रकाशक तथा सम्पादक तथा सिरहामा २०५७ सालदेखि नीलेश छापाखाना संचालन गरेको (हाल बन्द)
- संयुक्त जनमोर्चा नेपालको सिरहा जिल्ला सचिव : वि.सं.२०५० देखि २०५२ फाल्गुण १ अघिसम्म
- दलित मोर्चाको अध्यक्ष (स्वतन्त्र संगठन)
- माओवादी निकट बुद्धिजीवी संगठन जिल्ला समितिको सदस्य वि.सं. २०५५ सालमा
- माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सदस्य २०५८ साल जयकृष्ण गोइतको अध्यक्षताको कालमा
- शैक्षिक योग्यता : सूर्यनारायण सत्यनारायण क्याम्पस सिरहामा बिएडमा अध्ययनरत रहँदा भूमिगत भएको
- नेपाल पत्रकार महासंघ सिरहा शाखाको दुई कार्यकाल उपसभापति (वि.सं.२०५३ देखि २०५८ सम्म)
- जनतान्त्रिक तराई मुक्ति मोर्चाको पूर्वी इन्चार्ज : वि.सं.२०६२ असारदेखि २०६३ साउनसम्म
- जनतान्त्रिक तराई मुक्ति मोर्चाको अध्यक्ष : २०६३ साउनदेखि हालसम्म
- जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंह समूहको केन्द्रीय समिति ।



वीरगन्ज जेलमा रहेका अपहरणकारी, भारत तीनकोनीका हीरालाल सहनी



वीरगन्ज जेलमा रहेका अपहरणकारी, भारत तीनकोनीकामहेश बैठा



हर्दिया–८ बाराका अपहरणकारी विश्वनाथ सहनी

# फस्टाउँदो अपहरण व्यापार

**दण्डहीनता, प्रहरीको मिलोमतोमा राजनीतिक संरक्षणका कारण मधेसमा अपहरण पेसाका रुपमा फस्टाउन थालेको छ ।**



अपहृत साहलाई देखाउँदै बाराका तत्कालीन प्रहरी उपरीक्षक भक्तिनाथ माझी तथा पछाडि उभिएका चार अपहरणकारी

■ **लक्ष्मी साह/कलैया**

**किनमेल गर्न** गंजभवानीपुर बजार गएका ५८ वर्षीय बाबुराम चौधरी घर फर्किनन् । भोलिपल्टैदेखि परिवारजन व्याकुल भएर खोज्न थाले तर पत्तो लागेन । हराएको एक सातापछि चिठी पाएका परिवारजनले उनको अपहरण भएको पत्ता पाए । पाँच लाख रुपैयाँ फिरौती दिएपछि चौधरीलाई मुक्त गरिने चिठीमा लेखिएको रहेछ । व्यापारझैं एक महिना मोलमोलाइ गरेर ६६ हजार दिएपछि काकालाई मुक्त गरिएको अपहृत चौधरीका भतिजा ओमनारायणले बताए । अपहरण २०६२ फागुन ८ गते गरिएको थियो । वृद्ध चौधरी भन्छन्, 'राताराती सीमावर्ती गाउँ इनर्वामा लगेर कोठामा थुनिदिए । एक कुरुवा पनि बन्दुक लिई कोठामै बसे । नित्यकर्म कोठामै गर्नु पर्थ्यो ।' बाराको करैया–२ निवासी चौधरी सोही गाविसका सचिव हुन् ।

कलैयाका २८ वर्षीय व्यवसायी जयप्रकाश ठाकुर घर जाने क्रममा २०६२ माघमा अपहरणको सिकार बनेका थिए । बाबु महेन्द्र ठाकुर भन्छन्, 'छोरो अपहरण भएलगत्तै प्रहरीमा पुगें । साँझ परिसकेको थियो । प्रहरीले मेरा कुरा नपत्याउँदै फर्काइदिए । त्यसपछि प्रहरीकहाँ कहिल्यै गइनँ । बरु जेनतेन गरी फिरौती दिएर छोरालाई छुटाएँ ।' अपहरणको १५ दिनपछि डेढ लाख फिरौती दिएर छोरा जयप्रकाशलाई मुक्त गराएको छिमेकीहरू बताउँछन् ।

अपहरणकारीले दिएको पीडा सुनाउँदा ३० वर्षीय देवेन्द्र केशरी अझै पनि थरर काम्छन् । केशरी भन्छन्, 'म बल्ल बल्ल बचें । हतियारले काटेर मेरो जीउ छियाछिया पारेका थिए, ती घाउ सियो–धागोले सिलाइदिन्थे । घाउ निको पार्ने भनेर अचेत पार्न औषधी दिन्थे । केही छिनमै म अचेत हुन्थें ।'

२०५९ जेठ ३१ गते कलैयाबाट घर फर्किने क्रममा पसाहखोला नजिक बेलुकी ७ बजे हतियारधारी समूहले केशरीको अपहरण गरेका थिए । उनलाई राताराता भारत पूर्वीचम्पारणको मूर्तिया गाउँमा पुऱ्याइएको थियो । ५० लाख रुपैयाँ फिरौतीको मोलतोल चलिरहेकै क्रममा अपहरणको छत्तीसौं दिन कच्ची घरको बार (टाटी) भत्काई भागेर केशरी घर आएका थिए ।

तराईका सीमावर्ती जिल्ला बारामा २०५४ कार्तिकदेखि २०६३ भदौसम्मको १० वर्षमा अपहरणका २० घटना प्रहरीमा दर्ता भएका छन् । सोही अवधिमा पर्सामा १९ घटना प्रहरीमा छन् । रेकर्डमा घटना थोरै देखिए पनि दुवै जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रमा अपहरणका घटनाबारे स्थलगत अध्ययन गर्दा दुई सय जति रहेको अनुमान गर्न सकिन्छ । अपहृतको ज्यान जाने डरले पीडित पक्ष प्रहरीमा उजुरी दिन नचाहेर अपहरणको संख्या थोरै देखिएको हो । यद्यपि पर्सा प्रहरीमा एक सय २५ जनाको अपहरणबारेको अभिलेख छ ।

पैसाको लागि गरिने अपरहण सामाजिक एवं कानुनी दृष्टिले अपराध भए पनि अपहरणकारीहरू दण्डित नभएकाले पनि यो पेसा व्यापारझैं फस्टाउँदो छ । अपहरण गाउँदेखि सहरमा र बालक वृद्धसम्म अपहरणका सिकार बन्ने गरेका छन् । अपहरण गरी लगिएकाहरू फिरौती रकम दिएरै मुक्त हुने गरेका छन् । कोहीकोही त रकम तिरेर पनि ज्यान गुमाएका छन् ।

बारा जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँटमा अनुसन्धान अधिकृत भई लामो समय काम गरेका प्रहरी निरीक्षक गौतमराज कट्टेलको अनुभवमा विभिन्न शैली अपनाएर अपहरण गर्ने गरिएको




बबुआइन-९ का अपहरणकारी भिखारी मियाँ



बलिरामपुर-३ निवासी अपहरणकारी राजेश कुर्मी



बहुअरी-१ निवासी अपहरणकारी शम्भुलाल चमार

छ । 'बच्चालाई साथी अथवा नोकर बनेर । उद्योगी व्यापारीको हकमा उनकै चालकलाई नै प्रयोग गरेर अपहरण गर्ने गरिएको' निरीक्षक कट्टेल बताउँछन् । वीरगन्जका उद्योगपति मनोज दासको अपहरणमा उनकै चालकलाई प्रयोग गरिएको थियो । उद्योगपति दासको अपहरणले राष्ट्रियस्तरमै चर्चा पनि पायो, जसमा नेपाली नेताहरूले भारतीय नेताहरूसँगको पहलमा पटनाबाट डेढ करोड फिरौती दिएर उनलाई मुक्त गराएका थिए । यद्यपि, फिरौतीबारे दास मुख खोल्न चाहँदैनन् । २०६१ असार ३ गते दिउँसो परवानीपुरस्थित उद्योगबाट फर्किने क्रममा उनको अपहरण गरिएको थियो ।

प्रहरी निरीक्षक कट्टेल भन्छन्, 'अपहरणकारीका तीनवटा समूह हुन्छन् । पहिलो सुराकीको आधारमा योजना बनाउने, दोस्रो अपहरण गर्ने र तेस्रोले अपहृतलाई सेल्टरमा राखी फिरौतीको मोलतोल गरी रकम लिने गर्छन् ।'

## प्रहरी नै संलग्न

अपहरणमा प्रहरीको पनि संलग्नता रहने गरेको आरोप पनि लाग्दै आएको छ । बहालवाला घुमुवा प्रहरीसँगको सहमतिमा आफूहरूले अपहरण गरेको वीरगन्ज जेलमा रहेका कैदी करिमन भन्ने राजदेव हजराले बताए । हजरा देवेन्द्र केशरी र असर्फी साह तेलीको अपहरण गरेको कसुरमा वीरगन्ज जेलमा सजाय भोग्दै छन् । हजरा भन्छन्, 'केशरी र तेलीको अपहरण सफल नभएपछि प्रहरीले हामीलाई फसायो ।' हजराले भनेझैं जमुनासिंह र राजेश पटेल लगायतकाहरू प्रहरीका सहयोगी भई काम गर्दथे । आफूचाहिँ भारत आडराका ध्रुव सिंहको गिरोहमा थिएँ ।' चर्चित अपहरणकारी हितलाल सहनी पर्सा प्रहरी हिरासतबाट भागेको घटना अहिले पनि ताजै छ । सहनी भगाउन प्रहरीले सघाएको आरोप छ ।

कुख्यात अपराधी मक्बुल मियाँ ठकुराईलाई वीरगन्जका एक जिम्मेवार नेताको जमानीमा छाडिएको अभिलेख पर्सा प्रहरीमा सुरक्षित नै छ । ती नेतासँग निकट सम्बन्ध राखेका केही व्यक्तिहरूले यस क्षेत्रमा अपहरण जस्ता अपराध गराएको बताइन्छ । त्यतिखेर यहाँका ठुल्ठूला उद्योगपति तिनै नेता र उनका अघिपछि घुम्ने व्यक्तिलाई घरमा बोलाएर भोजभतेर गरेका कारण यहाँका उद्योगी व्यापारीका कारोवार एवं आर्थिक हैसियत थाहा पाएर अपराधी चलखेल बढेको हो ।

भारत विहारका पूर्वविधायक बृजविहारी प्रसाद र देवेन्द्र दुवेको वीरगन्जका उद्योगी व्यापारीसँग निकट सम्बन्ध रही नियमित उठबस थियो । ती दुई विधायकसँगै विनोद सिंह र छोटेलाल सहनी पनि रहन्थे । पछि छुट्टै गिरोह बनाई विनोदलाई मारेपछि छोटेलाल वीरगन्जको डन कहलाउन थाल्यो । छोटेलाल अहिले भारतीय जेलमा भए पनि वीरगन्ज अझै अपराधीहरूको अखडा बनेको छ । भारतीय जेलमै रहेका छोटेलालका सहकर्मी रुदल सहनीको बयानअनुसार सीमावर्ती क्षेत्रमा अहिले २० अपहरणकारी गिरोह सक्रिय छन् ।

वीरगन्जका व्यापारी लक्ष्मणजी कलवारको सिम्रौनगढस्थित आफ्नै कोल्ड स्टोरबाट अपहरण भयो, तर फिरौतीको मोलतोल नमिलेपछि उनी मारिए । यस्ता उदाहरण थुप्रै छन् । वीरगन्जकै गोपाल स्वर्णकारले पनि मागेअनुरुपको फिरौती नदिएर आफ्नो छोरालाई गुमाउनु पर्‍यो । तर सन्तोषसँगै अर्का अपहृत फिरौतीपछि सकुशल मुक्त भएका थिए । पर्सा निचुटा-७ का थारू मुखियाका दुईमहिने शिशुको २०६३ भदौ ७ गते मा अपहरण गरियो । अपहरणमा स्थानीय व्यक्ति संलग्न देखिएपछि गाउँमा तनाव भयो र पछि बच्चा मुक्त भयो । बारा प्रस्टोका-३ का हरेरामसाह तेलीका ६ वर्षीय छोरा मामाकै संलग्नतामा २०६० माघ २२ गते अपहृत भए । बलिरामपुरका गणेश महतो नुनियाका ६ महिने बच्चा महिलाहरूबाट २०५४ कार्तिक ५ मा अपहृत भए । पुरैनियाका ६२ वर्षीय असर्फी साह चार लाख फिरौतीका लागि २०६० माघ २९ गते अपहृत भए । प्रस्टोकाका हरेरामका ६ वर्षे छोरालाई लुकाई राखिएको भारतको रामगढवास्थित एक गाउँबाट नेपाल-भारतको प्रहरीले मुक्त गराए । त्यस्तै वृद्ध असर्फी साहलाई एक महिनापछि भारतकै बौधा गाउँबाट जोगाइएको थियो ।

बारा तेलकुवा-१ निवासी छोटेलाल साहले छोरा सन्तोषलाई डाक्टर बनाउन चाहेका थिए, तर सकेनन् । बरु २०५९ भदौ १७ गते उनको जीवनमा कहिल्यै नबिर्सिने कालो दिन बन्यो । वीरगन्जस्थित हरिखेतान क्याम्पसमा आइएस्सीमा पढ्दै गरेका सन्तोषलाई त्यही दिन अपहरण गरी लगिएको थियो । दुई लाख खर्चिएर पनि सन्तोषको अझै अत्तोपत्तो छैन । उनले भारत महुआवाका सिकिन्दरलाई एक लाख र बडाबाबुलाई ८० हजार रुपैयाँ दिएका थिए । छोटेलाल सिम्रौनगढ इलाका हेल्थपोस्टका इन्चार्ज (स्वास्थ्य सहायक) हुन् ।

त्यस्तै गालोपट्टीका अपहृत देवेन्द्र केशरीका बाबु रामअयोध्याको भनाइले पनि प्रहरीको काम शंकास्पद रहेको पुष्टि हुन्छ । राम अयोध्या भन्छन्, 'तत्कालीन प्रहरी उपरीक्षकै सल्लाहमा मैले महेशपुरका वकिल देवानमार्फत भारतभेडियारीका सविब देवानलाई रक्सौलको ताज मार्केटमा भेटें । सविबले देवेन्द्रको परिचयपत्र देखाएपछि छोरो पाउने आस जागेको थियो, तर १२ हजार रुपैयाँ लिनुबाहेक तिनीहरूले केही गरेनन् ।' देवेन्द्र केशरी कलैयास्थित एक इन्स्टिच्युटमा अहेव अध्ययनरत थिए ।

वीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष सुशील मित्तल अपहरणलाई राष्ट्रिय समस्याको संज्ञा दिन्छन् । अपहरणकारीले खुला सीमाको फाइदा उठाउने गरेको बताउँदै उपाध्यक्ष मित्तल भन्छन्, 'बढ्दो अपहरणकै कारण उद्योगी यहाँबाट पलायन हुन थालेका छन् । सुरक्षानिकायका केही भ्रष्ट कर्मचारीको मिलेमतो भएकाले अपराध नियन्त्रण गर्न दिइएको पटक-पटकको माग-ज्ञापनप्रति वास्ता नगरिएको हो ।'

पर्साका प्रहरी उपरीक्षक रमेश फुयाल सूचना अभावका कारण अपहरण बढेको तर्क गर्छन् । भारतको रक्सौल र वीरगन्जबीच सञ्चालित इन्टरलिंक टेलिफोन सेवामा कलरआइडी नरहेकाले पनि अपराध बढेको उनले बताए ।

कुनै मानिसलाई एक ठाउँबाट अर्को ठाउँमा लगि बेचिएको हकमा 'जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन २०४३' अनुरुप कारबाही गर्ने गरिएको छ । बेचविखन कार्यमा संलग्न भएकालाई २० वर्षसम्म कैद सजाय हुन सक्ने प्रावधान छ । यसै ऐनअन्तर्गत अपहरणविरुद्ध मुद्दा चलाइन्छ र अधिकांश सफल भएको बारा जिल्ला सरकारी वकिल कार्यालयका खरिदार गणेशप्रसाद उपाध्याय बताउँछन् ।

फिरौती रकमकै लागि गरिने अपहरण तथा सोको नियन्त्रणको हकमा छुट्टै कानुन छैन । बालबालिका अथवा महिलालाई यौनजन्य कार्यमा लगाउन भारतमा लगी बेचिने अपराधका निम्ति धेरै पहिले बनाइएको यो कानुन अपरहणको हकमा अहिले अनुपयुक्त सावित भइसकेको अधिवक्ता रामकृष्ण काफ्ले बताउँछन् । अधिवक्ता काफ्ले थप्छन्, 'अपहरणलाई गम्भीर अपराध किटेर छुट्टै कानुन नबनाइन्जेल नियन्त्रण गर्न असम्भवप्राय: छ ।' ■

# पानी पनि निजीकरण

**संसद्ले खानेपानी** संस्थानको ऐन संशोधन गरेर सरकारलाई खानेपानी संस्थानलाई निजीकरण गर्ने बाटो खुला गरेको छ । पुस १९ गते पारित भएको नेपाल खानेपानी संस्थानको निजीकरण सम्बन्धी कानुनले करोडौं रुपैयाँ उपभोक्ताको स्वामित्व रहेको खानेपानी संस्थानलाई निजीकरण गर्नेसहितको सबै अधिकार खुला गरेको छ । उपभोक्ताको अधिकार र राष्ट्रसंघीय महासन्धि र ऐन कानुनविपरीत भएको भन्दै उपभोक्ताले संसद्बाट पारित ऐनको चर्को विरोध गरेका छन् । खानेपानी संस्थानको वितरण प्रणालीलाई मात्र निजीकरण गरिने सरकारले बताउँदै आए पनि संसद्बाट पारित ऐनले सबै अधिकार निजी क्षेत्रलाई दिन सक्ने बाटो खुला गरेको छ ।

नेपाल पक्ष भएको संयुक्त राष्ट्रसंघीय उपभोक्ता अधिकारसम्बन्धी महासन्धिले खाद्यान्न, पानी र औषधीको व्यवस्थापन र नियन्त्रण राज्य आफैंले गर्नु पर्ने र निजीकरण गर्न नपाइने व्यवस्था गरेको छ, तर सरकारले भने आफू पक्ष राष्ट्र भएको यस्ता महासन्धिको समेत ठाडो उल्लंघन गरेको छ ।

सरकारले एसियाली विकास बैंकको दबाबमा यस्तो निर्णय गरेको बताइएको छ । मेलम्ची खानेपानी परियोजनामा एडिबीले हात झिक्ने डरले दाताको निर्देशनमा गरिएको सरकारको यो निर्णयले आम उपभोक्ता मारमा पर्ने भएका छन् । उपभोक्ता संरक्षण मञ्चका अध्यक्ष ज्योति वानिया भन्छन्, 'उपभोक्ताको करोडौं स्वामित्व रहेको खानेपानी संस्थानको ऐन संशोधन गरेर संसद्ले समेत सरकारलाई जनविरोधी निर्णय गर्ने बाटो खोलेको छ ।'

संसद्बाट ऐन पारित हुनुभन्दा अगाडि नै काठमाडौं उपत्यकामा खानेपानी कम्पनीको नाममा बेलायतको सेभरन ट्रेन्ट वाटर इन्टरनेसनललाई खानेपानीको वितरण र व्यवस्थापनको जिम्मा दिने निर्णय सरकारले गरिसकेको छ । सरकारको यो निर्णयले अन्तरिम संविधानमा व्यवस्था गरेको स्वास्थ्यको अधिकारको समेत उल्लंघन गरेको विज्ञहरूले बताएका छन् । अधिवक्ता डा. गोपाल सिवाकोटी चिन्तन भन्छन्, 'खानेपानी निजीकरण कानुन संसद्ले संशोधन गरेर वर्तमान ऐन कानुन, वर्तमान संविधान र अन्तरिम संविधान सबैको ठाडो उल्लंघन गरेको छ ।' स्रोतका अनुसार सरकारले सम्झौता गरेको बेलायती कम्पनी यसअघि नै बदनाम भइसकेको छ । विगतमा राजनीतिक दलको भर्ती केन्द्रको रुपमा रहेको खानेपानी संस्थानमा भ्रष्टाचार र राजनीतिक हस्तक्षेपको कारण घाटामा गएको जानकारहरूले बताएका छन् । संशोधित खानेपानी संस्थानको ऐनले खानेपानीको स्वामित्व निजी क्षेत्रलाई हस्तान्तरण गर्ने अधिकार दिएको छ । अधिवक्ता चिन्तन भन्छन्, 'विदेशी कम्पनीलाई दिएको अधिकार अहिलेकै खानेपानी संस्थानलाई दिने हो भने संस्थानले नाफा कमाउन थाल्छ ।'

संविधान र ऐन कानुन र उपभोक्ताको अधिकारविपरीत ऐन संशोधन र निजीकरण भएको भन्दै खानेपानी तथा सरसफाइ महासंघ लगायतका चारवटा उपभोक्ताका अधिकारवादी संस्थाहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । अधिवक्ता चिन्तन भन्छन्, 'संसद्लाई संविधान र ऐन कानुनविपरीत कानुन बनाउने अधिकार छैन, तर खानेपानीको ऐन पारित गराएर संसद्ले उपभोक्ताको अधिकार उल्लंघन गरेको छ ।' यसअगाडि राजाको शासन कालमा तीनपटकसम्म अध्यादेशमार्फत ऐन संशोधन गरेर निजीकरण गर्न खोजिए पनि सफल भएको थिएन । संशोधित ऐनले खानेपानी संस्थानलाई व्यवस्थापन र वितरणको अधिकारबाट पूर्णरुपमा हटाएको छ । संसद्बाट पारित ऐनको माओवादीको नेतृत्व तहबाटै विरोध आएको स्रोतले बताएको छ । राष्ट्रिय चासोको विषयमा माओवादीसँग सल्लाह र सहमति गरेर निर्णय गर्ने सम्झौता सरकार र माओवादीबीच भएको थियो । स्रोतका अनुसार माओवादीको नेतृत्वले नै संसद्बाट पारित खानेपानीको निजीकरण गर्ने अधिकार सहितको ऐनप्रति असहमति जनाएको छ ।

■ **गोविन्द परियार/काठमाडौं**




# पाखा लगाउने प्रयास

**जेठमा हुने भनिएको** संविधानसभाको निर्वाचनमा मतदान गर्न नपाउने भएपछि प्रवासी नेपालीहरू आफूहरूमाथि धोका भएको ठानिरहेका छन् । मतदान गर्नबाट आफूहरूलाई वञ्चित गर्ने मतदाता ऐन संशोधन गर्न माग गर्दै उनीहरूले देश विदेशमा आन्दोलन चर्काउन भएका छन् ।

अन्तर्राष्ट्रिय नेपाली एकता समाजका अध्यक्ष गिरीधारीलाल न्यौपाने भन्छन्, 'आन्दोलन गर्दा हामी चाहिने, संविधान बनाउँदा पाखा लगाउने ?' उनले यस्तो अन्यायविरुद्ध आन्दोलन रोज्न बाध्य भएको बताए । लाखौं प्रवासी नेपालीलाई पाखा लगाउनेहरूलाई नै पाखा लगाउनुपर्ने आक्रोश पोखे ।

भरखरै संसद्बाट पारित मतदाता ऐनमा संविधानसभाको चुनावमा प्रवासी नेपालीहरूलाई मतदान दिने अधिकार छैन । बारम्बार प्रवासीहरूले त्यस्तो माग गरे पनि भर्खर बनेको ऐनमा भने उनीहरूको मागप्रति सम्बोधन भएको छैन ।

सरकारी अधिकारीहरूले निर्धारित समयभित्रै निर्वाचन गर्नुपर्ने भएकाले प्रवासी नेपालीहरूलाई त्यस्तो व्यवस्था गर्न नसकिएको दाबी गर्दै आएका छन् । उनीहरूले आर्थिक रुपमा पनि त्यसो गर्न सम्भव नभएको तर्क गर्दै आएका छन्, तर प्रवासीहरू त्यस्तो तर्क जालझेलको तर्क भएको बताउँछन् ।

सुरुमा प्रायः सबै आन्दोलनकारी दलहरू प्रवासीहरूको मताधिकारको पक्षमा रहे पनि अन्तिमसम्म भने जनमोर्चा मात्र अडिग देखिएको छ । एकता समाज जनमोर्चा निकट मानिन्छ । प्रवासमा अरूको तुलनामा सो समाजको संगठन मजबुत रहेको दाबी गरिन्छ ।

देशको कुल जनसंख्याको एक चौथाइ जनसंख्या प्रवासमा भएको अवस्थामा यस्तो निर्णय गरिनु न्यायसंगत र प्रजातान्त्रिक नभएको दाबी छ । उसको दाबीमा मतदानको प्रक्रिया पुगेका न्यूनतम एक करोड प्रवासी नेपालीहरू छन् । जसलाई मतदाता ऐनले मतदाताका रुपमा स्वीकार गरेको छैन ।

अध्यक्ष न्यौपानेले प्रश्न गरे, एक करोड मतदातालाई वञ्चित गरेर गरिने निर्वाचनको परिणाम कसरी स्वच्छ होला ? विदेशमा सुदृढ संगठन भएको भनिएको अन्तर्राष्ट्रिय नेपाली एकता समाजले त्यसको विरोधमा विश्वव्यापी रुपमा विरोध प्रदर्शनका कार्यक्रमहरू सार्वजनिक गरेको छ । समाजले पुस २३ गते भारतको नयाँदिल्लीमा विशाल प्रदर्शन र आमसभा गर्नेछ । त्यस दिन भारतका कानपुर, भोपाल, मुम्बई, हैदरावाद, बंगलोर, कोत्याम, कोलकाता लगायतका सहरमा पनि प्रदर्शन र आमसभा हुनेछन् ।

न्यौपानेले आफ्नो विरोध कार्यक्रममा विश्वभरका प्रवासीहरूको समर्थन भएको बताउँदै पुस २३ गते साउदी अरब, कतार, हङकङ, जर्मनी, बेलायतमा पनि मतदाता ऐनको विरोधमा प्रदर्शन गरिने बताए । समाजका पूर्व अध्यक्ष लीलानाथ कुसुमले मतादाताहरूको अधिकार कुण्ठित गर्ने ऐनविरुद्ध आवाज उठाउन नेपालमा रहेकाहरूलाई पनि अनुरोध गरे । उनले विदेशमा मतदानको व्यवस्था गर्ने अनेक वैकल्पिक उपायहरू रहेको दाबी पनि गरे ।

प्रवासीहरूले मतदानको अधिकार मात्र हैन, संविधानसभामा प्रवासलाई पनि निश्चित सिट छुट्याउनुपर्ने माग गरेका छन् । उनीहरूले प्रवासमा रहेका लाखौं नेपालीहरूको पनि प्रतिनिधित्व गराउन निश्चित सिट छुट्याइनुपर्ने तर्क गरेका छन् ।

■ **दीपक ज्ञवाली/बुटवल**

## धोका भयो, अन्याय भयो



**अध्यक्ष, गिरीधारीलाल न्यौपाने**
**अन्तर्राष्ट्रिय नेपाली एकता समाज**

**मतदाता ऐनको किन विरोध गर्नु भएको ?**

प्रवासी नेपालीमाथि ठूलो अन्याय र धोका भयो । हिजो आन्दोलन गर्दा सबैभन्दा पहिले प्रवासी नेपाली चाहियो । आन्दोलनमा अन्तर्राष्ट्रिय रुपमा भूमिका खेल्दा, आर्थिक स्रोत जुटाउँदा र संकटमा शक्ति जुटाउँदा प्रवासी नेपाली चाहियो । आज संविधान बनाउने बेला प्रवासीलाई पाखा लगाईंदै छ । हुँदाहुँदा प्रवासी नेपालीले संविधानसभाको निर्वाचनमा भोट हाल्न नपाउने रे । यस्तो पनि हुन्छ ? प्रवासीलाई मतदाताको वैधानिकता नदिने षड्यन्त्रविरुद्ध आन्दोलन गर्नुबाहेकहरू विकल्प भएन ।

**कति छन् प्रवासमा नेपाली मतदाता ?**

जनसंख्याको हिसाबले एक चौथाइ नेपाली प्रवासमा छन् । हाम्रो अध्ययनमा मतदान गर्ने प्रक्रिया पुगेका प्रवासी नेपालीहरूको संख्या न्यूनतम पनि एक करोड छ । भारतमा मात्र त्यस्ता मतदाताको संख्या ५० लाखभन्दा बढी छ, अन्य देशहरूमा न्यूनतम ५० लाख । एक करोड नेपालीलाई पाखा लगाएर गरिने निर्वाचन, त्यसले दिने परिणाम र त्यसबाट बनाइने संविधान कसरी उचित होला ?

**तर सरकारले त निर्धारित समयभित्र त्यसो गर्न सम्भव छैन भनेको छ नि ? आर्थिक रुपले पनि सम्भव छैन त ?**

यो सब कुतर्क हो । किन सकिन्न ? सकिन्छ । असल नियत र इच्छा हुनुपर्‍यो, सकिन्छ । अरू त के नेपालमा मतदाता नामावली संकलन गर्ने कामसँगै विदेशमा पनि निर्वाचनको तयारी एकैसाथ त्यही समयभित्र गर्न सकिन्छ । युरोपतिर रेलमा हिँड्दाहिँड्दै पनि मतदान गर्ने अधिकार हुन्छ, तर यहाँ एक एक करोड आफ्नै नागरिकहरूलाई बेवास्ता गरेर संविधान जस्तो महत्त्वपूर्ण कुरा बनाईंदै छ । कस्तो बिडम्बना !

**तर युरोपसँग तुलना गर्न सकिन्छ ?**

तुलनाको कुरा हैन । चाहना हुनुपर्‍यो, सजिलै सकिन्छ ।

**कसरी मिलाउने त प्रवासमा मतदानको व्यवस्था ?**

पहिलो कुरा त सम्भव भएका प्रवासीलाई नेपाल बोलाउने । आउन सम्भव नभएकाहरूलाई उतै मतदानको व्यवस्था मिलाउने । उनीहरूका लागि विदेशका सेन्टर पर्ने केही ठाउँमा मतदान केन्द्रहरू राख्ने । कतिपय देशमा दूतावास वा वाणिज्य दूतावासका कार्यालयहरूद्वारा त्यस प्रकारको व्यवस्था गर्न सकिन्छ । अन्यत्र मेल वा इन्टरनेटद्वारा पनि त्यस प्रकारको निर्वाचन गर्न सकिन्छ ।

विदेशमा भएका नेपालीहरूका लागि बेग्लै मतदाता सूची तयार गर्न सकिन्न भने पनि नेपालमा तयार भएको मचदाता सूचीमा नाम भएकामध्येबाट विदेशमै मतदान गर्न चाहनेहरूले दरखास्त दिएपछि मतदाता सूचीमा उनीहरूको नाम मिलाएर उनीहरूको नाम दर्ता गर्न सकिन्छ । उनीहरूका लागि मिश्रित प्रणाली अपनाउन सकिन्छ । दूतावास, वाणिज्य दूतावास वा उनीहरूद्वारा तोकिएको अधिकारीहरूका मातहतमा प्रत्यक्ष मतदान गर्ने, त्यो सम्भव नभएका स्थानहरूमा मेल, इन्टरनेट आदिद्वारा मतदानको व्यवस्था गरेर कयौं देशमा अपनाइएको विधि प्रयोग गर्न सकिन्छ । प्रवासी नेपालीलाई वञ्चित गरेर त्यसरी गरिने निर्वाचन र त्यसबाट आउने परिणाम गलत मान्दछौं र त्यसको विरोध गर्दछौं ।

**अब के गर्ने त ?**

प्रवासी नेपालीहरूको अत्यधिक भोट गणतन्त्रको पक्षमा जान्छ भनेर हामीलाई मतदानबाट वञ्चित गरिएको हुनसक्छ । हामीले धोका र अन्यायका विरुद्ध आन्दोलनको घोषणा गरेका छौं । यसलाई देश विदेशमा चर्काउँछौं र मतदाता ऐनलाई पुनर्विचार गर्न बाध्य पार्छौं । यति हुँदाहुँदै पनि हामीलाई पाखा लगाएर निर्वाचन भइहाल्यो भने त्यस्तो परिणाम वास्तविक जनताको पक्षमा हुँदैन । त्यस्तो परिणाम हामीलाई स्वीकार्य पनि हुनेछैन ।



# गैंडा मरेको मच्यै

**खाग र खुरका** लागि तस्करहरूले चितवन निकुञ्जका गैंडा एकपछि अर्को गर्दै धमाधम मार्दा जोगाउनेहरूको ध्यान निकुञ्ज प्रशासन र त्यहाँको सुरक्षा व्यवस्थालाई सक्षम बनाउनेमा बढी केन्द्रित भएको छ। तर, निकुञ्जभित्र भन्दा बाहिरको वन क्षेत्रमा यति बेला धेरै गैंडा मारिएका छन्। वनको गैंडा संरक्षण गर्ने निकाय जिल्ला वनको कमी कमजोरी केलाउने र त्यहाँको साधन स्रोतका बारेमा चासो दिने काम भएको छैन।

साउनदेखि चितवन र नवलपरासी क्षेत्रमा १२ वटा गैंडा मरेका छन्। बाली जोगाउन स्थानीयवासीहरूले छाडेको करेन्टमा परेर मरेका दुईवटा बाहेक अरू दसवटा गैंडाको मृत्यु तस्करहरूकै कारण भएको छ। तीमध्ये ६ वटा गैंडालाई तस्करहरूले निकुञ्जबाहिर जिल्ला वन कार्यालयको क्षेत्राधिकारभित्रै पर्ने वनमा गोली हानेर मारेका छन्। निकुञ्जभित्रै जम्मा तीनवटा गैंडा मरेका छन् भने मध्यवर्ती क्षेत्रमा सिकारीले मारेको गैंडाको संख्या एक छ।

सुरुमा साउन ५ गते तस्करहरूले जिल्ला वनअन्तर्गत पर्ने चतुर्मुखी सामुदायिक वनमा गैंडा मारेका थिए। पछिल्लो पटक पुस १८ गते पनि वन क्षेत्रभित्रै गैंडा मरेको छ। ६ वटै गैंडा निकुञ्जलाई चुरे र महाभारत शृंखलासँग जोड्ने जैविक मार्ग भनिने वरन्डाभार जंगलभित्रका विभिन्न सामुदायिक वनमा मारिएका हुन्। तसर्थ वरन्डाभार जंगल तस्करीका हिसाबले उच्च जोखिम क्षेत्र बनेको छ।

चितवन निकुञ्ज गैंडाको मुख्य वासस्थान भएकाले जोगाउने कुरामा निकुञ्ज नै लाग्दै आएको छ, तर गैंडा निकुञ्जभित्र मात्र बस्दैन। बाहिर निस्केर वनक्षेत्रमा पुग्ने गैंडा अहिले सिकारीको फन्दामा पर्न थालेका छन्। वनका कर्मचारीहरू काठपात मात्र जोगाउने परम्परागत मानसिकतामा रहँदा गैंडामाथि संकट बढेको हो।

गैंडाको चोरी सिकारी ०५८ सालको संकटकालसँगै बढेको हो। त्यति बेला निकुञ्जमा रहेका सेनाका पोस्ट खुम्चिएर आठवटामा सीमित भए। जिल्ला वनका वनरक्षकहरू पनि हतियारविहीन भए। उनीहरूले राति गस्ती गर्न छाडिदिए। पोस्ट हट्नेबित्तिकै सुरुमा निकुञ्जभित्रै बढी गैंडा मारिए, तर सन् २००५ मा भएको गैंडा गणनाले संख्या घट्नु र चोरी सिकारीले बढी मारेको देखिन आएपछि संरक्षणका लागि चासो र चिन्ता बढ्यो। सेनाका तीनवटा पोस्ट थप भए गस्ती पनि बढाइयो, प्रशासनलाई पनि साधन र स्रोत सम्पन्न बनाउन थालियो।

तर सुधारको प्रक्रियामा जिल्ला वन भने समेटिएन। निकुञ्जभित्र सुरक्षा व्यवस्था चुस्त बन्दै गएपछि तस्करहरूको ध्यान वनतर्फ मोडिन थालेको पाइएको छ। निकुञ्ज कार्यालयबाट प्राप्त तथ्यांकअनुसार ०६१ सालमा पन्ध्रवटा गैंडा मर्दा निकुञ्जभित्रै मर्ने गैंडाको संख्या ११ थियो। बाहिर मरेका चारवटामध्ये एउटा मात्र गैंडा वरन्डाभार जंगलमा मारिएको थियो।

त्यसैगरी ०६२ सालमा चोरी सिकारीले सातवटा गैंडा मार्दा वरन्डाभारका तीनवटा गैंडा परेका थिए। यो वर्ष तस्करहरूले निकुञ्जबाहिर नै बढी ध्यान दिएको घटनाक्रमले प्रस्ट्याएको छ। यसमा वन कार्यालयको निष्क्रियता वा साधनस्रोतको अभावमध्ये केले काम गर्‍यो, त्यसको लेखाजोखा गर्न विलम्ब भए गैंडामाथि मडारिएको संकटको बादल हट्नेवाला छैन।

साधनस्रोत पनि भएको र वन्यजन्तु संरक्षणमै केन्द्रित भएको निकाय निकुञ्ज वन कार्यालयसँग समन्वय गरेर अगाडि बढ्न चाहिरहेको छैन। समन्वयको नाममा निकुञ्जले वनलाई कहिलेकाहीँ हात्ती पठाउँछ। ती हात्ती पनि वनका कर्मचारीले भनेअनुसार चल्न र हिँडाउन नसक्ने अवस्था छ। माहुतेहरू निकुञ्जको आदेश छैन भनेर वन र सामुदायिक वनका पदाधिकारीहरूले भनेको ठाउँमा जान नमान्ने थानखोला जलदेवी सामुदायिक वनका सचिव फणिन्द्रकुमार क्षेत्री बताउँछन्।

वन कार्यालयले काठपात मात्र जोगाउन लाग्दा अहिले समस्या खडा भएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत गोपालप्रसाद उपाध्याय बताउँछन्। उनले भने, 'वन ऐनले वन कार्यालयलाई काठपात मात्र जोगाउनु भनेको छैन, वन्यजन्तु संरक्षण गर्ने अभिभारा पनि सुम्पेको छ। वन्यजन्तु जोगाउन योजना बनाउने र बजेट व्यवस्था गर्नुतर्फ नलाग्नु वन कार्यालयको कमजोरी हो।'

वन्यजन्तु संरक्षणका लागि भनेर निकुञ्जभित्र झन्डै नौ सय सैनिक खटिएका छन्, तर वरन्डाभारमा आउने गैंडाको पछि सामुदायिक वनका हेरालु मात्र लाग्नु पर्ने अवस्था थियो। वनरक्षकहरू गस्ती गर्न छाडेका थिए। लौरो र खुकुरी भिरेर हिँड्ने सामुदायिक वनका हेरालुले हतियार बोकेका सिकारी पनि पटक पटक नभेटेका होइनन्। 'गएको भदौमा तीन नाल बन्दुक आडेमा राखेर भात पकाउन थालेका सिकारी देखेका थियौं', वरन्डाभार जंगलमा पर्ने भीमबेली सामुदायिक वनका हेरालु हरिनारायण चौधरी बताउँछन्। पछिल्लो पटक मंसिर २२ गते मरेको गैंडालाई सिकारीले १९ गते गोली हानेका थिए। हेरालुका सामुन्नेबाट ४-५ जना मान्छे जंगलभित्र पसेलगत्तै गोली चलेको थियो। उनीहरूले यस्तो खबर वन कार्यालयलाई तत्काल नगरेका होइनन्, तर सिकारीहरू समात्न वन कार्यालयले सकेन।

गत वर्ष उदयपुर सामुदायिक वनका हेरालुले बन्दुक भेट्टाएर वन कार्यालयमा बुझाएका थिए। यसबाहेक तस्करहरूको चलखेल हुने क्षेत्र र सिकारीहरूको नामै किटान गरेर दिँदा पनि वनले कारबाही गर्न नसकेको बताउँछन्, वन्यजन्तु चोरी सिकारी नियन्त्रण युवा जागरण अभियान पदमपुरका संयोजक दुर्गाप्रसाद आचार्य। तस्करहरूका लागि 'हट स्पट' वरन्डाभारमा वन कार्यालयको यो उदासीन व्यवहारले स्थानीय बासिन्दालाई रुष्ट बनाएको छ भने संरक्षणप्रेमीमा चिन्ता थपेको छ।

'विस्थापित भएका वनचौकी पुनःस्थापित हुन सकेका छैनन्। वनपालेको कमी छ, लामो समयसम्म त हतियार पनि लैजान पाइएन। त्यसैले सोचेअनुरूप काम नभएको हो।' चितवनका जिल्ला वन अधिकृत बाबुराम भण्डारी बताउँछन्। संकटकालसँगै हतियारविहीन भएका वन रक्षकहरूले मंसिर ९ गतेबाट बन्दुक पाएका छन्, तर ४२ जनाको दरबन्दी भए पनि यति बेला २५ जना मात्र वनरक्षक जिल्ला वनमा छन्।

■ **रमेशकुमार पौडेल/चितवन**



**नेपालगन्ज व्यापार संघका अनुसार करिब दुई सयजनाको पसल, होटेल तथा अन्य घुम्ती पसल गरी कम्तीमा १५ करोड मूल्य बराबरको सम्पत्ति नष्ट भएको छ । अधिकांश पीडितहरूको गुजाराको एकमात्र माध्यम त्यही थियो, तर सरकार उनीहरूलाई केही पनि राहत दिएको छैन ।**

# उदासीन सरकार

**सानो निहुँमा** गत साता नेपालगन्जमा फैलिएको दंगा अहिले मत्थर छ, तर त्यसबाट घरवारविहीन र कंगाल भएकाहरूसहित अधिकांश नेपालगन्जवासी त्रासको वातावरणमा बाँचिरहेका छन् ।

एकातिर सरकार र प्रशासनले दंगा फैलन नदिन प्रभावकारी कदम नै चाल्न सकेन भने अर्कोतिर लुटपाट र आगजनीपछि कंगाल भएका सर्वसाधारणलाई राहत र क्षतिपूर्तिको लागि सरकारले कुनै पहल गरेको छैन । यसअतिरिक्त दुवै पक्षबीचको शंकाको वातावरण हटाउन पनि कुनै पहल भएको छैन ।

दंगा भएको चौथो दिन काठमाडौंबाट सत्तारुढ सात दलका नेताहरू तथा मन्त्री र माओवादीका प्रतिनिधि नेपालगन्ज पुगे पनि उनीहरूले यस्ता घटना भावी दिनमा फैलन नदिनेतिर कुनै समझदारी पहल गरेनन् ।

सरकारले यो घटनालाई कतिसम्म बेवास्ता गरेको रहेछ भन्ने कुरा संयुक्त जनमोर्चाका उपाध्यक्ष लीलामणि पोखेलको भनाइबाट प्रस्ट हुन्छ । घटनाको चौथो दिन नेपालगन्ज पुगेका पोखेल भन्दै थिए, 'गृहमन्त्री कृष्णप्रसाद सिटौलाले बिहान फोन गरेर नेपालगन्ज जानु पऱ्यो भनेका कारण मात्र आएको हुँ ।' सरकारले हेलिकोप्टर चढाएर उनी लगायत आठ राजनीतिक दलका नेताहरूलाई किन नेपालगन्ज ल्याएको थियो, त्यो पीडितहरूले अहिलेसम्म बुझ्न सकेका छैनन् ।

उनीहरू नेपालगन्ज आएपछि न त सबैलाई समेटर शान्तिको सन्देश दिन सकेका थिए न एउटै हेलिकोप्टर चढेर नेपालगन्ज पुगेका नेताहरूको भनाइ एउटै थियो । घटना एउटै भए पनि राजनीतिक दलका नेताहरूले एउटै मन्चमा बसेर शान्तिको पक्षमा सबैलाई समेट्ने प्रयास गरेनन् । आउँदा र फर्कंदा एउटै हेलिकोप्टर चढेका नेताहरू नेपालगन्जमा रहँदा एउटाले आफ्नो पार्टीका कार्यकर्तालाई भेटेर एकथरि कुरा गर्ने र अर्कोले आफ्ना पार्टीका कार्यकर्तालाई भेटेर अर्कोथरि कुरा गर्ने प्रचलन राजनीतिक दलका नेताहरूले दोऱ्याएका थिए ।

सरकारी भनाइअनुसार जातीय विभेदको नामबाट फैलिएको दंगा पीडितहरूलाई भेटी राहत र क्षतिपूर्तिको पहल गर्ने उद्देश्य लिई नेपालगन्ज पुगेका नेताहरूले दंगाको क्रममा मारिएका मृतकको परिवार र अन्य पीडितहरूलाई समेत भेटेनन् । 'मोटरसाइकल किन्नको लागि नेपालगन्ज पुगेको छोरा प्रहरीबाट मारिएपछि सरकार र राजनीतिक दलका कुनै पनि मान्छे आएका छैनन्', दंगा नियन्त्रणको लागि स्थानीय प्रशासनले कर्फ्यु लगाएका बेला प्रहरीको गोलीद्वारा हत्या गरिएका बाँके, भवनीयापुर-८ निवासी मृतक कमल गिरीका बाबु राज गिरीले भने, 'छोरा कसरी मारिएको हो भन्ने समेत खबर कसैले दिएको छैन ।'

हत्यापछि प्रहरीले लासको मुचुल्का बनाई कर्तव्य ज्यानमा कमलको मृत्यु भएको कागज दिँदै काजकिरियाको लागि १० हजार रुपैयाँ उपलब्ध गराएको उनले बताए ।

राजनीतिक दलका नेताहरू काठमाडौं फर्किएपछि पनि प्रशासनले पीडितहरूको सोधीखोजी गरेको छैन । दंगाकारीले जलाएको होटेल हंगेरीका मालिक डिल्लीविक्रम मल्लका अनुसार नेपालगन्ज व्यापार संघबाहेक अहिलेसम्म क्षतिपूर्तिको विवरण लिन कोही पनि आएको छैन । पन्ध्र दिनको म्याद रहेको सरकारद्वारा गठित छानबिन टोली घटनाको छैटौं दिनसम्म नेपालगन्ज पुगेको छैन । तुरुन्तै राहत दिइने मन्त्रीहरूले प्रतिबद्धता जनाए पनि प्रशासनसँग दंगाको क्रममा भएको क्षतिको विवरण समेत छैन । त्यसो त प्रशासनले सरकारद्वारा गठित छानबिन समितिको मूल्यांकनको आधारमा पीडितहरूलाई क्षतिपूर्ति दिने जनाएको छ । 'तत्काल राहत दिएर छानबिन समितिको मूल्यांकनको आधारमा क्षतिपूर्ति दिइनेछ', सहायक प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज पौडेल भन्छन् ।

दंगापछि नेपालगन्ज व्यापार संघले गरेको संकलनअनुसार करिब २ सयजनाका पसल, होटेल तथा अन्य घुम्ती पसल गरी कम्तीमा १५ करोड मूल्य बराबरको सम्पत्ति नष्ट भएको छ । नेपालगन्ज व्यापार संघका अध्यक्ष दामोदर आचार्य आगजनी र लुटपाट पीडित दुई सयमध्ये अधिकांश पसलबाटै गुजारा गर्नेहरू भएका कारण सरकारले चाँडो राहत दिनुपर्ने बताउँछन् । 'विगतका घटनाहरू जस्तै सरकारले यसपालि पनि राहत र क्षतिपूर्तिको लागि बेवास्ता गऱ्यो भने त्यो अर्को खतरा हुन्छ', आचार्यले भने, 'सुरुमै घटनाप्रति गम्भीर भएको भए धेरै पसल आगजनी र लुटपाटबाट जोगिने थिए, अब पनि अर्को गल्ती नहोस् ।' उक्त घटनामा एकजनाको मृत्यु हुनाको साथै चारजनालाई प्रहरीले हानेको गोली लागेको थियो भने आपसी झडपमा एक दर्जन सामान्य घाइते भएका थिए ।

एकातिर जातीय दंगा फैलिरहेको र अर्कोतिर कर्फ्यु लगाएकै बेला शान्ति जुलुस आयोजना गरी सर्वसाधारणलाई केही राहत दिने प्रयास गरेको माओवादीले नेपालगन्ज घटनालाई बूढी मरी भन्दा पनि काल पल्कियो भन्दै भविष्यमा यस्ता घटना हुन नदिनको लागि के गर्न सकिन्छ भनेर पत्रकार लगायत समाजका अन्य व्यक्तिहरूबाट सुझाव लिएको छ । माओवादी भेरी-कर्णाली इन्चार्ज सुरेश सिंह भन्छन्, 'सरकार उदासीन, राजनीतिक दलहरू प्रभावहीन र प्रशासन फितलो भएका कारण अराजक तत्त्वहरूलाई टाउको उठाउने मौका मिलेको हो ।' उक्त घटनापछि नेपालगन्ज र आसपासका क्षेत्रहरूमा चोरी डकैती जारी रहेकाले माओवादीले रोकथामको लागि पहल गर्ने बताएको छ ।

■ **रुद्र खड्का/नेपालगन्ज**

# द्वन्द्व र संघर्षको इतिहास

■ मुरारि अर्याल

**नेपालमा समकालीन भारतको सापेक्षतामा राजतन्त्र निकै ढिलो स्थापना भएको भए पनि भूमिमाथि व्यक्तिगत अधिकारको व्यवस्था र सामन्तवादको विकास भने भारतकै सहर उस्तै समयमा भएको हो । नेपालको राजतन्त्र सामन्तवादको इतिहास दुई हजार वर्ष पुग्न लागेको छ, २ सय ३८ वर्ष होइन । यथार्थमा भन्ने हो भने नेपालको आजसम्म भन्ने हो भने प्राप्त इतिहास सामन्तवाद र राजतन्त्रको नेपाली जनतासँगको द्वन्द्व र संघर्षको इतिहास हो ।**

**सामन्तवाद र राजतन्त्रसम्बन्धी** चर्चा केही समययता विशेष रुपले चल्न थालेको छ । राजा वीरेन्द्रको वंश विनाशपछि तीव्र भएको यो चर्चा गत जनआन्दोलनको सफल समापनपछि झनै उत्कर्षमा पुगेको छ ।

नेपाली जनतामाथि लादिएको सामन्तवाद र राजतन्त्रको जुवाबारे यससम्बन्धमा लेख्ने पत्रकार, विद्वान्, राजनेता तथा नयाँ नेपालको निर्माण गर्न कटिबद्ध पार्टी तथा संस्थाहरूले पृथ्वीनारायण शाहको राज्यविस्तार काठमाडौं उपत्यकाका मल्ल राजाहरूलाई पराजित गरेर चार भञ्ज्याङभित्रसम्म पुगेपछि अर्थात् दुई सय अठतीस वर्षभन्दा पहिलेको चर्चा गर्न रुचाएका छैनन् । पृथ्वीनारायण शाहको गोरखा राज्य उपत्यकासम्म आएपछि मात्र नेपालको निर्माण भएको र त्यसपछिको नेपालमा सामन्तवाद स्थापना भएको वा बलियो भएको आशय सम्प्रेषण हुने गरी विश्लेषण पस्किएको पाइन्छ ।

यही कुरा पटक पटक भिन्न भिन्न पक्षबाट दोहोरिने तेहरिने हुन थालेपछि आफ्नो देशको इतिहास, अर्थराजनीति र संस्कृतिसँग सम्बन्धित पक्षबारे वर्तमान भावी पुस्ता व्यापक भ्रममा दीक्षित हुने परिस्थिति विकसित भएको छ । लामो समयसम्म सामन्तवादले स्वअनुकूल हुने इतिहास मात्र पढाएर अल्पज्ञानी बनाएको नेपाली समाजमा नेपालको सर्वाधिक महत्त्वपूर्ण पक्ष सामन्तवाद र त्यसको सर्वोच्च केन्द्र राजतन्त्रबारे गम्भीर बहस आवश्यक छ । नेपाल देशको विकास र नेपाल शब्दको निरुपणको इतिहास नेपालमा सामन्तवादको अभ्युदय र नेपालमा राजतन्त्रको स्थापनाबारे ऐतिहासिक अभिलेखका प्रमाणका आधारमा छलफलको खाँचो देखिन्छ ।

राजतन्त्रबारे शिक्षा दिने सामन्तवादी परम्पराको मूल आधार राजा जयस्थिति मल्लको शासनको अन्त्यतिर लेखिएको गोपाल राजवंशावली तथा पछि डेनियर राइटले छपाएको अर्को वंशावली रहेका छन् । वि.सं. १४५१-५२ ताका लेखिएको गोपाल राजवंशावली नेपालको सबैभन्दा पुरानो वंशावली हो । यसअनुसार नेपालमा राजतन्त्रको स्थापना गोपाल वंशले गरेको र त्यो लगभग पाँच हजार पाँच सय वर्षजति अगाडिको हो । यस किसिमका मनगढन्ते वंशावली र आहानहरूको कुरा छोडेर अभिलेखहरूद्वारा पुष्टि हुने आधारमा कुरा गर्दा नेपालमा लिच्छविहरूले राजतन्त्र थापेका हुन् । राजतन्त्र थापिनुअगाडि नेपालमा किराँतहरूको गणराज्य थियो । सो राज्य शासनका विभिन्न संयन्त्र सञ्चालन गर्न सक्षम भएको संकेतपछि लिच्छवि कालमा थापिएका अभिलेखहरूले पुष्टि गर्छ ।

नेपालका प्रथम राजा जय वर्मा भएको आजसम्मको अभिलेखले प्रमाणित गर्छ । केही समयअगाडि मालीगाउँमा प्राप्त हाल राष्ट्रिय संग्रहालयमा राखिएको वि.सं. २२० को मिति किटिएको राजा जय वर्माको प्रस्तरमूर्तिले हामीलाई यस ठहरमा पुऱ्याएको हो । राजा जय वर्मादेखि वि.सं. ४५० को हाराहारीमा राजा रहेका वृषदेवसम्मका राजाहरू निर्वाचित राजा भएका र वृषदेवले राजा पद वंशाणुगत गराई आफ्ना छोरा शंकरदेवलाई राजा बनाइसकेपछि राजाको छोरा राजा हुन थालेका हुन् । निर्वाचित राजाको प्रणालीलाई गणराज्य मानिने र सोभन्दा अगाडि गणतन्त्र रहेको अनुमान गरिए पनि सो कालका कुनै अभिलेख पनि पाइएका छैनन् । यसरी हेर्दा नेपालमा राजाहरूको इतिहास १,८५० वर्ष नाघिसकेको र राजतन्त्र वंशाणुगत भएको पनि १,६०० वर्ष जति भइसकेको छ । नेपालमा सामन्तवाद र राजतन्त्रको कुरा गर्दा २३८ वर्षको सीमारेखाभित्र बाँधिनु इतिहासलाई गलत ढंगले बुझ्नु हो ।

भावी पुस्तालाई इतिहासका बारेमा भ्रममा बाँच्ने परिस्थितिमा पुऱ्याउनु हो । यसले नेपाल देशको निर्माण पृथ्वीनारायण शाहबाट भएको र नेपाल देशको नामको निरुपण पृथ्वीनारायण शाह कान्तिपुरको गद्दीमा बसेको दिनदेखि भएको गलत अर्थसम्म पुऱ्याउँछ । नेपाल नामको निरुपण कसरी भयो भन्नेबारे विवाद हुन सक्छ । तर इसापूर्व छैटौं शताब्दीमै नेपाल नामको निरुपण भइसकेको तथ्य अथर्वपरिशिष्टले स्पष्ट पार्छ । कौटिल्यको अर्थशास्त्र (इसापूर्व तेस्रो सदी)मा नेपालबाट मगधमा निर्यात हुने वस्तुको उल्लेखले त्यति बेला नेपाल देश बनिसकेको मात्र नभएर यहाँको अर्थतन्त्रले निर्यात गर्नसमेत सक्ने अधिशेष उत्पादन गर्ने स्तर प्राप्त गरिसकेको स्पष्ट पार्दछ ।

त्यसो त बुद्धकै समयमा पनि व्यापारीहरू नेपाल आएको जुन उल्लेख बौद्ध साहित्यमा छ, त्यसले त्यति बेला नै काठमाडौं उपत्यकामा व्यवस्थित नगरजीवन व्यापारयोग्य समाज आदिको अवस्था प्राप्त भइसकेको हुँदा राज्य बलियो बनिसकेको संकेत गर्दछ । यसको बाबजुद जय वर्माभन्दा पहिले नै नेपालमा कुनै राजा भएको अभिलेख वा साहित्यिक प्रमाण प्राप्त भएको छैन । सिद्धार्थ गौतम बुद्धका पिता राजा शुद्धोधनको प्रसंग जरुर छ । तर उनी पनि गणराज्यका निर्वाचित राजा भएको नै बुझिन्छ । लिच्छविहरूको नेतृत्वमा रहेको वृज्जी गणराज्यको राजधानी वैशालीमा वृज्जी संघको केन्द्रीय प्रतिनिधिसभालाई सन्थागार भनिन्थ्यो । सन्थागारका निर्वाचित हुने सांसदहरूलाई यति बेला माननीय भनिएजस्तै त्यतिबेला राजा भनिन्थ्यो । वृज्जीहरूको सन्थागारमा ७,७०७ जना राजा हुन्थे । यस्तै परम्परा कोली, शाक्य र मल्लहरूको गणराज्यमा पनि थियो । गणतान्त्रिक आदर्शको निम्ति मरिमेट्ने यी कुल जाति वंशहरूको गणराज्य शक्तिशाली मगध सम्राट अजात शत्रु र काशी नरेश विरुदकले ध्वस्त पारेपछि आफ्नो गणतान्त्रिक मूल्य समेत वर्तमान नेपालको काठमाडौं उपत्यकामा इसापूर्व ४५० तिर प्रवेश गरेका यी गणहरूले

यहाँ त्यति बेला कायम भइरहेको किराँतहरूको नेतृत्वमा रहेको गणतन्त्रमा लामो समयसम्म बसी जय वर्माको समयमा वैशालीकै पाराको राजा चुन्ने परम्परा सुरु गरेको देखिन्छ ।

बुद्धका प्रथम शिष्यमध्येका आचार्य आनन्दको यात्रा विवरण एवं मगधमा अकाल परेपछि ८३ वर्षको वृद्धावस्थामा नेपाल प्रवेश गरेका जैनमुनि आचार्य भद्र बाहुले यहीं बसेर तयार गरेको प्रसिद्ध ग्रन्थ आवश्यक सूत्रमा नेपालमा राजा भएको भए अवश्य पनि त्यसको प्रसंग उठ्ने थियो । प्रख्यात मगध सम्राट अशोकले आफ्ना अभिलेखहरूमा नेपाललाई प्रत्यन्तर (आफ्नो सभाबाहिर)को सूचीमा राखेका छन् । यहाँको राजाको कुनै उल्लेख गरेका छैनन् भने महाभारतको द्रौपदी स्वयंवर प्रसंगमा नेपालका राजाहरूको उपस्थितिमा जुन उल्लेख छ, त्यसले उक्त महाकाव्य लेख्ने समयमा नेपालमा राजाहरू (सांसद)हरूको व्यवस्था भएको संकेत प्राप्त हुन्छ ।

ऐतिहासिक तथ्य यस्तो भए पनि नेपालमा सामन्तवादले गोपाल वंशावली र राइटले छापेको वंशावलीको आधारमा राजतन्त्रबारे भ्रष्ट कथाहरू जोडिएको हवाइ कल्पनालाई इतिहास भनी शिक्षाको माध्यमबाट भ्रम फैलाउन सफल भएको छ । थप प्रमाण नपाएसम्म राजा जय वर्मालाई नेपालको प्रथम निर्वाचित राजा र वृषदेवलाई वंशाणुगत राजतन्त्र थाप्ने पहिला राजा मान्नु पर्ने यथार्थ एकातिर छ भने सामन्तवादको भ्रम चिर्नुको साटो पृथ्वीनारायण शाह र २३८ वर्षदेखिको राजतन्त्र सामन्तवाद भनेर अर्को गलत शिक्षाको संस्करण सुरु भएको छ । वृषदेवको समयसम्म राजाको छोरा राजा बनेको प्रमाण नभेटिएको तथ्य र मानदेव प्रथमले थापेको चाँगुनारायण स्तम्भ लेख (वि.सं. ५२१) मा आफ्नो कुल वर्णन वृषदेवबाट सुरु गरी बाजे शंकरदेव र बाबु धर्मदेवसमेतको उल्लेख गर्नाले वृषदेवपछि नै नेपालमा वंशाणुगत राजतन्त्र सुरु भएको स्पष्ट हुन्छ ।

लिच्छविकालका सरकारी अभिलेखहरूमा जुन बस्तीहरू र जेजस्ता कार्यालय र करहरूको नाम उल्लेख पाइन्छ, तिनीहरूमा संस्कृत र इतर नामको बाहुल्य देखिनाले ती कार्यालय, बस्ती तथा करहरूको उपस्थिति लिच्छवि शासन सुरु हुनुपूर्व नै भइसकेको स्पष्ट हुन्छ । वंशाणुगत राजतन्त्र सुदृढ भएसम्म नेपालमा संघीय चरित्रको राज्यव्यवस्था पूर्वमा किराँत, पश्चिममा मल्ल र केन्द्रमा लिच्छविहरूको स्वायत्त गणराज्य थियो कि भन्ने आधार पनि मानदेवकै अभिलेखमा प्राप्त भएको छ । त्यति बेलाको नेपाल समुद्र गुप्तको प्रयाग स्तम्भ (वि.सं. ४२८) अनुसार पूर्वमा आसामदेखि पश्चिममा कश्मीरसम्म फैलिएको देखिन्छ । वंशाणुगत राजतन्त्र सुदृढ भएपछि मानदेवले राज्यको संघात्मक चरित्र मासेर एकात्मक राजतन्त्र स्थापना गरी उत्तर भारतमा भइरहेको सामन्तवादलाई संस्थागत गरेको देखिन्छ ।

नेपालमा सामन्ती उपनिवेशीकरणको प्रथम प्रमाण वसन्त देवको वि.सं. ५६१ को अभिलेखमा पाइन्छ । आफ्नी बहिनी जयसुन्दरीलाई जयमल्लिका ग्राम सम्पूर्ण अधिकारसहित दान दिएर वसन्तदेवले त्यति बेलासम्म सामन्तवाद संस्थागत भइसकेको पुष्टि गरेका छन् भने उनकै समयदेखि नेपालमा सामन्त, महासामन्त, महाराज महासामन्त आदि सामन्ती विशेषणहरू देखा परेका छन् । यस समयदेखि नेपालमा पनि भारतको सामन्तवादमा जस्तै वृत्ति, अग्राहार, जागिरसम्बन्धी सामन्ती व्यवस्थाको उल्लेख पाइन्छ । सामन्तवाद र वंशाणुगत राजतन्त्र एकपटक स्थापना भएपछि एउटा वंशको साटो अर्को वंश सत्तासीन भएपछि परम्पराको रुपमा कायमै रहेको र यसै क्रममा कश्मीरदेखि आसामसम्मको विस्तृत नेपाल टुक्रा टुक्रा भए पनि राजतन्त्र र सामन्तवादको निरन्तरता कायमै रहेको एवं सबैभन्दा शक्तिशाली सामन्त राजाले आफूलाई नेपालेश्वरको विरुदले सुशोभित गर्ने गरेको पाइन्छ । वंशाणुगत राजतन्त्रको मूल आधार सामन्तवाद भएकाले राजतन्त्रको प्रत्येक चरणमा सामन्तवादहरू शक्तिशाली मात्र होइन, महासामन्त भौम गुप्त स्वयं राजा भएको, महासामन्त अंशु वर्माले आफैं राजा पनि महाराजाधिराजको उपाधि प्रथमपटक उपयोग गरेको, जिष्णु गुप्त-विष्णु गुप्तले दुइटा राजभवनमा दुई थरि राजाको परम्परा थालेको लगायतका तथ्य नेपालको इतिहासमा अंकित छ । प्राचीन कालको विशाल नेपाल टुक्रिएर अठारौं शताब्दीमा आइपुग्दा वर्तमान नेपालको सिमानाभित्र बाइसे र चौबीसे गरी ४६ र बाइसेभित्र नपर्ने गोरखा, मुस्ताङ, मकवानपुर, चौदण्डी, विजयपुर, कान्तिपुर, पाटन र भक्तपुर गरी ५४ राज्य र राजाहरू थिए । यी सबै राज्यको संचालन हिन्दुस्मृतिहरूमाथि आधारित सामन्तवादअन्तर्गत हुन्थ्यो । ५४ राज्यमा सबैभन्दा पछि स्थापित राज्य गोरखा थियो । यी राज्यहरूमा स्थानीयस्तरमा शासनशैली पदाधिकारी र उनीहरू आफैंले चयन गर्दथे । थरी, द्वारेदेखि उमराव, भारदार, राजासमेत सबै कृषकहरूको शोषणमार्फत जीवनयापन गर्दथे । कर उठाउने बाहेक राज्य अरू कुनै काम गर्दैनथ्यो । विदेशीले आक्रमण गरेर आफू परास्त भएमा जनताबाट सिर्तो उठाएर युद्धखर्च बुझाइन्थ्यो । राजालाई रकम आवश्यक परे धनी सामन्तहरूलाई निश्चित गाउँ बन्धक (रजबन्धकी) राखेर रकम लिने चलन थियो । यस्तो बन्धक भूमि क्षेत्रको सम्पूर्ण अधिकार धनीमा नै रहन्थ्यो । पृथ्वीनारायणले राज्य विस्तार गरिसकेपछि धेरै जमिन रजबन्धकी राखेका थिए ।

**नेपालमा समकालीन भारतको सापेक्षतामा राजतन्त्र निकै ढिलो स्थापना भएको भए पनि भूमिमाथि व्यक्तिगत अधिकारको व्यवस्था र सामन्तवादको विकास भने भारतकै सहर उस्तै समयमा भएको हो । नेपालको राजतन्त्र सामन्तवादको इतिहास दुई हजार वर्ष पुग्न लागेको छ, २ सय ३८ वर्ष होइन । यथार्थमा भन्ने हो भने नेपालको आजसम्म भन्ने हो भने प्राप्त इतिहास सामन्तवाद र राजतन्त्रको नेपाली जनतासँगको द्वन्द्व र संघर्षको इतिहास हो ।**

पुरानो मल्ल वंशका अन्तिम राजा अर्जुन मल्ललाई अपदस्त गरी राजा बनेका जयस्थिति मल्लको समयसम्म तत्कालीन भारतमा कायम सामन्तवाद व्यवस्थाको जागिरदार बिर्तावाल, सामन्तहरूको समरुप कोटपाल सामन्त एवं बिर्तावालहरूको शक्तिले नेपालमा अझ वृद्धि गरायो । राजालाई आवश्यक पर्दा सेना उपलब्ध गराउने सर्तमा सामन्तहरू सर्वतन्त्र सर्वाधिकारी बनाइए र यसैको फलस्वरुप काठमाडौंका स्थानीय उपत्यकावासी तीनवटा स्वतन्त्र राज्य बन्न पुगे । स-साना राज्यका राजाहरूको विलासपूर्ण जीवनशैली धान्न अरू साधन थिएनन्, एकपछि अर्को गाउँ सामन्तहरूसमक्ष रजबन्धकी राखिँदै गए ।

नेपालमा समकालीन भारतको सापेक्षतामा राजतन्त्र निकै ढिलो स्थापना भएको भए पनि भूमिमाथि व्यक्तिगत अधिकारको व्यवस्था र सामन्तवादको विकास भने भारतकै सहर उस्तै समयमा भएको हो । नेपालको राजतन्त्र सामन्तवादको इतिहास दुई हजार वर्ष पुग्न लागेको छ, २ सय ३८ वर्ष होइन । यथार्थमा भन्ने हो भने नेपालको आजसम्म भन्ने हो भने प्राप्त इतिहास सामन्तवाद र राजतन्त्रको नेपाली जनतासँगको द्वन्द्व र संघर्षको इतिहास हो । ■



तस्विरहरू : अरुण ज्ञवाली

## दीनबन्धु खुसी

बाबुको बिँडो थामिरहेका दीनबन्धु पोखेल अहिले असाध्यै खुसी छन् । कारण उनले सोचेभन्दा बढी सफलता र चर्चा पाइरहेका छन् ।

उनी भन्छन्, 'इतिहासमै म बढी खुसी छु । किनभने मैले सोचेभन्दा सार्थक भइरहेको छ ।' नवलपरासी सहिदनगर जहाँ एमाले नेता वामदेव गौतम छमछमी नाचेका थिए, उक्त महायज्ञमा मात्र करिब २ करोड रुपैयाँ संकलन भएको थियो ।

२५ वर्षीय पुत्र पोखरेल अहिले एक वर्षका लागि 'प्याक' छन् । ■

# धाममा कम्युनिस्ट

■ दीपक ज्ञवाली

**मंसिरको पहिलो साता ।** नवलपरासी जिल्लाको त्रिवेणीस्थित गजेन्द्रमोक्ष धाम । धुमधामका साथ धनधान्याचल महायज्ञ भइरहेको थियो । त्यही महायज्ञमा आश्चर्यजनक दृश्यहरू देखिँदै थिए ।

कम्युनिष्ट पार्टी एमालेका महासचिव माधवकुमार नेपाल धार्मिक रंगमै देखिन्थे । सुरुमा उनले मुक्तिनाथ पीठाधीश्वर कमलनयनाचार्यलाई भेटे । नजिकको नारायणी नदीमा गए । सो नदीमा दूधको धारा अर्घ्य चढाए । श्रीराम लेखिएको धार्मिक पहेँलो कपडा ओढेका उनले मजाले प्रवचन सुने । त्यही धार्मिक समारोहमा उनले आधा घन्टा मन्तव्य पनि दिए । त्यस्तो मन्तव्य बढीमा आध्यात्मिक पाराकै थियो, कार्यक्रममा सहभागीहरू सुनाउँछन् ।

अन्य कम्युनिष्ट घटकहरूले एमाललेलाई विचलित पार्टी भनेर आलोचना गर्छन् । त्यस्तो बढी आलोचना गर्नेमध्ये चर्चित नेता लीलामणि पोखेल पनि एक हुन् । आफू कट्टर कम्युनिष्ट भएको दुहाइ दिने उनै लीलामणि पनि माधव नेपाललाई उछिन्ने गरी धार्मिक गतिविधिमा सरिक थिए, ठ्याक्कै त्यही धार्मिक कार्यक्रममा तर अर्को मितिमा ।

लीलामणिले त्यहाँ धार्मिक माला पहिरिए ओढे मजाले र आनन्दले सहभागी भए । उनले त्यहाँ चाख मानी मानी धार्मिक गुरुबाट धामिक अर्ती सुनिरहे । *(हेर्नोस् तस्बिर)* उनै खुंखार कम्युनिष्ट नेता लीलामणि त्यहाँ लाखबत्ती बाल्ने कार्यमा सहर्ष सहभागी भए ।

त्यो एउटा यस्तो धार्मिक समारोह थियो, जहाँ प्रत्येक दिन एक न एक चर्चित नेताहरू खास अतिथि बनेका थिए । त्यस्ता अतिथिमध्ये धर्म अफिमको नशा भन्ने कम्युनिष्ट नेताहरूदेखि गृहमन्त्री कृष्णप्रसाद सिटौला, लोकेन्द्रबहादुर चन्द, पशुपति सम्सेर जबराहरूसम्म थिए ।

दाउन्ने त्रिवेणी सडक निर्माणार्थ सो महायज्ञ संचालन भएको थियो । जहाँ रकम जुटाउने नोलौ उपाय स्वरुप चर्चित नेताहरूलाई जुटाइएको थियो । उनीहरू सबैजना खुसीसाथ त्यहाँ सहभागी भएका थिए । यो त सब भइरहेको थियो । त्यसको लगत्तै अर्को एक चर्चित कम्युनिष्ट नेता त अर्को एक धार्मिक कार्यक्रममा मजाले नाचिदिए । उनी थिए, वामदेव गौतम ।

पौषको दोस्रो साता गौतम नवलपरासीकै सहिदनगर डण्डामा आयोजित धनधान्याचल एवं दान महोत्सवमा खुब मजाले नाचे । कम्युनिष्ट नेताको धार्मिक नाचले सबैलाई छक्क पार्‍यो ।

आयोजक अध्यक्ष ईश्वरीप्रसाद पाण्डेको भनाइमा मध्यबिन्दु सामुदायिक अस्पताल निर्माणार्थ सो महायज्ञ संचालन भएको थियो । जहाँ माओवादीद्वारा हत्या गरिएका चर्चित धार्मिक प्रवचक पं. नारायणप्रसाद पोखेलका छोरा दीनबन्धु पोखेलले प्रवचन दिएका थिए । सो महायज्ञमा न्यूनतम २ करोड रुपैयाँ उठेको थियो ।



पछिल्लो समयमा धर्मलाई समाजसेवाका रुपमा प्रमाणित गरिँदै गएका प्रशस्त प्रमाण देख्न सकिन्छ । त्यसमाथि पनि जुनसुकै प्रयोजनका लागि रकम जुटाउन परे पनि धार्मिक समारोह रोज्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता धार्मिक कार्यक्रममा अब कम्युनिष्ट नेताहरू पनि चाख मानी मानी सहभागी बन्दै जान थालेका छन् ।





भिजिट पोखरा-२००७ को औपचारिक सुरु गर्न आयोजना गरिएको कार्यक्रम

# चुनौती धेरै

## भिजिट पोखरा २००७ का लक्ष्य हासिल गर्न पोखरामा सबैभन्दा पहिला सिन्डीकेटवालाहरूलाई तह लगाउनुपर्ने देखिन्छ ।

■ **केशव लामिछाने/पोखरा** (तस्बिर पनि)

पोखरामा धेरै पर्यटक भित्र्याउने लक्ष्य लिएर फेवातालको किनारामा एक कार्यक्रम भइरहेको थियो, भिजिट पोखरा २००७ को घोषणा र औपचारिक सुरुवात समारोह । त्यति नै बेला स्थलमार्गबाट पोखरा छिर्ने नाका भने बन्द थियो । सक्दो स्वदेशी र विदेशी पर्यटक भित्र्याएर पोखराको पर्यटन प्रवर्द्धन गर्ने अभियान सार्वजनिक भइरहेकै बेला पोखरा घुम्न आएका कयौं स्वदेशी विदेशी पर्यटकहरू पोखरा छिर्न लाग्दा अलपत्र परे ।

स्तरीय र सुविधायुक्त अनि सस्ता पर्यटकीय बसमा चढेर नेपाली यात्रुलाई पोखरा आउन जान नपाइने भनेर यातायात व्यवसायीले गरेको पोखराको यातायात बन्दले भिजिट पोखरा २००७ को कार्यक्रमलाई गिज्याएको मात्रै नभई ठूलो चुनौती पनि दिएको थियो । आन्तरिक पर्यटनको संस्कृति स्थापित गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्डले सुरु गरेको 'भिजिट पोखरा'का लक्ष्य हासिल गर्न चुस्त यातायात सेवा नै सबैभन्दा ठूलो चुनौती हो । त्यसबाहेक हवाई यातायातको असुविधा पनि छँदै छ ।

'भिजिट पोखरा २००७' का लक्ष्य हासिल गर्न स्थल तथा हवाई यातायातका असुविधाले दिएका कठिनाइ समाप्त गर्नुपर्ने त छँदै छ । विनाकुनै तयारी हतपतमा र अन्तिम अवस्थामा आएर घोषणा गरिएको कार्यक्रम सफल बनाउन आफैंमा चुनौती छ ।

यति ठूलो भ्रमणवर्ष आयोजना हुँदा तयारी नै नगर्दा त्यस्को दुष्परिणाम निस्कन सक्ने बताउँछन्, पर्यटनविद् झलक थापा । 'घरमा सामान्य पूजाआजा गर्दा समेत लिपपोत, सिँगारपटार गरेर मात्रै पाहुना बोलाइन्छ', उनी भन्छन्, 'पाहुना अटाउन्नन् कि भनेर छरछिमेकसँग सिरक डसना ऐँचोपैंचो गरिन्छ भने पोखरामा पर्यटक बोलाउँदा त तयारी पर्याप्त गर्नुपर्ने हो ।'

भ्रमण वर्षमा आउने पर्यटकका लागि कुनै प्याकेज कार्यक्रम नबनाइएको मात्रै होइन, लक्षित पर्यटक कसरी भित्र्याउने भन्ने कुनै योजना र कार्यक्रम पनि तय गरिएको छैन । तयारी नपुगेकाले पोखरा भ्रमण वर्ष २००७-८ हुनुपर्ने माग पर्यटनकर्मीहरूले पर्यटन बोर्डसँग गरेका थिए, तर सन् ००८ का लागि अहिल्यै बजेट र कार्यक्रम तय गर्न नमिल्ने भएकाले ००७ सालमै कार्यक्रम गर्नुपरेको बताउँछन्, बोर्डका सदस्य वासु त्रिपाठी ।

पोखराबाट लामो दूरीमा चल्ने यातायात क्षेत्रमा पृथ्वीराजमार्ग बस संचालक समितिको बोलबाला छ । त्यही समितिले अरू स्तरीय र सुविधायुक्त बसहरू थप्न र चल्न नदिएर अड्को थाप्दै आएको हो । सिन्डिकेट प्रथा लागू गरेर अरू सुविधायुक्त र स्तरीय बसहरू संचालन गर्न बाटो छेकिएको भ्रमण वर्ष सुरु हुँदाको दिनमा मात्रै होइन । पहिलो दिनमै यातयात अवरुद्ध पारेर पहिलो गाँसमै ढुंगा पारिएको पृथ्वीराजमार्ग बस संचालक समितिको यो पुरानै र दीर्घकालीन रोग हो, स्तरीय बसहरू चल्न नदिने । प्रशासनले संस्थागत दादागिरी गर्ने उक्त समितिका दारा भाँच्न हिम्मत नगरेको मात्रै होइन, लाचार नै बन्ने गरेको छ ।

अहिलेसम्म काठमाडौं पोखराका लागि तेह्रवटा संस्थाका पर्यटकीय बसहरू चल्ने गरेका छन्, जुन सस्ता र सुविधायुक्त छन् । त्यसबाहेक नेपालका प्रमुख सहरहरूसम्म पोखराको सीधा बस सम्पर्क त छ, तर बसहरू निकै जोखिमपूर्ण छन् । बसहरू निकै थोत्रा छन् भने उनीहरूको सेवा पनि चित्तबुझ्दो छैन । एकातिर बस सेवा अवस्थित छ भने अर्कातिर ती सहरसँग पोखराको हवाई सम्पर्क पनि छैन । विराटनगर, वीरगन्ज र नेपालगन्ज जस्ता सीमासहरहरूबाट भारतीय पर्यटक पोखरा आउनुपर्‍यो भने तिनै थोत्रा बस नचढी सुख हुँदैन । भ्रमणवर्ष अन्तर्गत बृहत् पोखराभित्रै पारिएका सौराह र लुम्बिनीसँग पनि पोखराको नियमित हवाई सम्बन्ध छैन ।

अहिले पोखरामा काठमाडौंबाट हवाई सेवा दिने विमानसेवाहरू पनि चारवटाभन्दा छैनन् । ती पनि १५-२० जना मात्रै यात्रु बोक्न सक्ने खालका मात्रै हुन् । 'आठ हजार बेड क्षमता भएको पोखरामा ती जहाजले धेरै ओसारे सय पर्यटक ओसार्लान् । त्यो संख्याले यहाँको पर्यटन फस्टाउन सक्दैन', क्षेत्रीय होटल संघ पोखराका अध्यक्ष लक्ष्मीबहादुर भट्टराई भन्छन् । पोखरा भ्रमण वर्षको स्थानीय आयोजक रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष सुन्दरकुमार श्रेष्ठ पोखरा र देशका विभिन्न सहरमा हवाई सेवा संचालन हुनुपर्ने खाँचो औंल्याउँछन् ।

भ्रमण वर्ष पोखरा २००७ मा पर्यटन बोर्डले ५० लाख खर्च गर्ने लक्ष्य राखेको छ । २०५९ सालमा पोखरेलीहरू आफैंले चलाएको जाऊँ है पोखरा अभियानमा ३२ लाख जति खर्च गरेका थिए । त्यति बेला ६० हजार आन्तरिक पर्यटक पोखरा आएको बताउँछन् ।

पर्यटकहरूलाई ओसार्ने पर्याप्त पर्यटकीय बस र हवाई सेवाको अभाव छ । यातायात लगायतका असुविधा नै नहटाईकन भ्रमण वर्षका लागि पर्यटक डाकियो भने तगारो लगाएर निम्तो बाँडेजस्तै हुने देखिन्छ । ■

## कार्यदलको काम अन्तिम चरणमा

**नेपाल पर्वतारोहण** संघमा भएका अनियमितता छानबिन गर्न गठित कार्यदलले आफ्नो काम अन्तिम चरणमा पुऱ्याएको छ। संघमा व्यापक अनियमितता भएको, पारदर्शी हुन नसकेको र पुनर्संरचनाको आवश्यकता रहेको भन्दै पर्यटन व्यवसायीले व्यापक विरोध जनाएपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन उद्योग महाशाखा प्रमुख ऋषिराम लामिछानेको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। कार्यदलमा नेपाल पर्वतारोहण महासंघ, महिला पर्वतारोही महासंघ, ट्रेकिङ एजेन्ट एसोसिएसन अफ नेपाल, हिमालयन उद्धार संघ, सगरमाथा आरोही संघ र नेपाल पर्वतारोहण संघ लगायतका संस्थाका अध्यक्षहरू सदस्यका रुपमा रहेका छन्। अनियमितताको आरोप लागेको नेपाल पर्वतारोहण संघका अध्यक्षलाई कार्यदलमा राखिएकोमा व्यवसायीहरू असन्तुष्ट रहेका छन्।

पर्यटन विकासमा कार्यरत संस्थाहरूले संघलाई 'नेपाल पर्वतारोहण परिषद्'मा परिवर्तन गर्नुपर्ने सुझाव कार्यदललाई दिएका छन्। पुनर्संरचनापछि संस्था पारदर्शी, मितव्ययी र समानुपातिक ढंगले चलाउनु पर्ने सुझाव उनीहरूले दिएका छन्।

## काठमाडौंमा शिखर स्पेसल

**सूर्य नेपाल प्रालिले** नयाँ शिखर स्पेसल फिल्टर चुरोट काठमाडौंमा ल्याएको छ। शिखर चुरोटका पारखीहरूको चाहनालाई ध्यानमा राखेर उक्त नयाँ चुरोट काठमाडौंमा बिक्री सुरु गरिएको जानकारी कम्पनीले दिएको छ। यो चुरोटले उपभोक्तालाई नयाँ स्वाद चखाउने विश्वास लिइएको छ। आकर्षक प्याक र सज्जामा प्रस्तुत गरिएको यो चुरोट उपभोक्ताले मन पराउने विश्वास कम्पनीको छ।

## ग्वार्कोमा माछापुच्छ्रे बैंक

**माछापुच्छ्रे बैंक लिमिटेडले** ललितपुरको ग्वार्कोमा नयाँ शाखा खोलेको छ। बैंकद्वारा जारी विज्ञप्तिका अनुसार यो बैंकको बाह्रौं शाखा हो। बैंक संचालक समितिका अध्यक्ष सूर्यबहादुर केसीले उक्त शाखाको यसै साता उद्घाटन गरेका छन्। बैंकले एनी होयर बैंकिङ, इन्टरनेट बैंकिङ, मोवाइल बैंकिङ, एटिएम, मोवाइल बिल पेमेन्ट र सेयरधनी खाता लगायतका आधुनिक बैंकिङ सेवा उपलब्ध गराउँदै आएको छ। बैंकले निकट भविष्यमा सुनसरीको इटहरीमा पनि शाखा विस्तारको योजना बनाएको छ।

## विश्वकर्माको लखपति धमाका

**विश्वकर्मा सिमेन्ट** र पशुपति सिमेन्ट प्रालिद्वारा उत्पादित गोरखा सिमेन्टले लखपति धमाका उपहार योजना सार्वजनिक गरेका छन्। उपभोक्ताको हितलाई ध्यानमा राखी उक्त उपहार योजना अगाडि सारिएको जानकारी कम्पनीले दिएका छन्। उपहार योजनाअनुसार बीस बोरा सिमेन्टको खरिदमा एउटा स्क्रयाच कुपन दिइनेछ। त्यस्ता कुपनमा ५० रुपैयाँदेखि १ हजारसम्मको हात खाली नजाने उपहार योजना, १० हजार रुपैयाँ धमाका योजना र १ लाख रुपैयाँसम्मको सुपर धमाका उपहार योजना राखिएको छ। यस योजनाले आफ्ना सिमेन्टका उपभोक्ताले लखपति बन्ने अवसर प्राप्त गर्ने दाबी गरेका छन्।

## वीरगन्जमा इन्भेस्टमेन्टको एटिएम

**नेपाल इन्भेस्टमेन्ट** बैंकले वीरगन्जमा पनि एटिएम सेवा विस्तार गरेको छ। यो सेवाबाट वीरगन्जका ग्राहकहरू लाभान्वित भएका छन्। अत्याधुनिक बैंकिङ सेवामा अग्रणी उक्त बैंकले वीरगन्जमा एटिएम सेवाको विस्तारले रकम झिक्न लाइन बस्नु पर्ने झन्झटबाट आफ्ना ग्राहक मुक्त भएको बताएको छ। एटिएम मेसिनबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भिसा कार्डवाहकले पनि रकम झिक्न सक्नेछन्।



■ नवीन अर्याल/विराटनगर

राष्ट्रिय खेलकुद परिषद्ले केही साताभित्रै फुटबल संघको अप्रजातान्त्रिक विधान र आर्थिक अपारदर्शिताको विषय उठाउने भएको छ । यसले फुटबल विकासको नाममा तेह्र वर्ष नेपाली फुटबलमा राजनीति गर्दै आइरहेका गणेश थापाको पद धरापमा पर्ने देखिएको छ ।

# थापालाई घेर्ने तयारी

**फुटबल विकासको** नाममा तेह्र वर्षदेखि राजनीति गर्दै आइरहेका अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष गणेश थापालाई पदच्युत गर्न नेपाली खेलकुदको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले एन्फाको विधान र आर्थिक अनियमिततालाई मुख्य आधार बनाउने भएको छ ।

२०५१ सालमा एमालेका तत्कालीन सदस्य-सचिव केशव स्थापितले थापालाई एन्फा अध्यक्षमा नियुक्त गरेपछि थापा अनवरत एन्फा अध्यक्ष रहँदै आइरहेका छन् । थापाले आफ्नो पछिल्लो कार्यकालमा संघको विधानलाई आफू केन्द्रित बनाएको र संघमा अपारदर्शितालाई संस्थागत गर्दै संघको कोषमा लुटतन्त्र मचाइरहेको गुनासो आइरहकै बेला राखेपले यसमाथि विस्तृत अध्ययन र अनुसन्धान गर्ने बताएको छ ।

'हामी केही साताभित्रै एन्फाको विधान र गणेश थापाको कार्यकालको समीक्षा गर्दै आर्थिक हिसाब सार्वजनिक गर्नेतिर लाग्छौं', राखेप उच्च स्रोतले *समय*लाई बतायो ।

राजा ज्ञानेन्द्रको शाही शासनकालमा खेलकुदमा सर्वाधिक शक्तिशाली बनेका थापाले त्यति बेला असोज १८ र माघ १९ को आडमा तीनपल्ट विधान संशोधन गरेर आफूलाई तानाशाह अध्यक्ष बनाएका थिए । उनले एन्फाको कोषमा आफ्नो प्रत्यक्ष पकड राख्न कोषमा कोषाध्यक्षभन्दा पनि आफ्नो अनिवार्य हस्ताक्षर हुनु पर्ने प्रावधान राखेर ब्रह्मलुट मचाउँदै आइरहेका छन् । फेरि, विधानमा एन्फाभित्र हुने गरेका अवैधानिक काममा कसैले उजुरी गर्न नपाउने र नेपाल सरकारको कानुन नलाग्ने जस्ता प्रावधान राखेर कानुनीराजकै खिल्ली उडाएका छन् ।

'एन्फाको विधान पढेर अचम्ममा परेँ । यो विधान नेपाल सरकारभन्दा पनि माथि रहेछ र एन्फा अध्यक्ष विधानभन्दा पनि माथि रहेछन्', एन्फाको विधान सम्बन्धमा राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठले *समय*सँग भने । उनले एन्फाको विधान गैरप्रजातान्त्रिक, फासिस्ट र व्यक्तिवादी भएको बताउँदै भने, 'एन्फाको अहिलेको विधानले विधिको शासनभन्दा पनि व्यक्तिलाई बलियो बनाउने कुराको पक्षपोषण गरेको छ, जुन राखेपलाई कदापि मान्य छैन ।' केही महिनाअघि एन्फालगायत १४ वटा खेल संघको पुरानो चुनाव बदर गर्ने निर्णय गरेका सदस्य-सचिव श्रेष्ठले फुटबलको विधानमा धेरै त्रुटि रहेको र आर्थिक कुरामा पनि पारदर्शी हुन नसकेको बताउँदै यस विषयमा आफू निकै गम्भीर भएको बताए ।

एन्फा अध्यक्ष थापा गैरप्रजातान्त्रिक विधान संशोधनको विषयमा फस्ने देखिएपछि आफूले विधान संशोधन नगरेको भन्दै पन्छिँदै आइरहेका छन्, तर एन्फाको २०५८ सालको विधान २०५९ साल माघ १७, २०६० साल कार्तिक १८ र २०६१ असोज २६ गते गरेर तीनपल्ट संशोधन भएको उनले राखेपमा दर्ता गराएको संघको विधानले प्रमाणित गरेको छ ।

एन्फाले २०६२ भदौ १७ गते संशोधित विधानअनुसार चुनाव गराएको थियो । जसमा कार्यसमितिले पाँचजना मनोनीत गरेको थियो भने अध्यक्षको हैसियतले थापाले ६ जना मानोनीत गर्दै आफू कार्यसमितिभन्दा पनि शक्तिशाली भएको प्रमाणित गरेका थिए, जुन अझै पनि खेल क्षेत्रभित्र हास्यास्पद घटनाको रुपमा लिने गरिन्छ । एन्फाको संशोधित विधानमा पनि केही बुँदा साधारणसभाबाट अनुमोदन नै नगरी थापाले आफूलाई सर्वाधिक शक्तिशाली बनाउने अभियानअन्तर्गत थपेको भन्ने आरोप एन्फाभित्रैबाट लाग्दै आइरहेको छ । 'राजा ज्ञानेन्द्रको शासन ३० वर्षीय पञ्चायती व्यवस्थाभन्दा लामो समयसम्म चल्छ भन्ने हेक्का राखेर नै प्रचलित कानुनलाई लोप्पा ख्वाउने गरेर यसरी विधान संशोधन गरेको हुनुपर्छ', राखेपका कानुनी सल्लाहाकार ओम थपलिया भन्छन् ।

एन्फाको आर्थिक पारदर्शिताको सवालमा एन्फामा कति पैसा विदेशबाट आउँछ, त्यो कुन बैंक खातामा राखिएको छ र फुटबल विकासको नाममा कति खर्च हुँदै छ भनेर राखेपलाई





**खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ**

जानकारी नभएको बताउँदै जीवनराम भन्छन्, 'उनको कार्यकालमा भएका सम्पूर्ण खर्चको हिसाब हामीले मागेका थियौं, तर त्यो अहिलेसम्म पाउन सकेका छैनौं । यस विषयमा झन् हामी गम्भीर छौं ।'

एन्फाले गत वर्ष आफ्नो वार्षिक बजेट ५ करोड भएको बताएको थियो । विदेशबाट आउने डलरको हिसाब किताब अहिलेसम्म एन्फाले सार्वजनिक गरेको छैन । २०५७ सालमा एन्फामा व्याप्त आर्थिक अनियमितताको सम्बन्धमा राखेपले गठन गरेको निराला आयोगको छानबिन रिपोर्टले एन्फाले सरकारको स्वीकृतविना नै अवैधानिक हिसाबले डलरको कारोवार गर्दै आइरहेको जनाएको थियो । यसैगरी लाखौं रुपैयाँ व्यक्तिको नाममा निकालेको, संघको बैंक ब्यालेन्स जहिले पनि शून्य ब्यालेन्समा राख्ने गरेको र कुनै यथेष्ट प्रमाणविना संघको हिसाब लेजरमा नराखेर 'एफो' साइजको कागजमा राख्ने गरेको देखाएको थियो । सोही रिपोर्टमा एसियाली फुटबल महासंघका अध्यक्ष तथा कतारका तेल व्यापारी मोहम्मद बिन हमामको नाममा एक लाख ५० हजार रकम पेस्कीको रुपमा देखाइएको थियो ।

एन्फाको उच्च स्रोत थापाको तेह्रवर्षे कार्यकालमा ३६ करोडभन्दा बढी रकम दुरुपयोग भएको बताउँछ । थापाले आफूमाथि लाग्दै आइरहेको आर्थिक अनियमितताको आरोपलाई आफ्नो तेह्रवर्षे कार्यकालमा दशरथ रंगशाला परिसरमा एउटा कोठामा रहेको एन्फाको अफिस सातदोबाटोमा पुग्दा भवनमा परिणत भएको र एन्फा कम्प्लेक्सको नाममा सातदोबाटो र च्यासलमा मैदान बनेको बताउँदै पन्छिँदै आइरहेका छन् । उनले खेलाडी कल्याण कोषको नाममा रहेको एन्फाको ४० लाख रुपैयाँ अहिलेसम्म एन्फाको वार्षिक बजेटमा सार्वजनिक गरेका छैनन् । यसैगरी एसियाली फुटबल महासंघका अध्यक्ष मोहम्मद बिन हमामले २ वर्षअघि च्यासलको टेक्निकल मैदान उद्घाटन गर्न काठमाडौं आउँदा एएफसीले नेपाललाई वार्षिक ८० हजार अमेरिकी डलर दिँदै आइरहेकोमा अब उप्रान्त १ लाख २० हजार अमेरिकी डलर दिने सार्वजनिक घोषणा गर्दा पनि एन्फाले आफ्नो वार्षिक बजेटमा एएफसीबाट आउने अनुदान रकम सार्वजनिक गरेको छैन । *समय* साप्ताहिकले यसअघि नै एन्फाको आर्थिक अनियमितताको बारेमा प्रश्न उठाएको थियो । तर, एएफसीबाट वार्षिक कुनै अनुदान नआउने खण्डन गर्दै एन्फा पन्छिन खोजेको थियो । थापाले अहिले पनि अन्तर्राष्ट्रिय दातृनिकायहरूलाई एन्फा कार्यालयको ठेगाना सातदोबाटो नभई विशालनगरस्थित आफ्नो घर भएको बताउँदै आइरहेका छन् । यसरी झूटो बोलेको सम्बन्धमा पत्रकारहरूले सार्वजनिक समारोहमा थुप्रैपल्ट प्रश्न उठाए पनि उनले पत्रकारहरूको प्रश्नलाई हल्का लिँदै राति घरमा महत्त्वपूर्ण कागजहरू आउने र कहिले राति नै पत्राचार गर्नु पर्ने भएको हुनाले अन्तर्राष्ट्रिय निकायहरूलाई अफिसको साटो घरको ठेगाना र फ्याक्स नम्बर दिएको बताउँदै आइरहेका छन् । ■





# एन्टाको सफलता

**राजा ज्ञानेन्द्रको** शाही शासनकालमा प्रतिबन्धित एक मात्र खेल संघ अखिल नेपाल तेक्वान्दो संघ (एन्टा)ले लोकतन्त्रस्थापनापछि आफूलाई सक्रिय तुल्याउने क्रममा भारतको राजधानी नयाँ दिल्लीमा अपूर्व सफलता पाएको छ।

एन्टाले मंगलवार (जनवरी २ तारिख) नयाँ दिल्लीमा आयोजित प्रथम आमन्त्रण अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पहिलो स्थान पाएको छ। नेपाल, तेक्वान्दोको जन्मभूमि दक्षिण कोरिया, भारत र भुटानका गरी चार देश सहभागी यो प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरेको एन्टाले विभिन्न तौल समूहमा ९ स्वर्ण, ३ रजत र ३ काँस्य पदक जित्यो।

नयाँ दिल्लीको तालकटोरा इन्डोर रंगशालामा चारवटा एरिनामा सम्पन्न प्रतियोगितामा दक्षिण कोरिया ६ स्वर्ण पदक जित्दै दोस्रो भयो। आयोजक भारतले ५ स्वर्ण पदक जित्यो र तेस्रो भयो। भुटानले भने कुनै पदक जित्न सकेन र खाली हात घर फर्कियो।

यस प्रतियोगितामा नेपालका लागि ६ पुरुष खेलाडी र ३ महिला खेलाडीले स्वर्ण पदक जिते। पुरुष २१ देखि २३ केजी तौल समूहमा रोशन आचार्यले पहिलो स्वर्ण पदक जिते। यसैगरी ४५ देखि ४८ केजी तौल समूहमा कृष्ण तामाङ, ४८ देखि ५१ केजी तौल समूहमा मनोज मैनाली, ५१ देखि ५५ केजी तौल समूहमा अविनाश चौधरी, ५५ देखि ५९ केजी तौल समूहमा अनिल चौधरी र ५९ देखि ६३ केजी तौल समूहमा अजय तामाङले स्वर्ण पदक जितेका थिए। महिलातर्फ ४५ केजीमुनि राधिका चौधरी, ४६ देखि ४९ केजी तौल समूहमा ज्योति शाही र ४९ देखि ५२ केजी तौल समूहमा रिना राईले स्वर्ण पदक जिते।

तीन पुरुष खेलाडीले नै रजत पदक जितेका थिए। २० केजीमुनि तौल समूहमा अमृत लामा, २७ देखि २९ केजी तौल समूहमा अशोक नेपाली र ३८ देखि ४१ केजी तौल समूहमा विकल राउतले रजत पदक जितेका थिए। २९ देखि ३२ केजी तौल समूहमा उमा घले, ३५ देखि ३८ केजी तौल समूहमा कुमारी गुरुङ र ५१ देखि ५५ केजी तौल समूहमा सोम दर्शनधारीले काँस्य पदक जितेका थिए।

तेक्वान्दोमा उत्पन्न विवादका कारण एन्टा २०६० सालमा छुट्टै अस्तित्वका साथ गठन भएको थियो। नेपाली खेलकुदको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद्ले लोकतन्त्रस्थापनापश्चात् पनि एन्टालाई परिषद्बाट मान्यता दिएको छैन। एन्टाले आफ्नै सक्रियतामा तेक्वान्दो खेलाडीलाई देशका विभिन्न स्थानमा प्रशिक्षण दिँदै आइरहेको छ। राष्ट्रिय खेलकुद परिषद्बाट मान्यताप्राप्त नेपाल तेक्वान्दो संघमा आर्थिक ब्रह्मलुट रहेको र नेपाली डान सर्टिफिकेटको नाममा नेपाली खेलाडीहरूको भविष्य अन्धकारमा राखेको आरोप लगाउँदै एन्टा विधिवत्रुपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको थियो। यस संघका खेलाडीहरूलाई पाँच महिनाअघि श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न दसौं सागमा मात्र होइन, भर्खरै सम्पन्न दोहा एसियाडको खेलाडी छनोटमा राष्ट्रिय खेलकुद परिषद्ले समावेश हुन दिएको थिएन। एन्टाको महासचिव पनि रहेका अन्तर्राष्ट्रिय रेफ्री अनुयाज गौतमले गत साता यो प्रतियोगितामा भाग लिन नयाँ दिल्ली जानुअघि बिदाइ कार्यक्रममा खेलकुद परिषद्को दोहोरो नीतिको आलोचना गर्दै हालको खेलकुद परिषद्लाई शाही सरकारकै अर्को रूप भएको आरोप लगाएका थिए। ■

# कसैलाई काखा, कसैलाई पाखा

**लोकतन्त्र** स्थापनापश्चात् पनि खेलकुदमा पुरानै र बदनाम व्यक्तिहरू हावी भएको आरोप अहिलेको राष्ट्रिय खेलकुद परिषद्को नेतृत्व तहले खेपिरहेकै बेला राजा ज्ञानेन्द्रको शाही शासनकालमा प्रतिबन्ध झेलेको एक मात्र खेल संघ अखिल नेपाल तेक्वान्दो संघ (एन्टा)को विषयमा परिषद् पूर्ण मौन देखिएको छ।

नेपाल तेक्वान्दो संघमा व्याप्त आर्थिक अनियमितता र नक्कली डान सर्टिफिकेट जस्ता गैरक्रियाकलाप धन्दाको विरोध गर्दै एन्टा स्थापना भएको थियो।

लोकतन्त्र बहालीलगत्तै खेलकुदमा बदलिएको नेतृत्वका कारण कम्युनिष्टहरूसँग नजिक भएको आधारमा अर्को तेक्वान्दो संघ आइटिएफले परिषद्बाट मान्यता पाएको थियो, तर एन्टाले शाही शासनकालमा एक्लै तीन वर्ष प्रतिबन्ध खेप्दा पनि यो संघको विषयमा परिषद् मौन बस्नुलाई खेलविज्ञहरूले नेतृत्व तहमा देखिएको राजनीतिक प्रतिशोध भन्न थालेका छन्। एन्टाका अध्यक्ष प्रदीप जोशी 'टेकराज' नेपाली कांग्रेस प्रजातान्त्रिकका प्रतिबद्ध कार्यकर्ता हुन्। उनले २०४२ सालमै तत्कालीन सदस्य-सचिव तथा खेलकुदका सबैभन्दा शक्तिशाली व्यक्ति मानिने शरदचन्द्र शाहको खेल नीतिको विरोध गरेबापत चार वर्ष भारतमा लुकेर बस्नु परेको थियो। उनी शाही शासनको विरोध गरेबापत सुदूरपश्चिमको महेन्द्रनगरमा ३ महिना जेलमा परेका थिए। यसैगरी अन्तर्राष्ट्रिय रेफ्री तथा एन्टा महासचिव अनुयाज गौतम पनि प्रजातान्त्रिकसँग आबद्ध छन्। यद्यपि, तिनीहरू राजनीतिकरुपमा पार्टीसँग आबद्ध भए पनि एन्टालाई विशुद्ध खेल संघको रुपमा अगाडि बढाउँदै आइरहेका छन्।

खेलकुदमा म्यानपावरको रुपमा पहिलेदेखि नै बदनाम रहेको आइटिएफलाई छुट्टै संघको मान्यता दिने, तर एन्टाको विषयमा परिषद् मौन रहनुले यस कुरालाई प्रस्ट्याएको छ, अहिलेको परिषद् कसैलाई काखा र कसैलाई पाखा लगाउँदै छ। ■

# सेयर बजारको चित्रण




**रवीन्द्र भट्टराई** आर्थिक विषयमा कलम चलाइरहन्छन् । प्राध्यापन पेसासँगै विभिन्न पत्रपत्रिकामा उनका समसामयिक लेखहरू प्रकाशित भइरहन्छन् । तर, यसपटक उनले आम नेपालीका लागि नौलो र धेरैका लागि जानकारी पनि नभएको सेयर बजारको बारेमा पुस्तक लेखेर एउटा महत्त्वपूर्ण काम गरेका छन् । हालै प्रकाशित 'नेपालको सेयर बजारका आधारभूत कुराहरू' नामक पुस्तकमा भट्टराईले नेपालको पुँजी बजारका बारेमा सरलरुपमा जानकारी दिने प्रयास गरेका छन् ।

अहिलेको विश्व अर्थतन्त्रमा धितोपत्र विनिमय बजारको महत्त्व निकै उच्च छ । जति समृद्ध अर्थतन्त्र भएको मुलुक छ, त्यहाँको पुँजी बजारको स्तर पनि त्यति नै माथि छ । लगानीकर्ताहरूले यसबाट निकै राम्रो मुनाफा हात पार्दै आएका छन् । नेपालमा पुँजी बजारको सुरुवात निकै ढिलो गरी २०५० सालबाट सुरु भएको हो । यो क्षेत्रको बारेमा कमैलाई मात्र खास जानकारी रहेको अवस्थामा पुँजी बजारबाट फाइदा हात पार्ने संख्या पनि निकै साँघुरो छ, तर कतिपय अवस्थामा यसबारे प्रस्ट जानकारी नहुँदा सर्वसाधारण जोखिमपूर्ण लगानीमा तानिएका छन् । जसको परिणाम उनीहरूको लगानी खरानी भएको छ । लेखक भट्टराईले पुस्तकमा सेयरमा कसरी लगानी गर्ने, लगानी गर्नुपूर्व कुन कुन कुरामा ध्यान पुऱ्याउने र सेयरका प्रकारका बारेमा पनि जानकारी पस्किएका छन् । साधारण र अग्राधिकार सेयरबीचका भिन्नता विश्लेषण गर्दै लेखकले यसका फाइदा र बेफाइदाबारे केलाएका छन् ।

पुस्तकमा पुँजी बजारका बारेमा सकेसम्म सूक्ष्म जानकारी दिइएको छ । प्राथमिक बजारका बारेमा भट्टराई लेख्छन्, 'कुनै पनि कम्पनीले प्रथमपटक जारी गरेका धितोपत्रहरूको कारोबार हुने बजारलाई प्राथमिक बजार भनिन्छ...' अर्थात् उनले प्राथमिक बजारमा लगानी गर्दा ध्यान दिनु पर्ने कुरालाई सरल भाषामा सम्झाएका छन् । यसका लागि प्रवर्धकको योग्यता, क्षमता र विगतका बारेमा ख्याल राख्न उनले सुझाव दिएका छन् । कम्पनीको वास्तविक वित्तीय स्थिति, व्यवस्थापन समूह र कम्पनीले उपलब्ध गराउने सेवाहरूका बारेमा पनि लगानीकर्ता जानकार रहनु आवश्यक छ ।

धितोपत्रको दोस्रो बजार, यो बजारमा सेयर खरिद बिक्रीका प्रक्रिया, धितोपत्र नामसारी लगायतका विषयलाई उनले समेटेका छन् । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकका बारेमा पनि पर्याप्त जानकारी दिएका छन् । यसको घटबढको बारेमा जानकारी दिने नेप्से परिसूचकका बारेमा पनि व्याख्या गरेका छन् ।

सेयर बजारका बारेमा जानकारी नभएका सर्वसाधारण, यसमा लगानी गर्न चाहनेहरू एवं अर्थशास्त्र तथा वाणिज्यशास्त्रका विद्यार्थीका लागि यो पुस्तक निकै उपयोगी देखिन्छ । पुस्तकलाई सरल बनाउने प्रयास देखिए पनि पुँजी बजारका सन्दर्भमा प्रयोगमा आउने प्राविधिक शब्दहरू पुस्तकमा परेका छन् । आगामी संस्करणमा त्यस्ता प्राविधिक शब्दहरूलाई सकेसम्म सजिलो गरी बुझिने भाषामा प्रस्तुत गरिए पुस्तकको फाइदा सामान्य नागरिकले पनि उठाउन सक्नेछन् ।

■ **मधुसूदन पौडेल**

# त्यस बेलाको सम्झना




**अम्बर गुरुङलाई** साहित्यमा रङरोगन गर्न चाहिने शब्दहरूको पहिचान गराउने शंकर दाइ (शंकर लामिछाने) छोडेर गएको झन्डै तीन दशक बितिसक्यो, तर उनको प्रतिविम्बले अहिले पनि हरेक पल झकझक्याइरहन्छ । लामिछाने जस्तै अगमसिंह गिरी, इन्द्रबहादुर राई र शंकर लामिछानेसित बिताएका क्षणले अहिले पनि अम्बरलाई बारम्बार पोलिरहन्छ । यही पीडासँगै अम्बर बुढेसकालमा पनि नयाँ संगीतको जादु भर्न तम्सिन्छन् । गुरुङको क्षमता संगीतमा मात्र छैन, साहित्य लेखनमा पनि त्यत्तिकै छ भन्ने थाहा हुन्छ - 'कहाँ गए ती दिनहरू' पढ्दा ।

उतिखेर अम्बरले आफ्ना संगतीहरूमाझ बिताएका अविस्मरणीय क्षणहरू 'विम्ब-प्रतिविम्ब' र गोरखापत्रका पानामा छापिएका र धमिरोले खाएर दिनदिनै पुरानो बन्दै गएका शब्दहरूमा सीमित छन् अनि समयसँगै दिन प्रतिदिन आँखाबाट धमिलो बन्दै गइरहेको आकृतिमा बाँचेका छन् अगम, शंकर र इन्द्र ।

शंकर लामिछानेकै भूमिकाबाट सुरु भएको अम्बर गुरुङको 'कहाँ गए ती दिनहरू' उनका संगतीहरूमाझ उनले बिताएको अविस्मरणीय समयको संस्मरणात्मक ठेली हो, जसलाई संकलन र सम्पादन गरेर अझ गहन, मिठो, उस बेलाको समय चित्रण गरेका छन्, देवेन्द्र भट्टराईले ।

जीवनको उकाली-ओरालीमा अम्बरले भोगेका सयौं संघर्षमय क्षणहरूको तस्बिर छैन, तर पुस्तकको सारले अम्बरको सिंगो जीवन समेटेको छ । चालीस वर्षदेखि छापिएका अम्बरका लेखरचनाहरूले उति बेला अगमसिंह गिरी, शंकर लामिछाने र इन्द्रबहादुर राईबीचको गहकिलो सृजनात्मक सम्बन्धलाई पनि झल्काएको छ ।

■ **ज्योति देवकोटा**



किताब : बेटर लाइफ नै डेमोक्रेसी
लेखक : पदम पौडेल
पृष्ठ : १४१
मूल्य : रु २५०/-



किताब : पुल र पर्खालहरू
लेखक : स्नेह सायमी
पृष्ठ : ६९
मूल्य : रु ७५/-
प्रकाशक : सिर्जनाः चैत ३




किताब : सहयोगी आमा-बुवा
लेखक : गोविन्दशरण उपाध्याय
पृष्ठ : ८२
प्रकाशक : एके बुक्स पब्लिसर्स




किताब : शरणार्थीहरू
लेखक : सरुभक्त
पृष्ठ : ९१
मूल्य : रु १००/-
प्रकाशक : साहित्यकार सरुभक्त सरोकार केन्द्र, नेपाल

# व्यस्त एयरपोर्टमा नौघन्टे फुर्सद

■ श्रीओम श्रेष्ठ 'रोदन'



**'नेदरल्यान्डमा** तपाईंको दिन क्विन्स डे होस्' यही शुभकामना व्यक्त गर्दै प्लेन एमस्टर्डको विमानस्थलमा अवतरण भएको थियो २९ अप्रिलको बिहानै । हिजो नयाँदिल्लीको इन्दिरा गान्धी विमानस्थलबाट राति एक बजे उडेको केएलएम विमानमा सबै सुविधा भएर पनि निदाउन सकेको थिइनँ । प्लेन रोकिएपछि एयरहोस्टेज आएर मसँगै बसेको यात्रीलाई हातले समातेर ओराल्न थाल्यो । उनी अन्धा रहेछन् भन्ने कुरा मैले धेरै समयपछि मात्र थाहा पाएको थिएँ । प्लेनको बायाँपट्टिको झ्यालमा म परेको थिएँ । हामी दुवैजना सिटमा बसेको केही समयमा उनले भनेका थिए - यदि तपाईंलाई अप्ठेरो हुँदैन भने मलाई झ्यालतिर बस्न दिनु हुन्छ ? रातभरि उड्ने प्लेनको झ्यालमा बस्नु र नबस्नु कुनै अर्थ थिएन । बाहिर केही देखिने हैन भनेर मैले आफ्नो सिटमा उनलाई बस्न दिएको थिएँ । त्यसपछि हाम्रो कुराकानी चलिरह्यो । उनी दिल्लीबाट नेदरल्यान्ड व्यापारको सिलसिलामा जान लागेका रहेछन् । जतिखेर उनी ट्वाइलेट जानको लागि आफ्नो ज्याकेटबाट सानो बल्ने लट्ठी निकालेर थिच्दै लामो बनाएपछि मात्र उनी अन्धो भएको थापा पाएको थिएँ । आँखा नदेख्ने भएर पनि एक्लै व्यवसायिक यात्रा गरेकोमा उसको हिम्मतलाई सलाम गरेँ र आफूलाई पनि सजिलो बनाएँ ।

स्थानीय समयअनुसार बिहानको ६ बजेको थियो । विमानस्थल पूरै चहलपहलयुक्त भइसकेको नभए पनि निष्क्रिय भने थिएन । म यताबाट उता र उताबाट यता घुमिरहेको थिएँ । काठमाडौंबाट उडेदेखि नै मेरो पिसाब पोलिरहेको थियो । समयको परिवर्तनले गरेर औषधी खान अलमलिन्छु केही समय । पानी पिइरहनुपर्ने भएकाले दिल्लीको विमास्थलमा जस्तै खानेपानी भएको ठाउँ खोजेँ तर कतै भेटिएन । नजिकैको पसलमा गएर एक बोतल पानी किन्न खोजेँ, साढे दुई यूरो मूल्य बतायो । मैले आफूसँग भएको अमेरिकी डलर दिएँ तर पसलेले लिन मानेन । एक्सचेन्ज काउन्टरमा युरो साटेर ल्याउनु पर्ने बतायो । म आफ्नो सामान राखेको क्यारियर डोर्‍याउँदै 'चेन्ज' लेखेको काउन्टरमा पुगेँ । त्यहाँ सोधेँ र थाहा पाएँ, पहिला नम्बर लिनुपर्ने रहेछ लाइनमा बस्न । फेरि बाहिर निस्किएँ र नजिकै राखेको मेसिनमा थिचेँ । नम्बर लेखिएको कागजको टुक्रो निस्क्यो । कति नम्बरवाला कुन काउन्टरमा लाइन लाग्ने भनेर काउन्टरमाथि बेलाबेलामा डिस्प्ले भइरहेको थियो । मेरो नम्बरअनुसार चार नम्बरको काउन्टरमा लाइन बसेँ । आफ्नो पालो आएपछि मैले थोरै मात्र डलर साट्न खोजेँ, पानीभन्दा अरू केही किन्नु थिएन । काउन्टरकी युवतीले थोरैमात्र चाहिएको भए नसाट्न सल्लाह दियो किनभने कम्तीमा पाँच डलर साट्दा पनि सैंतीस सेन्ट कमिसन लाग्ने रहेछ । उनैले सल्लाह दिइन्, 'थोरै मात्र पैसा चाहिएको भए कुनै रेस्टुरेन्टमा जानुभयो भने उनीहरूले डलर स्विकार्छन् ।' सल्लाहको लागि धन्यवाद दिँदै म अगाडि बढेँ ।

मान्छेहरूको भीड बढ्न थालिसकेको थियो । यात्रुहरूलाई प्लेन उड्ने जानकारी उद्घोषण भइरहेको थियो । समय समयमा निश्चित ठाउँमा नपुग्ने यात्रुहरूको नाम बताउँदै सामान अनलोड गर्न लागेको पनि उद्घोषण गरिरहेको थियो ।

केही पर पुगेर म एउटा रेस्टुरेन्टमा छिरेँ र

सामान किन्नेहरूको लाइनम बसेँ। आफ्नो पालो आएपछि बूढी साहुनीलाई डलर लिनुहुन्छ भनेर सोधेँ, उनले लिने बताएपछि मैले पाँच डलर दिएँ। उनले पचहत्तर मिलिलिटर बोतलको पानी दिइन् र एक डलर बीस सेन्ट फिर्ता गरिन्। डलर खर्च गरेर पहिलो पटक मैले पानी किनेँ। नेपालीमा हिसाब गरेँ - दुई सय पचास जति पर्‍यो। यति महँगो पानी घुटुघुटु पिएर सकाउन सकिनँ।

काम केही छैन, घडीलाई कुर्नुबाहेक। कहिले यता जान्छु र अलमलिन्छु कहिले किताब पढ्छु र भुल्छु। घरपरिवार सम्झन्छु। हिजोदेखि जुत्ता खोलेको थिइनँ। खुट्टा सुन्निएर जुत्ता कस्सिएको छ। केही कुनातिर जान्छु र जुत्तामोजा खेलेर दुईवटै खुट्टा मेचमाथि राखेर बस्छु र विमानस्थलतिर हेर्छु। कुनै प्लेन उड्ने तयारी गर्दै छ, कुनै ओर्लंदै छ। कुनैमा सामानहरू राख्ने काम भइरहेको छ। एक दिनको पनि आराम छैन विमानस्थललाई। व्यस्त विमानस्थललाई म फुर्सदले हेरिरहेको छु।

पानी रोकिसकेको थियो। चिसोचिसो लाग्न थालेको थियो। बाहिर सडकमा देखिएका गाडीहरू प्रतियोगितामा कुदिरहेका जस्ता देखिन्थे। भित्र ठाउँठाउँमा भुइँ सर्ने स्केलटरहरू राखिएका छन्। बूढाबूढी र अशक्तहरूका लागि हिवलचेयरको पनि व्यवस्था छ। खेलौनाजस्ता लाग्ने फुच्चे गाडीहरू यताबाट उता र उताबाट यता बूढाबूढी र विरामीहरूलाई ओसारपसार गरिरहेका छन्। कसैले कसैलाई अराएको र खटाएको देखिँदैन, तर काला वर्णकाहरूले बढी शारीरिक काम गरेका देखिन्छन्।

विमानस्थलभित्र पस्नासाथ मैले अर्को विमान चढ्को लागि ई-१७ नम्बरको गेटमा गएर बसेको थिएँ। अहिले ई-१७ का यात्रुहरूलाई ई-८ को गेटमा जान सूचना उद्घोषण गर्‍यो र म त्यतैतिर सोध्दै लागेँ। यो गेटसँगै भएको मेटल डिटेक्टर गेट र सुरक्षाकर्मीको काउन्टरसँगै धेरै मेच राखिएका छन्। यहाँ बस्नेहरू प्रायः काला वर्णका यात्रुहरू छन्। एउटी मोटी काली आइमाई आफ्नो सुटकेसलाई खुट्टाले थिचेर निदाउन खोजिरहेका छन्। उनी पनि मजस्तै एक्लै लामो ट्रान्जिटमा परेको यात्रु भएको अनुमान गर्छु। त्यति नै बेला तान्जानियाको लागि प्लेन उड्ने तयारी भएको घोषणा गरियो। मेचभरि बसिरहेका कालाकाला यात्रुहरू जर्‍याकजुरुक उठेर चेकिङका लागि लाइनमा लागे।

मेचहरू खाली भएपछि बच्चासहितको एक दम्पती आएर बसे। बच्चा हातमा चकलेट लिएर रोइरहेको थियो। कालो केटो र गोरी केटीबाट जन्मेको बच्चाचाहिँ गोरो थियो। कपाल र अनुहार भने कालो केटाको जस्तै थियो। त्यो बच्चा र मेरो छोराको उमेर उस्तै थियो। बच्चा रोएपछि श्रीजललाई सम्झिएँ र उसले भन्ने गरेको गायत्री मन्त्र पनि कानमा गुन्जियो।

अहिले विमान र विमानस्थलमा धुम्रपान गर्न नपाइने रहेछ। पहिले प्लेनका पछिल्ला सिटमा बस्नेहरूले धुम्रपान गर्न पाउँथे, अहिले त्यो पनि व्यवस्था रहेनछ। अन्तर्राष्ट्रिय नियमानुसार विमानस्थलमा खुला धुम्रपान गर्न पाइँदो रहेछ तर खानपर्नेहरूका लागि खुला रेस्टुरेन्टभित्र व्यवस्था हुँदोरहेछ। नजिकैको रेस्टुरेन्टभित्रका मानिसहरूले धीत मानेर चुरोटको धुवाँ उडाइरहेको देखेर थाहा पाएँ। झन्डै आठ घन्टा बिताइसकेको थिएँ। अमेरिकाको बोस्टोन जाने यात्रुहरूलाई चेकिङको लागि इमिग्रेसनमा आउन उद्घोषण गरियो।

सबैजना जस्तै म पनि लाइन लाग्न गएँ। चार पाँचवटा रिबनजस्तो बाक्लो डोरीले भित्र जाने बाटो बनाइएका थिए। दसौं जना युवा कर्मचारीहरू पासपोर्ट हेर्दै, सोध्दै पठाउँदै थिए। मेरो पासपोर्ट पनि अरूको जस्तै ल्यापटपजस्तो मेसिनमा स्क्यान गर्‍यो। त्यसपछि प्रश्नहरू गर्न थालियो।

कहाँबाट आएको ? कहाँ जान लागेको ? किन जान लागेको ? कतिको लागि जान लागेको ? कसकहाँ बस्ने ? ठेगाना छ ? कतिवटा सुटकेस छन् ? सामान कहाँ प्याक गरेको ? कसले प्याक गरिदिएको ? कसैले केही उपहार दिएका छन् ? घरबाट एयरपोर्टसम्म कसको गाडीमा आएको ? यस्ता प्रश्नहरूको उत्तर मैले सहज रुपमा दिँदै गएँ। झन्डै बीस मिनेट जति अलमल्याइसकेपछि मैले आफ्नो परिचय पत्र देखाएँ। उसले नजिकै बसिरहेको अर्कोलाई देखायो र फेरि सोध्न थाल्यो - तपाईं पत्रकार हो ? नेपालमा अहिले कस्तो छ ? मैले नेपालमा लोकतन्त्रको स्थापना भएको बताएँ।

मैले त भुसुक्कै बिर्सेको, १९ दिन लामो भएको जनआन्दोलन- २ ले संसद् पुनःस्थापना भए संसद्को बैठक बोलाइएको दिन म नेपालबाट उडेको थिएँ। लोकतन्त्रको खुसियाली बोकेर म विदेशिएको थिएँ। यत्रो ठूलो घटनाप्रति विश्वभरि चासो हुनु स्वभाविकै थियो। त्यसपछि उसले फेरि सोधेको थियो - राजाले लिएको अधिकार जनतालाई दियो हैन ? मेरो उत्तर सुनेपछि उसले यो हाम्रो नियम हो, धेरै प्रश्न गर्दा दुःख मान्नु भएको भए माफ गर्नु होला भन्दै शुभयात्राको कामना गर्‍यो। म सरासर अमेरिकी नर्थ वेस्ट प्लेनभित्र गएँ।

विश्वभरि नै बढिरहेको आतंकवाद नियन्त्रण गर्न गरेको सुरक्षा व्यवस्थाप्रति म पटक्कै दुःखी भइन, खुसी नै लाग्यो। खासगरी अमेरिका भित्रिनुपूर्वको विमानस्थलमा सविस्तार बुझेर प्लेन उत्रनुअघि प्रत्येक यात्रुको विवरण पठाइसक्नु पर्ने अन्तर्राष्ट्रिय नियमै हो कि ?

**पो.ब.नं. ९४५६**
**काठमाडौं।**

# सय वर्ष पहिले

**बुद्धिसागर चपाई**

तिमीलाई भेट्नुभन्दा पहिले
वा तिमीलाई भेटिसकेपछि
म उही
आफ्नै मनको जंगलमा हुन्छु
र गृहयुद्धमा विनाश भएको कुनै मुलुकको
नितान्त एक्लो - राजा
वा राष्ट्रपति
अथवा प्रधानमन्त्रीझैं
वर्बराउँदै हिँडिरहेको हुन्छु !

मेरो दायाँ हात समाउँदै घुमायौ तिमीले
प्राचीन दरवारहरू
मन्दिरहरू
भन्यौ - 'यी हुन्,
सय वर्ष पुराना झ्यालहरू !'

म मन्दविषले थलिएझैं विस्तारै पुगेँ झ्यालसम्म
सुनेँ -
मधुरो गीत
सायद आफ्नै राज्यको सिपाहीको प्रेममा
गाएकी होस् - गीत - राजकुमारीले !

सुनेँ
उही चित्कार
सायद त्यहीबाट फालिएको होस् काटिएको
कुनै भारदार !

यो सय वर्ष पुरानो मन्दिर
यो सय वर्ष पुरानो मूर्ति
यो सय वर्ष पुरानो गजूर
तर तिमीले कहिल्यै,
कहिल्यै, भनिनौ - यी सय वर्षदेखि
राष्ट्रियताको साङ्लामा बाँधिएका मान्छेहरू
जो अब मुक्त हुन्छन्।

यो पशुपति
यो शंखमूल
यो चोभार
तिमी र म, मान्छेका आला रगत टेक्दै
खोजिरह्यौ
सय वर्ष पहिलेको इतिहासको गन्ध !

तिमीलाई भेट्नुभन्दा पहिले
वा भेटिसकेपछि
म उही
आफ्नै मनको प्राचीन खोलाछेउ हुन्छु !

त्यहाँ म,
घोप्टो परिरहेको
थरथराइरहेको
मुखमा तुलसीको पात च्यापेको
गायत्री मन्त्र पढिरहेको -
हुन्छु !
र, नजिकै हुन्छ - चम्किलो खुकुरी उचालिरहेको
बगरे !

तिमी लयबद्ध मेरो आलो रगत टेक्दै
मेरो छेउसम्म आउँछ्यौ
समाउँछ्यौ मेरो हात
म आफ्नो टुक्रिएको टाउको लतार्दै
पछि लाग्छु
तिम्रो !

तिमीलाई भेट्नुभन्दा पहिले
वा भेटिसकेपछि
म देख्छु -
सय वर्ष पहिलेको इतिहासको पुस्तकबाट
घिस्रिँदै झर्छन् सर्पहरू
र डस्छन्
निद्रामा मुस्कुराइरहेका नानीहरूलाई
अर्को अध्यायलाई,
सय वर्ष पहिले !




# चिसो दिन, रनक्क मौसम

सद्दामलाई फासी दिइएको समाचारले नयाँ वर्षको रौनकमा केही असर पर्ला भन्ने होटल सञ्चालकहरूको सोच मिलेन, यसपालिको नयाँ वर्षमा। सोचेभन्दा बढी उत्साहित देखिएको नयाँ पुस्ताले वर्षौंपछि मध्यराति सडकमा टहलिँदै मात्र 'न्यु इयर इभ' मनाएनन्। विगतका वर्षहरूमा भोग्दै आएको 'ओरालो व्यापार'बाट वाक्कै भइसकेका होटल संचालकहरूलाई यो वर्षमा देखिएको उत्साहले शान्ति आउँदा देखिने व्यापारिक छनक देखायो।

विगतका वर्षहरूभन्दा यसपालिको अंग्रेजी वर्ष सोचेभन्दा बढी उत्साहजनक बन्यो। मौका मिल्यो कि रामरमाइलो गर्न रुचाउने नेपाली युवाहरूका लागि इस्वी सम्बत्को नयाँ वर्ष आगमनको अवसर राम्रै अवसर बन्यो। पहिलो नयाँ वर्ष भित्र्याउने पर्खाइमा रहेका युवायुवतीहरूको भीडले महिनौंदेखि चिसो जमेको राजधानीका पाँचतारे होटलहरू मात्र तातेनन्, झन्डै बिर्सिन थालिसकिएको नयाँ सडकको रात्रि जीवन समेत जुर्मुरायो यो पाला।

दरवारमार्गको मध्यसडकमा रमाउनेहरूको ताँती हेर्दा यस्तो लाग्थ्यो, नेपालीहरूले विक्रम संवत् बिर्सिसकेका छन् र अब उनीहरूको पनि नयाँ वर्ष यही हो। राजधानीमा रहेका साना-ठूला सबैखाले रेस्टुराँ, क्याफे, पब, बार, डिस्कोथेकदेखि तारे होटलका क्याफे, बार, रेस्टुराँ तथा क्यासिनो सबैतिर नयाँवर्षको वातावरण छाएको थियो भने रमाउनेहरूको घुइँचो पनि थेगी नसक्नु।

डान्स पार्टीहरूलाई डिजेले तताएका थिए भने उता स्टेजहरूमा मोडेलहरूले तताएर नयाँ वर्षको अन्तिम दिनलाई मनोरञ्जक बनाइरहेका थिए। अंग्रेजी, हिन्दी, नेपाली डान्स ट्र्याकको चर्को आवाजले नयाँ वर्षका लागि तयार पारिएका पार्टीहरूमा थप तातो थपेको अनुभव भएको थियो। प्रायजसो रक गीतको जादुमा रमाउने नयाँ पुस्ताको आकर्षण पनि पप, र्‍याप र हिपहपप्रति नै देखिएको थियो।

राजधानीमा रहेका पाँचतारे होटलमा आयोजना गरेको डान्स पार्टीमा कतै निःशुल्क प्रवेश व्यवस्था थियो त कतै अन्य दिनका बेला निःशुल्क जान पाइने ठाउँमा प्रतिव्यक्ति एक हजारसम्म तिरेर नयाँ वर्ष मनाउन डिस्को तथा डान्सतिर युवायुवती जमघट भएका थिए।

त्यसै अवसरमा यता र्‍याडिसन होटलको र्‍याड क्यासिनोमा ग्यालेक्सी मोडलिङ एजेन्सीका एक दर्जन मोडलले नयाँ वर्षलाई स्वागत गरेका थिए भने एक हप्तादेखि तातेको हयात रिजेन्सीको रक्स बारमा पनि नयाँ वर्षको धुम मनाउन आउनेहरूको भीड थामिनसक्नु थियो। लगातार एक हप्तादेखि रक्स आउने युवायुवतीलाई नयाँ जोस थपिरहेका डिजे राजुले पनि नयाँ वर्षलाई जमेरै स्वागत गरिरहेका थिए।

राजधानीका होटलदेखि क्यासिनोहरूले समेत नयाँ वर्षको उपलक्ष्यमा विशेष प्याकेज समेत व्यवस्था गरेका थिए। यसले पनि नयाँ वर्ष मनाउनेहरूको उपस्थिति बढेको थियो।

उता नेपाली हिपहप र्‍यापलाई मन पराउने युवाहरूका लागि भने गन्तव्यस्थल लाजिम्पाटको लिक्विड लाउन्ज उचित गन्तव्य बनेको थियो। विगतका वर्षहरूभन्दा विदेशीहरूको बाक्लो उपस्थिति रहेको ठमेलको नयाँ वर्ष पनि हेर्न लायक नै थियो। ठमेलमा रहेका विदेशीलाई आकर्षित गर्न खोलिएका रेस्टुरेन्टमा नेपाली युवायुवती लठ्ठिएका थिए।

■ ज्योति देवकोटा/काठमाडौं






तस्वीरहरू : तेज बस्नेत



तेज बस्नेत

यसरी अनुहार नै छपक्क ढाक्ने गरी सुन लगाउने चलन अहिले बिस्तारै पातलिँदै गएको छ

# सुन, सुन्दरता र सम्पन्नता

■ **ईश्वर रौनियार/काठमाडौं**

**पुस्तान्तरसँगै** सुनको आकर्षण घट्दो देखिएको छ। तिलहरी, सौभाग्य, नौगेडी, शिरबन्दी, शिरफूल, फुली, कल्ली, बाला, नत्थी, मुन्द्री, ढुंग्री, माडवाडी, चेप्टो सुन जस्ता गहनाहरू पर्वमा सीमित भइसक्यो। गहनाहरूको बनोट पातलिएको छ।

एउटा शिरबन्दी मात्र चार तोला बढीको हुन्थ्यो। कानमा ६ वटासम्म प्वाल हुन्थे। तीजको लागि महिला सजिए भने उनको जीउमा सरदर १५ तोला सुन हुन्थ्यो। दाँतमा समेत सुन लाउँथे महिलाहरू। भनिन्छ, राणाहरूले त जुत्तामा समेत सुनको धागाको बुट्टा लगाउँथे। तर, अहिलेको पुस्तालाई सुन मन पर्न छोडेको छ। दस वर्ष अघिसम्म १६ हजार किलो हाराहारीको वार्षिक सुनको बिक्री अहिले ५ हजार किलोको वरिपरि आइपुग्नुले यसै कुराको संकेत गरिरहेको छ।

केही वर्ष अघिसम्म पनि सम्पन्नताको मापन सुनले गरिन्थ्यो। काठमाडौंका शंखधर साख्वा राष्ट्रिय विभूति भएको कथा पनि सुनसँगै जोडिएको छ। उनले तान्त्रिक विधिले बालुवालाई सुन बनाएर त्यसैलाई बेची काठमाडौंवासीलाई ऋणबाट उकासेका थिए रे। त्यसै दिनदेखि नेपाल संवत् सुरु भएको घोषणा गरिएको मानिन्छ। त्यसैको पुरस्कार स्वरुप उनलाई राष्ट्रिय विभूति घोषणा गरिएको हो।

महिलाका लागि सुन सम्पन्नता र सुन्दरता दुवैको प्रतीक थियो। तीजको नाचगान र भोजभतेरमा त अझै पनि सुन महिलाहरूका लागि महत्त्वपूर्ण शृङ्गार हो। चाहे सुनको जलप मात्र प्रयोग भएको गहना किन न होस्, महिलाहरू झकिझकाउ देखिन मन पराउँछन्।

सुनको गहना लगाएर हिँड्दा स्वतन्त्र रुपमा हिँडडुल गर्न नपाएको मदन भण्डारी कलेजकी मनिता पौडेलको अनुभव छ। बढ्दै गएको असुरक्षातर्फको लक्षित छ, उनको भनाइ। उनको भनाइमा दुर्गादेवी श्रेष्ठ पनि सही थप्छिन्। उनी भन्छिन्, 'दिनहुँ हुने लुटपाटका डरले भएका गहना पनि लगाउन डर लाग्छ। तीजकै बेला पनि पहिलाको जस्तो गहना लगाउन छोडेकी छु।'

कान्तिपुर टेलिभिजन समाचारवाचिका सिम्रिका शर्माले सुनको गहना लगाउन मन नपराउने थप कारण हो, मौसमसँगै बदलिरहने फेसन। उनी भन्छिन्, 'हामीले फेसनलाई फछ्याउनु पर्ने हुन्छ। गहनाको डिजाइन दिनहुँ फेरिन्छ। यस्तोमा सुनको गहना लगाउनु क्षमताबाहिरको कुरा हो।'

अकाशिँदो सुनको भाउले (सरदर १६-१८ हजार रुपैयाँ तोला) पनि सुनप्रति मानवीय आकर्षण घटेको हुन सक्छ। तर, मुख्य कुराचाहिँ समाजको बदलिँदो स्वभाव र धारणा नै हो, सुनप्रतिको विकर्षणको कारण। पहिला आवश्यकता सीमित थिए। गहनाको रुपमा होस वा ढिक्का सुन कमाइको धेरैजसो अंश सुनमा खर्च गरिन्थ्यो। तर अहिले समयसँगै आवश्यकता पनि बढेका छन् र सम्पन्नताको मापक पनि परिवर्तन भएको छ। मानिसको आकर्षण भौतिक सुख सुविधा दिने वस्तुतर्फ बढेको छ। अत्याधुनिक घर, गाडी, मोबाइल, रेफ्रिजेरेटर, वासिङ मेसिन धेरै थोक छ किन्नु पर्ने। यति बेला सुनको सिक्रीभन्दा महँगो मोबाइल सेटले मानिसलाई सम्पन्न देखाउन थालेको छ।

मदन भण्डारी कलेजका प्राध्यापक निर्मलमणि अधिकारी सुन तीन कारणका लागि प्रयोग हुने गरेको बताउँछन्, पहिरन, बचत र आपतविपत। शृङ्गारका लागि पहिरन बन्ने सुन आपतविपत पर्दा सहज रुपमा बिक्री हुन सक्ने अधिकारीको मान्याता छ। यति बेला समाजको बदलिएको स्वरुपले यी तीनवटै आवश्यकता अरू नै माध्यमबाट परिपूर्ति सजिलो गरी हुन्छ, त्यसैले सुनप्रतिको आकर्षण घटेको उनको भनाइ छ।

नयाँ पुस्ताका युवतीहरू सुनको गहनाभन्दा बदलिरहने विभिन्न फेसनका अन्य माध्यमप्रति आकर्षित भएको ठम्याउँछन्, समाजशास्त्री रामकुमार पाण्डे। युवतीहरूलाई लाउनका लागि सुन मात्र छैन, यति बेला, महँगा पोसाक, मेकअपका समान पनि छन् लाउनु पर्ने। त्यसैले सुनमा उनीहरूले खर्च गर्न सकेका छैनन्।

सुनको गहना लगाइहाल्दा पनि कम वजनको सिक्री, औंठी, टप जस्ता गहनाहरू लगाउन मन पराउने गरेको भनाइ छ, सुन व्यवसायी संघका अध्यक्ष तेजरत्न शाक्यको। त्योभन्दा पनि महत्त्वपूर्ण कुरा के हो भने नयाँ पुस्ताको ठूलो जमात गहनाभन्दा अध्ययनतिर आकर्षित भएको छ। गहनाभन्दा महँगा विद्यालय र क्याम्पसहरूको नयाँ पुस्ताले खर्च गरिरहेको तथ्यांक बताउँछन्, समाजशास्त्री पाण्डे। ■

# राहत दौडाहा

**नेपालगन्जमा अचानक** फैलिएको दंगा नियन्त्रणका लागि कहिले प्रहरी त, कहिले प्रशासन अनि कहिले नागरिक समाजका अगुवा गुहार्दै हिँडेका नेपालगन्ज उद्योग व्यापार संघका अध्यक्ष दामोदर आचार्यको यतिखेरको दौदधुप देख्दा उनको कामप्रतिको लगनशीलता सहजै बुझ्न सकिन्छ। नेपालगन्जमा दंगा फैलिएदेखि नै रोकथाम र नियन्त्रणका लागि सडकमा निस्केका आचार्य यतिबेला आगजनी र लुटपाट पीडितहरूलाई कसरी राहत र क्षतिपूर्ति दिन सकिन्छ भनेर कम्मर कसेर लागेका छन्।

नेपालगन्ज घटनापछि सरकारले अनुसन्धान, कारण र क्षतिपूर्तिका लागि छानबिन समिति गठन गरे पनि आचार्यको नेतृत्वमा व्यापार संघले तत्काल घटनामा पीडित भएकाहरूको लागत तयार गरी स्थानीय प्रशासनलाई बुझाएको छ। घटनापछि सरकारले गठन गरेको टोली नेपालगन्ज आई नपुगेको अवस्था र स्थानीय प्रशासन राहत र क्षतिपूर्तिको लागि सक्रिय रुपमा पहल नगरेको बेला व्यापार संघले तत्काल थालेको राहत संकलन कार्यले पनि पीडितहरूलाई राहत महसुस गराएको थियो।

'सरकारले व्यापार संघमार्फत राहत दिने होइन, तैपनि हामीले आफ्नो दायित्व पूरा गरेका छौं', आचार्य भन्छन्। व्यापार संघले प्रारम्भिक चरणको क्षतिपूर्तिको विवरण संकलन गर्ने काम सके पनि सरकारीस्तरबाट भने अहिलेसम्म थालिएको छैन। 'सरकारी बेवास्ताका कारण भड्किएको दंगाबाट पीडित भएकाहरूलाई राहत र क्षतिपूर्ति दिनेतर्फ सक्रिय नहुनु अर्को सरकारी कमजोरी हो', आचार्य गुनासो गर्छन्। नेपालगन्ज व्यापार संघको विवरणअनुसार नेपालगन्ज घटनामा करिब २ सय पसल, होटेल र घरमा आगजनी र लुटपाट हुनुको साथै झन्डै १५ करोड मूल्यबराबरको क्षति भएको छ।

सरकारले तुरुन्तै पीडितहरूलाई राहत दिने जनाए पनि अहिलेसम्म



रुद्र खड्का

सरकारका मन्त्रीहरूको भनाइ पूरा हुन सकेको छैन। आचार्यका अनुसार दंगामा आगजनी र लुटपाट गरिएका पसल र होटेलका मालिकहरू जलाइएका व्यवसायबाट गुजारा गर्दै आइरहेका थिए। 'उनीहरूलाई राहत र क्षतिपूर्ति नदिए पीडितहरू सडकमा निस्केर माग्नुभन्दा अर्को विकल्प हुँदैन', आचार्य भन्छन्।

■ **रुद्र खड्का/नेपालगन्ज**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

## शून्य समय



युवराज घिमिरे

# सद्दामको फासीले बाउन्ने अमेरिका

**सद्दाम हुसेनले सत्ताको** आडमा इराकमा अनेक अपराध गरे । आफूलाई स्थापित गर्ने क्रममा उनले गरेका ती अपराधलाई अमेरिकाले झन्डै १९८० को दशकसम्म बेवास्ता गरेको मात्र हैन, अनुमोदन गरी नै रह्यो । सन् १९९० मा सद्दामद्वारा कुवेतको नियन्त्रण अमेरिकासँगको त्यो लामो सम्बन्धको अन्त मात्र हैन, अमेरिकी साम्राज्य र हितविरुद्ध सद्दामले नेतृत्व लिएको सन्देश थियो त्यो ।

सद्दाम हुसेनलाई पराजित, अपदस्त वा हत्या गर्ने तत्कालीन अमेरिकी राष्ट्रपति पिता बुसको सपनालाई उनकै पुत्र बुसले पूरा गरेका छन् । आम नरसंहार र रासायनिक अस्त्रभण्डार निर्माण गरेको अवधारणात्मक नीतिबाट आफ्नो सैन्य गठबन्धन नेटो परिचालित गरी इराकलाई नियन्त्रण लिन सफल भएको अमेरिका यसले आफ्नो सबैभन्दा ठूलो शत्रुका रुपमा चित्रण गरेको सद्दामको मृत्युपछि स्वभाविकरुपमा बढी शक्तिशाली देखिनु पर्ने थियो । सद्दाम हुसेनको पूर्वको आपराधिक पृष्ठभूमिले अमेरिकालाई एउटा नैतिक शक्तिका रुपमा स्थापित गर्न झन् बल पुर्‍याउनु स्वभाविक लाग्नु पर्थ्यो तर, त्यसो भएन र हुँदैन पनि । अन्तर्राष्ट्रिय जगत्ले यो घटनाको निन्दा गरेको छ र बाध्यात्मकरुपमा अमेरिकालाई समर्थन जनाउनेहरूले कमजोर र उदासीन नैतिक धरातलबाट त्यसो गरेका छन् । झन्डै सद्दामको मुद्दा सुनुवाइ गर्ने र अपिल सुन्ने अदालत जस्तै पूर्ण राजनीतिक र कार्यकारिणी हस्तक्षेपको संयन्त्रका रुपमा स्थापित कृष्णजंग रायमाझीको प्रतिवेदनका आधारमा 'दोषी'हरूलाई सजाय माग गर्दै आएका नेपालका 'नागरिक समाज' र मानवअधिकार व्यवसायीहरूले समेत सद्दामलाई न्यायको घेरामा ल्याउने अमेरिकी शैलीलाई निन्दा गरे ।

विश्वको सबैभन्दा ठूलो प्रजातन्त्रका रुपमा आफूलाई प्रस्तुत गर्दै आएको अमेरिकाले पारदर्शी न्यायप्रणालीको अवधारणा लत्याउनु र इस्लामिक विश्वलाई विभाजित गर्न मुसलमानहरूको पवित्र चाड वकरइदको पूर्वसन्ध्यामा सद्दामलाई झुन्ड्याउनुले उसको मानवताविरोधी चरित्र विश्वसमक्ष उजागर गरेको छ ।

अमेरिकाभित्रै यसलाई बुस परिवारको आर्थिक कारोवार र 'आयल लबी'सँगको साँठगाँठको परिणतिका रुपमा हेरिएको छ । त्यस्तै आफ्नो शासनको अन्तिम चरणमा सद्दामले तेल व्यापार अमेरिकी डलरको साटो युरोमा गर्ने तयारीले पनि अमेरिकाको आक्रोश थपिएको देखिन्छ । अपारदर्शी न्यायप्रणाली, मुद्दा चलिरहँदा प्रमुख न्यायाधीशको बदली र सद्दामका ३-३ वकिलको हत्याले पनि सम्पूर्ण प्रक्रियामा बदलाको नियत र सद्दामलाई समाप्त पार्न अमेरिकी हतार देखाउँछ ।

अमेरिकामा दुई महिनाअघि मुख्यतया बुसको इराक नीतिविरुद्धको आक्रोश स्वरुप प्रतिनिधिसभा (हाउस अफ रेप्रेजेन्टेटिभ) र सेनेटमा बुसको रिपब्लिक पार्टीले आफ्नो लामो समयदेखिको बहुमत गुमाउन पुगेको हो । तर, इराक प्रकरणमा सद्दामविरुद्धको अमेरिकी अभियानमा उसले अन्य शक्तिशाली मुलुकहरूलाई पनि सामेल गर्न सफल भएकाले बुस तत्काल नएक्लिए पनि, सद्दाम हुसेनको मृत्युदण्डपछि त्यो परिस्थिति यथावत् रहनेछैन । अमेरिका र अमेरिकी जनता तथा उसका हितहरू अब सर्वत्र निसाना बन्न सक्ने परिस्थिति उत्पन्न भएको छ । सद्दामलाई फासी दिनुअघि वासिङटनले विश्वभरिका आफ्ना नियोग र नागरिकहरूलाई जारी गरेको चेतावनी त्यसको प्रमाण हो ।

सद्दामलाई हतारमा फासी दिने निर्णयलाई कयौं विशेषज्ञहरूले केही समयअघिसम्म बुसले 'एक्सिस अफ इभिल'का रुपमा चित्रित गर्दै आएका तीनमध्ये एक मुलुक इरानलाई आफ्नो पक्षमा मिलाउने संकेतका रुपमा पनि लिएका छन् । यो समीकरणलाई अन्तर्राष्ट्रिय जगत्ले निश्चय पनि अमेरिकाको प्रजातन्त्र मोहका रुपमा लिएको छैन ।

अझ खतरनाक कुरा, 'क्ल्यास अफ सिभिलाइजेसन' (सभ्यताबीचको द्वन्द्व)को सिद्धान्त प्रतिपादन गर्ने वा भोलिको विश्वमा हुने द्वन्द्वको मुख्य कारण धार्मिक आस्था हुन्छ भन्ने मान्यता राख्नेहरूका लागि सद्दाम फासी प्रकरण एउटा महत्त्वपूर्ण विन्दु हुन सक्छ । निश्चय पनि बुसले इराकमा जे जति गरे र अन्तमा सद्दामलाई फासी दिने विन्दुमा पुगे, त्यसलाई इसाई धर्मको मान्यताका रुपमा लिन सकिँदैन । तर, एउटा इस्लामिक राष्ट्रलाई अमेरिकाले ध्वस्त तुल्याएको र एउटा सुन्नी नेतालाई अपमानजनक तथा न्यायको आवरण ओढाएर गैरन्यायिक हत्या अमेरिकाले गरेको निश्चय नै उग्रपन्थी मान्यता मौलाउने मात्र हैन, त्यो मान्यतालाई प्रभावकारी बदलाका रुपमा कार्यान्वयन गर्ने गतिविधि बढ्ने सम्भावना पनि त्यत्तिकै प्रबल देखिन्छ । स्वभाविकरुपमा त्यसको पहिलो निसाना अमेरिका हुने भए पनि कट्टर इस्लामपन्थीको आक्रोश विश्वका शक्तिशाली तथा प्रजातान्त्रिक मुलुकहरूविरुद्ध पनि निर्देशित हुन सक्छ - ती मुलुकहरू अन्यायप्रति नतमस्तक भएको आरोपका साथ ।

हुन सक्छ अमेरिका, उसका सहयोगी मुलुकहरू तथा अन्य प्रजातान्त्रिक मुलुकहरू आतंकवादको सञ्जालको सक्रियताबारे सतर्क छन् र निकै हदसम्म सम्भावित त्यस्ता गतिविधिहरूलाई निरुत्साहित र पराजित गर्ने क्षमता पनि राख्दछन् । तर, अमेरिकाले आफ्नो महत्त्वाकांक्षी नीतिको कारण विश्वकै सुरक्षामा खतरा उत्पन्न गराएको आरोप उसले भोगिरहनु पर्नेछ । र, त्यो नै आउँदा केही वर्षमा अमेरिकाको नियति र परिचय बन्न सक्छ । प्रजातन्त्रका नाममा अपारदर्शी र गैरन्यायिक चरित्र प्रदर्शित गरेको आरोपप्रति अमेरिकाले र खासगरी रिपब्लिक पार्टीले आउँदा केही वर्षसम्म सफाइ दिई नै रहनुपर्नेछ । अनि अमेरिकाको अविवेकी नीतिका कारण अपराधी अतीत चोखिए जसरी मृत सद्दाम हुसेनले अमेरिकाको प्रजातन्त्रप्रतिको घोषित प्रतिबद्धतालाई जिस्काइरहनेछ । ■

> सद्दाम हुसेनलाई पराजित, अपदस्त वा हत्या गर्ने तत्कालीन अमेरिकी राष्ट्रपति पिता बुसको सपनालाई उनकै पुत्र बुसले पूरा गरेका छन् । आम नरसंहार र रासायनिक अस्त्रभण्डार निर्माण गरेको अवधारणात्मक नीतिबाट आफ्नो सैन्य गठबन्धन नेटो परिचालित गरी इराकलाई नियन्त्रण लिन सफल भएको अमेरिका यसले आफ्नो सबैभन्दा ठूलो शत्रुका रुपमा चित्रण गरेको सद्दामको मृत्युपछि स्वभाविकरुपमा बढी शक्तिशाली देखिनु पर्ने थियो । सद्दाम हुसेनको पूर्वको आपराधिक पृष्ठभूमिले अमेरिकालाई एउटा नैतिक शक्तिका रुपमा स्थापित गर्न झन् बल पुर्‍याउनु स्वभाविक लाग्नु पर्थ्यो उनको अवसानपछि ।